मनास्लु ८,१८६ मि.


लिगलिग कोट


लिगलिग कोट डाँडा


लिगलिग कोट गेट

आवर्तन


गोरखा तल्लो दरबार



हरि सांस्कृतिक केन्द्र भवन

हरि सांस्कृतिक केन्द्र, गोरखा

२०४६




लिगलिग कोटको गढी




लिगलिग कोटको दरबार




प्रा.डा. वासुदेव त्रिपाठी मन्तव्य दिंदै



वनभोज, विश्राम स्थल



केदारनाथ खनाल भनाइ राख्दै



रमेशचन्द्र देवकोटा



तुलसीमान श्रेष्ठ



रामचन्द्र आचार्य



नारायणप्रसाद पोखरेल पुरस्कार ग्रहण गर्दै



प्रा. डा. नारायणप्रसाद खनाल

हरि सांस्कृतिक केन्द्र, गोरखा को
मुखपत्र
आवर्तन

वर्ष ३ | नव वर्ष २०७२ | पाइलो दुई

संरक्षक :
श्री राजेश्वर देवकोटा

विशिष्ठ सल्लाहकार :
प्रा.डा. वासुदेव त्रिपाठी

सल्लाहकार :
अध्यक्ष श्री मोहननारायण श्रेष्ठ

प्रधान सम्पादक :
श्री केदारनाथ खनाल

सम्पादकहरु :
श्री रूद्रनाथ पोखरेल
श्री सुनील अर्याल
श्री नेत्रमणि आचार्य

व्यवस्थापकहरु :
श्री दिलीप देवकोटा
श्री ईश्वरचन्द्र देवकोटा
श्री सलिल देवकोटा
श्री पवनरमण खनाल
श्री विष्णुप्रसाद पोखरेल

मुद्रक :
क्वालिटी प्रेस
भरतपुर-१०, चितवन
फोन : ०५६-५२६७०१

प्रकाशक :
हरि सांस्कृतिक केन्द्र, गोरखा
शक्तिमार्ग, पृथ्वीनारायण नगरपालिका
सम्पर्क: ०१-४४१३५२१, ९८४५०४५९२८, ९८४६०४२७२८, ९८४६०८९०३३, ९८४६०४०२२८

यस भित्र :.....

चिरवन्दित गोरखा
गोविन्दराज विनोदी/३
राजेश्वर देवकोटाको 'वसन्त काव्य' ...
प्रा.डा. नारायणप्रसाद खनाल/४
गजल कपिल अज्ञात/१५
अस्ताउने भो रवि
नारायणप्रसाद पोखरेल/१६
लिग्लिगे दौड र हरि सांस्कृतिक केन्द्र
केदारनाथ खनाल/१७
आफू सम्मानित भएको अनुभूति
डा. प्रभा कैनी/२५
हरि सांस्कृतिक केन्द्र एक परिचय
सुनील अर्याल/२८
देवघाट-मेरो दृष्टिमा
चन्द्रवदना घिमिरे/३३
जीवनी वृत्तमा पूर्णप्रसाद ब्राह्मण
रुद्रनाथ पोखरेल/३४
लन्डनका तरङ्गहरू
विकलचन्द्र आचार्य/४१
झ्याउरे गीतको परिचय
तुलसीमान श्रेष्ठ/४५
बुकी, वनमाला र बारपाकी उकालो
सुरेन्द्र देवकोटा/५१
सामाजिक रूपान्तरणमा युवा विद्यार्थीको...
सविना भुजेल/५६
सामाजिक रूपान्तरणमा युवा विद्यार्थीको...
करिश्मा ढकाल/६४

प्रकाशकीय / सम्पादकीय

- साहित्य शब्द र अर्थको योग हो र उदात्त भावनाको संयोग । साहित्यमा जीवन र जगतमा प्राप्त विभिन्न अनुभूतिहरू अभिव्यक्त हुन्छन् । त्यसैले साहित्य एउटा लोक हो-आलोक हो, जसमा विभिन्न वाद, सिद्धान्त, कला, संस्कृति, प्रकृति र समयका रङ्गहरू प्रभासित हुन्छन् ।
- साहित्य, सङ्गीत र कलाको विकास गर्ने उद्देश्यसाथ २०४६ सालमा स्थापना भएको 'हरि सांस्कृतिक केन्द्र' रजत वर्ष मनाउने उमेरको भएछ । पच्चीस वर्षको लक्का जवानमा परिपक्वता आउनुपर्ने हो- शारीरिक, मानसिक, सांवेगिक, व्यवहारिक आदि सबै पक्षमा स्थूलरूपमा झट्ट हेर्दा कुपोषणले जिन्निएको ख्याउटे जस्तो देखिएला । यसका धेरै कारणहरूमध्ये प्रमुख चाहिं हामी नै हौं, पौष्टिक खुराकरूपी साहित्यिक गतिविधिलाई निरन्तरता र समय दिन नसक्ने तथापि संस्थाको मूल स्वस्थ छ र चुरो दह्रो छ ।
- गोरखाली साहित्यकारहरू शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, विनोदप्रसाद धिताल, विष्णुप्रसाद धिताल, पूर्णप्रसाद ब्राह्मण आदि विशिष्ट साधकहरूको गौरवमय लामो शृङ्खलामा जोडिन आउने गरिमामय नाम हो श्री राजेश्वर देवकोटा । वैचारिक चिन्तक, राजनीतिज्ञ, विश्लेषक र विशिष्ट साहित्यकार श्री राजेश्वर देवकोटाले आफूले प्राप्त गरेको मदन पुरस्कार र साझा पुरस्कार आदि रकमको कोष राखेर स्व. पिता पं. हरिदत्त देवकोटाको पुण्यस्मृतिमा स्थापना गर्नुभएको यस संस्थाबाट २०४८ सालदेखि नै गोरखालाई जन्मथलो वा कर्मथलो बनाएर साहित्यिक योगदान गर्ने स्रष्टाहरूलाई हरि उत्कृष्ट प्रतिभा पुरस्कार तथा हरि पुरस्कारद्वारा सम्मानित र पुरस्कृत गर्दै आएको छ ।
- मिति २०७१ फागुन २४ गते गोरखा सदरमुकाम स्थित केन्द्रको आफ्नै नवनिर्मित भवनको सभाहलमा प्रा.डा. वासुदेव त्रिपाठीको प्रमुख आतिथ्यमा श्री रमेशचन्द्र देवकोटाको "स्वाभिमान" महाकाव्य र श्री विकलचन्द्र आचार्यको "मोह" उपन्यास तथा श्री तुलसीमान श्रेष्ठको "नेपाली लोकगीत परिचय र विश्लेषण"का लागि सम्मानित एवम् पुरस्कृत गरिएको छ । सम्मानित प्रतिभाहरूलाई हाम्रो बधाई ।
- संस्थाको मुखपत्र **आवर्तन** प्रत्येक वर्ष प्रकाशन गर्ने सङ्कल्प गरिए पनि ३ वर्षको अन्तरालमा बल्ल-तल्ल दोस्रो पाइलो यहाँहरू समक्ष राख्ने जमर्को भएको छ । हामीलाई उदारतापूर्वक लेखरचना र शुभकामना उपलब्ध गराएर यो कलेबरमा (अङ्क २) प्रस्तुत गर्न सहयोग पुऱ्याउनु हुने सबैप्रति, विशेषतः प्रकाशनको आर्थिक व्ययभार वहन गर्नुहुने संस्थापक संरक्षकज्यूप्रति हृदयतः आभारी छौं ।
- समयहीन समयमा लेखरचना सङ्कलन, व्यवस्थापन गर्नुपर्दा हतपतको काम लतपत भएको छ । सम्पादन, प्रकाशनको क्रममा भएका कमी, कमजोरी र त्रुटिप्रति क्षमायाचना गर्दै नव वर्ष २०७२ सालले हामी सबैलाई सिर्जनशील, उत्साही र राष्ट्र राष्ट्रियताप्रति संवेदनशील भएर कर्तव्य निर्वाह गर्ने प्रेरणा प्रदान गरोस् भन्ने अपेक्षासाथ हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

❖❖❖

चिरवन्दित गोरखा

– *गोविन्दराज विनोदी*

गोरखा हृदयस्पन्द नेपाली मुटुभित्रको
गोरखा झल्किने कस्तो स्मृतिचित्र विचित्रको
कैले साक्ष्य बनिन् चेपे कैले लिग्लिग खास भो
कैले भो मधुरो छाया कैले दिव्य प्रकाश भो !

न्याय खोज्न भनी आए कति यै गोरखासित
थियो एकत्वको सूर्य यै धरामा प्रभासित
शौर्य वीरत्वको गाथा गोरखा ग्रन्थभित्र छ
गोरक्षनाथको धाम यो महान् छ, पवित्र छ !

बन्यो यै गोरखा-भाषा हाम्रो सम्पर्कको कडी
चिनियाँ विश्वमा हामी शिरमा गोरखा जडी
गोरखा-फौज दौडेर पुग्यो टिस्टा र काँगडा
हल्लन्थ्यो मुटु वैरीको गोरखाली हुँदा खडा

गोरखा शब्द हो सारा नेपालीभित्र गुन्जिने
गोरखा अर्थ हो सारा नेपालीभित्र फैलिने
गोरखा मन्त्र हो यस्तो पुर्खाले अभिमन्त्रित
जसका स्पर्शले हामी छौं सदा गौरवान्वित

यो हो अखण्डता- ज्वाला, यो हो विजयको हुरी
यो हो सद्भावको आभा, यो हो अक्षय माधुरी
जसको प्रेरणाबाट छ यो नेपाल सिञ्चित
छ हाम्रो प्रिय आत्मामा गोरखा चिरवन्दित !

गैंडाकोट

(रचना: २०७१/११/२४ गोरखा बजार)

❖❖❖

राजेश्वर देवकोटाको 'वसन्त काव्य' माथि विहङ्गावलोकन

– प्रा.डा. नारायणप्रसाद खनाल

१. पृष्ठभूमि

'वसन्त काव्य' बहुमुखी प्रतिभा सम्पन्न राजेश्वर देवकोटा (१९८६) को २०७१ मा प्रकाशित सम्भवतः आजसम्मको सबैभन्दा कान्छो काव्यकृति हो । यसमा राष्ट्रकवि माधव घिमिरेको एक पद्यात्मक शुभकामना र ठाकुर शर्मा भण्डारीको पन्ध्र पद्यात्मक 'वसन्त काव्यको दृष्टि' तथा स्वयं काव्यकार देवकोटाको एक तृतीयांश पृष्ठको 'वसन्त काव्य' शीर्षकमा गद्यात्मक आत्मकथन सम्बन्धी अभिव्यक्ति एवं लेखककै एघार पद्यात्मक आमुख पनि रहेको छ । यिनमा रहेका शब्दवाक्यले कतै कवित्व र कतै काव्यत्व तथा कतै आत्माभिव्यक्ति प्रकट गरेका छन् र काव्यको मोटामोटी बाह्य आकृति तयार भएको छ । वसन्त ऋतुको पुष्पलताको हँसिलो मुहार अङ्कित आवरणको अग्रभाग र स्रष्टाको चित्राङ्कित पश्चभाग सहित १४+३६+४ = ५४ पृष्ठ ओगटेको यस काव्यको प्रकाशक हिमालय बुक स्टल, डिल्लीबजार, काठमाडौँ रहेको छ भने जम्मा ७०।- रूपिया मूल्याङ्कित गरिएको छ र आइ.एस.बि.एन.को लोगो अङ्कित यो पुस्तक डिमाई आकारमा सजिएको छ । गाताको अगाडि पछाडि दुवैतिर कृति र कृतिकारको नाम अङ्कित छ भने आवरणका कलाकार जयदेव कोइराला रहेका छन् । कसैलाई कृतज्ञता ज्ञापन नगरिएको यो कृति नेपाली कविता काव्य साहित्यका एक कुशल साहित्य स्रष्टाका सुदीर्घ चिन्तनको सुखद परिणाम हो भन्न सकिन्छ । स्रष्टा देवकोटाले 'वसन्त काव्य' कहिल्यै नटुङ्गिने सृजना हो भन्ने दार्शनिक अभिव्यक्ति दिएका छन् । कतै यिनको केही वर्ष अघि प्रकाशित 'विनोद काव्य' जो लेखनाथ पौड्यालका 'बुद्धिविनोद' काव्यको उत्तर थियो- यसैले त यस 'वसन्त काव्य' लेखनका लागि घच्घच्याएको होइन ? अथवा स्रष्टाको यो फुर्सदका क्षणको स्वान्तःसुख नै हो । जे भए पनि जम्मा उन्नाइस सर्गमा विभक्त 'वसन्त काव्य' मा सबैभन्दा छोटो सर्ग साढे दुई पद्य र सबैभन्दा लामो सर्ग २७ पद्यमा विस्तारित छ ।

१.१ प्रथम सर्ग : मङ्गलाचरण

साढे पाँच पद्यको यो प्रथम सर्ग मङ्गलाचरणपरक रहेको छ । यसमा गुरुपरम्पराप्राप्त माङ्गलिक शब्द, अर्थ र भावको प्रयोग भएको छ । विदा भए पनि पुनः फर्किआउने आदर्श ऋतु शिशिरले प्रदूषण वा अज्ञानता बढारोस् भन्ने अभिलाषा सहित वागीश्वरी सदृश अनेक नाम रूप भएका वसन्त ऋतु वा ऋतुराजको लज्जावती बधूतुल्य आगमन वा वासन्ती छटालाई अपर्ण गौरी र शङ्कर भगवान्को स्मरण गरिएको छ र यस मङ्गलाचरणलाई एकातिर शिशिरको विदाइ र ऋतुराज वसन्तको स्वागत गरेर वस्तुनिर्देशनात्मक मङ्गलाचरण गरिएको छ भने अर्कोतिर वागीश्वरी, अपर्णा, गौरी, शङ्कर आदिको नाम सङ्कीर्तनद्वारा भगवद्विषयक रतिभाव प्रकट गरिएको आशीर्वादात्मक मङ्गलाचरण पनि गरिएको छ । काव्यको उठान गर्दै 'भाका वसन्त ऋतुमा कसको फिरेन' भनेर वसन्त ऋतुप्रति आकृष्ट भई कविता नलेख्ने कवि नै नरहेको भन्दै आफू पनि यसै कारणले प्रस्तुत काव्य रचनामा अग्रसर रहेको भनेर काव्य रचनाको हेतु पनि खुलाउन खोजिएको छ ।

१.२ द्वितीय सर्ग: उद्बोधन

उद्बोधन शीर्षक रहेको द्वितीय सर्गमा चार पद्य मात्र छन् । पहिलो पद्यले वसन्त ऋतु जन्माउने शिशिरको तपस्याको अपमान भएको भन्दै वसन्तको व्यापकता देखाइएको छ । तरुणावतार लिएर आएको करुणावतार वसन्त कहिल्यै बुढो नहुने जनाउँदै वसन्तलाई वाणी दिने काम गर्न कविवर्गलाई आग्रह गरिएको छ । देश निर्माता पुर्खाको शूरता वीरता स्मरण गर्दै प्रकृतिजगत्का वास्तविकतालाई साथी ठान्दै फुलेका फूलझैं हरेक व्यक्ति जागरूक हुनुपर्ने जनाएको छ –

'फुल्छन् जगाउन जगत् जगतै पुरिन्छन् ।'

१.३ तृतीय सर्ग: उत्सर्ग

उत्सर्ग शीर्षक रहेको तृतीय सर्ग साढे चार पद्यमा रहेको छ । ऋतुराज होस् कि मेघराज होस्, यी दुबै उत्सर्ग वा त्यागका प्रतिबिम्ब हुन् । यिनले नेपाली युवकलाई सम्मानपूर्वक बाँच्नुपर्छ भनेका छन् । एकातिर देश ऋणमा डुबेको छ भने अर्कातिर सधैं युद्धकै आह्वान गर्ने वर्ग तयार छ । विजय त्यही हुन्छ जसको मत बढी छ । निःस्वार्थ भावले सक्रिय व्यक्ति छान्दा विजयी हुन्छ जस्तो वसन्त ऋतु ! आफ्ना सबै योगदान यहीं छोडेर ऊ सुटुक्क जान्छ तर यो कसैले जा

भनेर जाने नजा भनेर नजाने होइन । जसरी मान्छेले राम्रा काम गरेको छ भने पृथ्वीमा ऊ नरहे पनि उसका सद्गुण रहिरहन्छन् र बाँच्नेले गुणगान गर्दछन् । त्यसैले त्यागको महत्त्व छ भन्ने देखाइएको छ–

'बस्नेहरू गुण बखान गरी रहन्छन् ।'

१.४ चतुर्थ सर्ग: उत्प्रेरणा

उत्प्रेरणा शीर्षक रहेको चतुर्थ सर्ग यस काव्यको सबभन्दा छोटो सर्ग हो जम्मा अढाई पद्यको । सुकोमल भएर पनि वसन्तका तरू–पल्लव शक्तिशाली छन् भन्दै वसन्तलाई प्रकृतिको सर्वोच्च कृति निर्धारण गरिएको छ र यसको बखान थर्ने अनेक कवि आए, भोकै मरे यी तरुदलमा व्यक्त वसन्त कहिल्यै रित्तिने सवाल हुँदैन भनिएको छ–

"रित्तिन्छ के र यस अन्त विहीनतामा
जान्दैन हे तरुण हो ! तरु झुक्न दब्न ।"

१.५ पञ्चम सर्ग: जनमञ्च

'जनमञ्च' शीर्षक दिइएको पञ्चम सर्गले तीन चरणको एक समेत साढे पाँच पद्यमा विस्तार पाएको छ । यसलाई व्यङ्ग्यको पुट दिइको छ र सुरा खाएर बुद्धि भ्रष्ट बनाउने चतुर, बुद्ध भए पनि बुद्धत्वको नजिक रहने व्यक्ति सत्यको भजन गर्ने र विभाजन हुने ग्राह्य वस्तु हो भनिएको छ । नाटकमा नट–विदूषक र खलनायकले मनोरञ्जन गराउँछन् । सूत्रधारले नाटक देखाइरहन्छन् तर तालमेल नमिल्दा सूत्रधार पनि अल्मलिएको कुरा दर्साइएको छ–

'व्यङ्ग्यावतार बन उन्नत पञ्चतन्त्र, हेर्दै नहेर धरणीतिर उफ्रि नाच ।'

१.६ षष्ठ : सर्ग

संसर्ग शीर्षकमा आबद्ध षष्ठ सर्ग पाँच पद्यको आयाममा रहेको छ । संसर्ग अर्थात् सङ्गतिको सिद्धि प्रस्तुत गरिएको यस संसर्गमा गहतको झोलमा जात फाल्नेहरूलाई मूर्ख ठानिएको छ । आफू सम्मानित हुन स्वाभिमान र धर्म थाम्नुपर्छ, देउता र दैत्यका एउटै महर्षि पिता हुन्, कोही संसर्गले प्रगतिशील भए होला तर उसले आफ्नो जात फालेर पछुताएको हुनुपर्दछ भन्ने अनुमान गरिएको छ । पुराण रटेर न यता न उताको भएकाहरू पुरानै कुरा दोहोऱ्याएर बाँचेका हुन्छन् र गन्तव्यको पनि सीमारेखा नहुने जनाउँदै आखिर संसर्गमा नै सकल समाजको भलो हुने देखाइएको छ ।

१.७ सप्तम सर्ग : निराशा

सात पद्यमा विस्तारित सप्तम सर्गको शीर्षक निराशा रहेको छ । नेपाल जननी सर्वसह प्रकृतिले बनेकी छन् । यो देश अन्धकारमय भइरहेको छ र त्यो पनि विना कारण, विना विचार । यसलाई घचघच्याएर ब्युँताउनु पर्छ । चराहरू निरीह छैनन् तर प्रकृतिको एक सुकृति मानव मात्र निराश छ । यसलाई पृथक् शक्तिका बलले घच्घच्याउनुपर्छ–

'अस्तित्व खोज उठ बीज त शेष होला ?' यदि देशका लागि युद्ध गर्नै नचाहेर बस्छौ भने युद्ध हुनु पूर्व मरिसकेछौ भन्ने ठान्नुपर्ने हुन्छ । यदि युद्ध गर्न जाग्ने हो भने धर्मयुद्ध हुन्छ र घनान्धकार हट्छ जर्जर भएर जान्छ भन्ने जस्ता कुरा यस सर्गमा देखाइएको छ ।

१.८ अष्टम सर्ग : आशा

सात पद्यमा विस्तारित यो सर्ग आशा शीर्षक लिएर आएको छ । कविले यहाँ प्रलय आउन बाँकी रहेको यो युग मानवको हुने घोषणा गरेका छन् । यहाँ मान्छेले चतुऱ्याइद्वारा सृष्टि, स्थिति प्रलय समदृष्टि राख्नुपर्नेमा मान्छेले सृष्टिकै विभाजन गर्न खोजेको गुनासो पोखेका छन् । चातुर्य छ भन्दैमा काव्यकला प्राप्त हुन सक्दैन भन्दै जबसम्म दैवी विधान बुझ्दैन तबसम्म कविता पनि बुझिन्न किनभने यो हृदय भएकाहरूले मात्र बुझ्दछन् । मानव वस्तुतः सृष्टिको सुन्दर रचना हो । तर अहिले ती मानव गोटी भएर बाँचेका छन् भन्दै युगधर्म बुझ्नेको अभाव देखाउँदै कुनै दिन त्यस्तो मानव पनि जन्मने कुरामा आशावादी रहेका छन् जो वसन्त ऋतु सरह मुलुकमा आनन्दमय शासन दिन सक्नेछ–

'शीतग्नि सन्तुलित शासन मान शान,
मान्छे वसन्तमय रात दिवा समान' ।

१.९ नवम सर्ग: काली

सबभन्दा लामो यो सर्ग 'काली' शीर्षकमा रहेको छ र यसको आयाम २७ श्लोकमा फैलिएको छ । शैल शिखर चढेर आफ्नो आत्महत्या आफैँ हेर्न सक्छु भन्ने कालीले बाघको गर्जनका सामु स्यालको हुइयाँ नटिक्ने, यौटा स्याल मरे बथान जति सबै आउने तर यौटा बाघ मरे सबै बथान आइलाग्ने भएकाले आँखा गुमाएका दुष्ट पापीहरूको कहीं कतै जाने ठाउँ हुँदैन भनिएको छ । जति रोके पनि जलप्रताप त्यसरी नै रोक्न सक्दैन जसरी प्रभातलाई कसैले रोक्न सक्दैन । यसैले मान्छेमा पनि जलप्रताप र प्रभातको प्रतिमूर्ति मिलेकाले उसको वाणी मधुर

हुनुपर्दछ । यहाँ प्रकृतिको भण्डार यति छिटो रित्तिने खालको छ । कुनै भालेले म बास्दिन भनेर कहाँ हुन्छ र ? उल्टै त्यो भोक बनेर बास्न थालिहाल्छ । आमाहरू जति भोका भए पनि शिशुले लाम्टो तान्न नछोड्ने, यो देश लुटी खानेहरूको हो भनी व्यङ्ग्य गनुपर्ने जरूरी छैन । यस्तै बाँच्नुलाई महान् ठान्नुपर्छ, किनकि किरा फट्याङ्ग्रा पनि मर्न चाहन्नन् बरू युद्ध गर्छन् बैरीसँग । निराश भएर बाँच्नु भन्दा निर्वस्त्र निर्लज्ज भएर बाँच्नु राम्रो हो । किनभने माग्ने र निराश भएर बाँच्नेहरूको अस्तित्वले कुनै मूल्य राख्दैन । माग्ने, भाग्ने र बसी बसी खान खोज्ने निमुखा हुन् । चर्को आवाज निकाल्न सक्नेहरू समग्रमा गणनायोग्य पनि हुन सक्छन् । यो जीवन जूवा हो भन्ने खाले र च्याँखेले जिते पनि, हारे पनि जुवा खेलाउने मालिकले दुवैलाई दङ्ग पारेर बट्टा निकाल्छ, छर्लङ्ग उज्यालो हुँदा पनि जितहार थाहा हुँदैन । खेतीपाती सबैले छाडे, नेताले स्वतन्त्रता दिलाउन सकेनन् र नेपाल यतिबेला अनिर्णयको किर्ते बन्दीमा फँसेको छ । वर्तमान जुवाडे समाजको सहज चित्रण कविले यसरी गरेका छन्–

‘लाटाहरू केवल हाँसिदिन्छन्
फच्या भईहाल्दछ लाजसाज
टाट्उल्टिए तीसित के छ तिर्ने
रहन्छ के जात र धर्म छाडे ।’

अवश्य हो, जन्मजात गुण र निज धर्म छाड्नेहरूको अरू केही पनि मानवीय पहिचानको विषय रहँदैन भन्ने कुरामा कविले जोड दिएका छन् । ऋण लिने र दिने दुबै बाठा हुन्छन् । तर कुन घिउ तरवार हो छुट्याउन गाह्रो छ । यो प्रश्न विवाहको सन्दर्भमा टुङ्गिन्छ । यता लगन टर्ला भन्ने डर छ, उता केटीको कुलगोत्र के हो भन्ने पत्तो छैन । कथम् केटी पाइएन भने पनि भोज अपरिहार्य छ । यसको टुङ्गो पत्रकारको लामो लेखले लगाउँछ । पत्रकार सञ्चारको महत्व रहेको अवस्थामा महान् बलशाली बनेर अनिकाल र महङ्गी आएको छ भन्दै कविले दुनिया विलाएर जान्छ तर कविता जस्ताको तस्तै रहन्छ भन्दै महङ्गीलाई बनावटी र फिरङ्गीको संज्ञा दिँदै यसलाई नङ्ग्याउनुपर्ने कुरामा विशेष जोड दिएका छन्–

‘भित्री इरादा कसको छ कस्तो
रङ्गी विरङ्गी अब नाङ्गिएलान् ।’

१.१० दशमसर्ग : खर दूषण

'खर दूषण' शीर्षक रहेको दशम सर्ग तीन चरणको एक सहित दश पद्यमा फैलिएको छ । यसमा युद्धमा बैरीलाई जित्न सफल भए पनि एउटा साथी बनाउन अप्ठेरो रहेको अवस्था दर्साइएको छ । किनकि वर्तमानमा न कोही सिद्ध छ न सिद्धान्तनिष्ठ मान्छे नै छ, जो छन् ती सबै व्यापारी हुन् र उनीहरू आफ्नो दुनो सोझ्याउनमा तल्लीन छन् भन्दै विषयको उठान गरिएको छ । मान्छेलाई अन्याय गर्ने बानी भइसकेको, विवेक सङ्गतियुक्त बन्न नसकेको, अशिक्षित भन्दा शिक्षितहरू भड्किन थालेको, बाटो छेकेर चुपीहाल्न तम्सिएको, कानुनले आदेश मान्ने र नसके जेल जाने भनेको, हावाले सुलभ रूपमा विशिष्ट भोजन खुवाए पनि मान्छे समाजवादी भएर प्रदूषित बनेको चर्चा गरेका छन् । किनभने उसले जनतालाई अराजक बनाएको छ र आफू दादागिरी गर्ने गरेको छ । खर दूषण जस्तै आफू साम्राज्यवादी बन्न खोजेको, द्यौता र दानव जस्तै नेतृत्व पङ्क्ति रहेको, सबै भष्मासुर बन्न खोजेकाले शिवशक्ति पनि ह्रास भएकाले पौराणिक कथा आज यथार्थ देखिएको तथा राक्षसको सङ्ख्या बढ्दै जाँदा पापीहरू निमुखा रहने र निष्पाप बलवान्ले नै युद्ध विजयी बन्ने कुरालाई रामरी अथ्र्याइएको छ– 'निष्पाप बन्छ बलवान् जब युद्ध होला ।'

१.११ एकादश सर्ग : मान्छे

जम्मा १३ पद्यमा विस्तृत 'मान्छे' शीर्षकको यो एकादश सर्ग मानवता विहीन मान्छे जस्तै धरती निरस रहेको र वास्तविक मान्छे भेटे उससँग कविहृदय खोल्ने प्रसङ्गबाट अगाडि बढेकोछ । वस्तुतः सरल हृदय भएको मानिस भेटिन छोडेको, उसको मनुजता झारपात जस्तै लागेको, आँखा र मन धमिलिएको, अहंवादीहरूमा मनुजता नै दुर्लभ भएको भनिएको छ । यहाँ मान्छेलाई कवि कुलका कलाकार बन्न र कर्ता, भोक्ता समेत बन्न आग्रह गर्दै वर्तमान मनुष्य परिचयहीन परिचय दिन विवश भएको देखाइएको छ । यस समय सबथोक बिक्रीमा छ । साथै बहुमत पनि बिक्रीमा छ, यसको क्रेता कोही आए त्यो अवश्य बिक्नेछ किनभने उसले त सर्वप्रथम विवेक नै किनिदिन्छ, विवेक बिके अर्को केही बिक्न बाँकी रहँदैन–

'विवेकै हो पैल्यै कतिपटक किन्ला र उसले'

यसरी मान्छे स्वयम् बिक्छन्, तिनको क्रेता पनि छन् । वस्तुतः ती मान्छे होइनन् । यथार्थमा मान्छेको अहम् बिक्ने कुरा नै होइन । यस्ता कुरा हुन

थालेको देखेर कविले प्रलय हुन थाल्यो कि भन्ने उत्प्रेक्षा पनि गरेका छन् । यहाँ ठग र ठगी अनि ठगिने कुरा पनि चर्चामा आएका छन्, जो नाटकीय रहेको उल्लेख भएको छ । जतिसुकै नाटक गरे पनि नरनारीका उदर जोडदार तालीले भरिन नसक्ने अभिप्राय राख्दै स्वयम् जात्राको विजात्रा हुन लागेको र लज्जा नै लज्जित हुनुपर्ने अवस्था सुन्दर ढङ्गमा चित्रित छ । वर्तमान जात्रा बेहिसापसित लाग्नुका साथै लाखेकै अस्तित्व सङ्कटमा परेको कलाकारले नै कलाकारको अवमूल्यन गरेको, अर्कोको देखासिकी गरेर आफ्नोपन त्यागी मृगतृष्णाका पछि लाग्दै मुकुण्डो भिर्दैमा बहुलवादी बन्न नसकिने सङ्केत गरिएको छ । आफ्नै कथा, कवितामा लेखेको जनाउँदै कविले जिजीविषा लिएर बस्ने युवक र वसन्त आफूलाई प्रिय रहेको उल्लेख गरेका छन् ।

१.१२ द्वादश सर्ग : प्रदूषण

'प्रदूषण' शीर्षक रहेको र आठ पद्यको विस्तार पाएको यस सर्गमा वायु प्रदूषणको कुराबाट विषयवस्तु उठान गरिएको छ । प्रदूषणको विधान बलियो भएको र जताततै उसकै साम्राज्य रहेको अनि विना प्रयास वर्ग विभेद नगरेको तथा सस्तो विकास गर्दा महङ्गो विनाश भएको कार्यको अभिप्राय रहेको छ । साझा वस्तुलाई निजी ठान्नु, धर्ती र आकाश एउटै हुँदा हुँदै वेमतलव राहदानी चाहिने परम्परालाई कुनै विवेकी र विचारवान् शासकले सच्याइदेला कि भन्ने उत्प्रेक्षा गरिएको छ । प्रदूषण सुधार्न सकिए पनि मान्छेको प्रदूषण सुधार्न गाह्रो हुने, बुद्धि प्रमादी हुँदा विवेक भासिएको, शोषण आदर्श बनेको र त्यही नै सभ्यतामा गनिन थालेको चर्चा गर्दै वर्तमान सभ्यता नै असभ्य हुँदै गएको देखाइएको छ । शरीरसँग आत्मा अभिन्न भए पनि भिन्न जस्तो भएर सत्यको उत्तर खोजेको तर त्यो पाउन मुस्किल भएको चर्चा गर्दै विना हृदयको मान्छे नहुने र मान्छे भएमा नै हृदय पनि हुने रहस्य खोल्दै आत्मा मास्यो भने महात्मा कहाँ बस्ला भन्ने सम्भावनार्थमा कुरा टुङ्ग्याइएको छ । प्रकृतिको यति सुन्दर धरतीमा रहेको प्रदूषण हटाई वसन्त ऋतुको महिमा गाउँदै यसैको समर्थन पनि गरेर बस्न अनुरोध गरिएको छ- 'मान्छे भएर नवपल्लव भोग्न जानौं ।'

१.१३ त्रयोदश सर्ग: बन्द पलायन

दुई दुई पद्यको एक अनुच्छेद- गुच्छ तयार गरिएको र यस्ता साढे आठ पद्य भएको यो सर्ग 'बन्द पलायन' शीर्षकमा रहेको छ । यसले नेपालमा अत्यन्त नराम्ररी जरा गाडेर बसेको बन्दको संस्कृतिमाथि व्यङ्ग्य प्रहार गरेको छ ।

जसले जतिसुकै बन्द गरे पनि यो विकृति हो, संस्कृति होइन । बन्द व्यापार ठप्प हुने मात्र होइन टायर बालेर हावा प्रदूषण गराउनु, गोरो मान्छे धुवाँले कालो भएर फर्कनु, गला सुक्नेगरी बजार बन्द गराउनु, सबै बन्द हुँदा पनि सञ्चार चाहिँ खुलै रहनु र बन्दकर्ताले यो खुल्लै रहोस् भन्ने चाहनु जस्ता नेपाल बन्दको प्रदूषणले जकडिएर जनता निराश भएको उल्लेख गरिएको छ । तर यस्ता समयमा पनि सृजनारत रहने कवि कलाकारको प्रशंसा नै गरिएको छ–

'जोद्धा कलाकार भएर बाँचे
उत्साहको जीवन काल टार्दछौ ।

१.१४ चतुर्दश सर्ग : २०६९ काल परिचय

पौने दश पद्यमा विस्तार पाएको '२०६९ काल परिचय' नामक शीर्षकको चतुर्दश सर्गमा आदर्शवादी कोही नदेखिने, कसैको पनि मन शुद्ध नरहने, जसले धन, मान, कीर्ति नचाहनेहरूको बिर्ता भएका कुराबाट विषय प्रारम्भ गरिएको छ । परिपूर्ण मान्छेले पनि आँखा नदेखेको, मान्छे मान्छेसँग टाढिँदै गएको, मान्छे सखाप हुँदा पनि द्वन्द्व सखाप नभएको, दु:साध्य आत्मा नै साक्षी नबसे लेख पनि निरर्थक हुने, अरूलाई ठग्ने पापीहरूलाई स्वयं पापले ठग्ने, चर्मचक्षुहरू विना पनि मान्छेको जीवन सम्भव हुने, यस्ता अन्ध अपाङ्गलाई बाटो दिनु मनुष्यता हुने कुरा उल्लेख गर्दै वसन्त दु:खी बनेर गएपछि पुन: शरदको प्रतीक्षामा अँध्यारा दिन भोग्दै रहेका कविको अभिव्यक्ति यस्तो रहेको छ–

'यस्तै अँध्यारा दिन भोग गर्दै
लेख्दै छु आफ्नो परिहास गर्दै ।'

१.१५ पञ्चदश सर्ग : जङ्गेको भूत

साढे छ पद्यको आयाम पाएको यस सर्गको शीर्षक 'जङ्गेको भूत' रहेको छ । जनतालाई पापी र आफूलाई पाप ठान्ने जङ्गेको भूत आफैँ शासक भएको घोषणा गर्छ । तरवार छाडेर सिद्धान्तमा चुक्नेहरूलाई जङ्गेको भूत अझै जीवित रहेको हुनाले ऊ अझै नमरेको र श्राद्ध नपाएकाले यो देश बेग्लै रूपमा परिणत भएको उल्लेख गर्दै अब मानवता बेच्नेले नै देश बेच्न सक्ने खालको रोग नेपालभित्र पसेको प्रस्तुत गरिएको छ भने उनै मान्छेले उनै मान्छेलाई किनबेच गर्ने गरेको विकराल परिस्थिति दर्शाइएको छ । यस्ता सत्य कुरा सञ्चारले भन्ने गरेको तर मानव हृदय भने ती पापीलाई सखाप पार्न स्वयं पाप भूतको रूप लिएर आएकाले काँडा निकाल्न काँडै चाहिन्छ भन्ने कुरा बुझ्छन् कि बुझ्दैन्, त्यो हेर्नुपर्ने

सृष्टाको आशय छ –

'पापी निमास्न भुतरूप म पाप आएँ
चाहिन्छ कण्टक निकाल्न त कण्टकी नै ।'

१.१६ षोडष सर्गः शरद्

वसन्त काव्यभित्र अनौठो लाग्ने 'शरद्' शीर्षक रहेको यो सर्ग १४ पद्यमा विस्तार गरिएको छ । शरद् ऋतु पनि सौन्दर्य बोकेरै आएको कविको दाबी छ । वसन्त भोगिसकेकालाई शरद् त्यति प्रिय लाग्दैन तापनि शरद् नभोगी कसैले पनि आफ्नो आयु बढाउन सक्दैन भन्ने तर्क राख्दै शरद् न तातो न चिसो ऋतु मानिएको छ । साहित्यकारहरूका लागि उपयोगी भएको यो ऋतु बाटो बिराएकाहरूका लागि सही बाटो दिलाउँछ भन्दै साहित्यिक संस्कार छोडेर क्रान्तिकारी हुन खोज्नेहरू आफैँ ठगिइरहेको बताइरहेका छन् । वस्तुतः उधारो क्रान्ति भनेको विना गुदीको खोल हो । क्रान्ति फास्टफुड जस्तै सदावहार हो तर यो हल्ला बढी हुने भएकोले वास्तविकता अर्कै रहेको दर्शाइएको छ । शरद् वर्षाभित्र लुक्नु पर्ने विवशता हो । अतः सबैको आनन्द समान रूपमा लिन सक्नु पर्दछ । किन्तु विद्रोहले क्रान्ति कदापि घटाउन सक्दैन भन्दै शरद् ऋतुलाई पार गरेर नै फेरि वसन्त ऋतु फर्कने यादमा कवि रमाएका छन्–

'आयो शरद् भोलि वसन्त फिर्छ
देखिन्छ तिम्रो मनकै स्वभाव ।'

१.१७ सप्तदश सर्गः वसन्त र कवि

साढे छ पद्यको आयाममा रहेको यो सर्ग 'वसन्त र कवि' शीर्षक लिएर प्रस्तुत भएको छ । सच्चिदानन्द मनले कविता रची आफूजस्तै अरू पनि रमाउँदै छन् भन्दै उठान गरिएको यस सर्गमा कविताले भोकाको पेट भरिने जनाउँदै कवितालाई दैवी कृपाविधान मानिएको छ भने सृष्टाको भित्री कथा नै बाहिर कविता बनेर निस्किन्छ भनिएको छ । कविको संसार अनन्त भएको भन्दै कविता सौन्दर्यमा डुब्न आह्वान गर्दै वसन्तको आराधना गर्दा उसले धेरैथोक दिने र दिँदा कत्ति नथाक्ने बरू लिने आफू नै थाक्ने उल्लेख गरिएको छ । अन्तमा नेपालको राजनीतिक द्वन्द्वको अन्तरको सीमा देख्न खोजिएको भावबाट कविता टुङ्गिएको छ–

'मैले भनेँ आउ मभित्र बस्न
यो द्वन्द्वको अन्त कहाँ हुने छ ?'

१.१८ अष्टादशसर्ग : वसन्त-म्याद र मान्छे

पाँच पद्यको आकार पाएको अष्टादश सर्ग 'वसन्त-म्याद र मान्छे' शीर्षक लिएर आएको छ । यसमा वसन्त ऋतुको अवधि छोटो भएकाले अवधि बढाउन अनुरोध गर्दै प्रसङ्ग अगाडि बढेको छ । वसन्तकालीन वृक्ष, खोला, शिला, पर्वत सबैले गीत गाउँदै रसराग भर्ने गरेको परिकल्पना गर्दै कविले प्रत्येक मान्छेको कहानी बोल्ने गरेको यथार्थता प्रकट गरिएको छ । आँखा चिम्लँदा संसार मानिससँग नै हुने तर सबभन्दा बाठो मान्छेको बठ्याईं नै विनाशको कारण नबनोस् भन्दै मान्छे आफू मानिस भए पनि वसन्त कहिल्यै नमासिने किनकि यो शाश्वत हो भन्ने कविको अभिप्राय रहेको छ ।

१.१९ नवदश सर्ग : गन्तव्य नै यात्रा

चार पद्यको आयाम पाएको यो सर्ग 'गन्तव्य नै यात्रा' शीर्षकमा रहेको छ । वसन्त ऋतुका उपलब्धि, विशेषता र काव्यताको सन्दर्भ ल्याउँदै कविले आफूले लेखेका कविता पढिदिनेको अभाव दर्शाउँदै जीवन यात्रा गर्दा नेपाली हुन पाइएकोमा गौरवानुभूति प्रकट गर्दछन् । कसैले नास्तिक छ भने पनि ऊ आस्तिक जीवन बाँचेका हुन्छ भन्दै वसन्त ऋतु नै स्वयम् आस्तिकावस्थामा रहेको र यसैले आफूलाइ वाचाल बनाउँदै धर्ती सिँगार्छ भनेका छन् । हरेक व्यक्तिले यात्री बनेर यात्रा गर्नुपर्ने अर्काको अस्तित्वमा नै आफ्नो अस्तित्व रहने कुरा गर्दै प्रत्येक यात्रीलाई आफ्ना कार्य गर्न वसन्त ऋतुले सत्प्रेरणा देओस् भन्ने आशीर्वादात्मक मङ्गलचरण गर्दै यस 'वसन्त काव्य'को अन्तिम सर्ग र यस काव्यलाई समेत समाप्तितिर लगिएको छ ।

२. वसन्त काव्यमा छन्दोविधान

राजेश्वर देवकोटा छन्दमा कविता अभ्यास गर्ने कवि हुन्, छन्दका कुशल प्रयोक्ता होइनन् । अझ अगाडि भन्नुपर्दा उनको क्षेत्र गद्य (आख्यान र निबन्ध) नै हो किनकि उनी आख्यानका सफल प्रयोक्ता हुन् । उनका उपन्यास बेजोड छन् । यसैले पनि होला उनी आफैँ भन्दछन्- 'वसन्त काव्य' शीर्षकको भूमिका लेखमा यो छन्दमा उनिएको स्वच्छन्द अभिव्यक्ति भएको निबन्ध काव्य हो ।' यिनका कविता छन्दोबद्ध छन् तर अन्त्यानुप्रासिक चेतना भने हराएको छ । हुन पनि देवकोटाको अत्यानुप्रासिक रमणीयता खोज्ने अभिप्राय यस काव्यमा रहेको पाइँदैन । सन्जोगले मात्र यसका कवितामा अन्त्यानुप्रासिकता परेको छ । यिनले छन्दको चतुष्पदीय मान्यतालाई पनि भत्काएका छन् । कतै वसन्त तिलका

दुई चरणमै टुङ्गिएको छ भने कतै तिन चरणमै सकिएको छ । इन्द्रवज्रा पनि दुर्द चरणमा टुङ्गिएको छ । यो कुरा कतिपय अर्थमा ठीक पनि हो किनभने कथन टुङ्गिए पछिको अनावश्यक पल्लवनबाट कविता सौन्दर्य प्राप्त हुन सक्दैन ।

'वसन्तकाव्य' को छन्दसम्पदा भनेको जम्मा पाँच छ वटा छन्दको समूह हो । इन्द्रवज्रा, उपजाति (इन्द्रवज्रा र उपेन्द्र वज्राको मिश्रण) वसन्ततिलका, शार्दूलविक्रीडित र शिखरिणीमा यो काव्य रचिएको छ । काव्यको 'आमुख' र मात्र एकादश सर्ग शिखरिणी छन्दमा रचिएका छन् भने नवदश भनिएको एकोनविश (१९) सर्गका चार पद्य शार्दूलविक्रीडितमा रचिएका छन् । यसैगरी अष्टम सर्गसम्म र दशम तथा द्वादश एवम् पञ्चदश सर्गका पद्य वसन्ततिलका छन्दमा रचिएका छन् । कविले यहाँ एउटा ठुलो भूल गरेका छन् 'वसन्त काव्य नामकरण गरेपछि काव्यका सबै पद्य वसन्ततिलकामै रचिएको भए काव्य अन्वर्थनामा पनि हुने थियो । यद्यपि आंशिक रूपमा अन्वर्थनामा त छँदै छ । बाँकी रहेका सर्गमध्ये नवम, त्रयोदश, चतुर्दश, षोडश, सप्तदश, अष्टादश सर्गमा इन्द्रवज्रा छन्द प्रयुक्त पद्य छन् भने षोडश, चतुर्दश, त्रयोदश र नवम सर्गमा उपेन्द्रवज्रा र इन्द्रवज्राको मिश्रण भएर बनेको उपजाति छन्द प्रयोग भएको छ । यसरी तीन चरण, दुई चरण र एक चरणका रूपमा रहेका छन्द पद्यलाई समेत गणना गर्दा यो श्लोक जम्मा १८६ पद्यमा सृजना गरिएको छ । कविहरू छन्दोबद्ध भाषामा गुन्गुनाउँछन् र कविताको आस्वादन लिन्छन् भन्ने कुरा प्रस्तुत छन्दोवद्ध 'वसन्त काव्य' ले स्पष्ट उद्घोषण गरिरहेको छ । छन्दको प्रियता वसन्त काव्यमा निकै मीठो र माधुर्यका साथ प्रकट भएको देखिन्छ ।

३. वसन्त काव्यको उपलब्धि

प्रस्तुत खण्डकाव्य प्रकृतिको एक खण्ड स्वरूप सन्दर्भसँग सम्बद्ध शीर्षक लिएर जन्मेको भए पनि यसमा प्रकृति उद्दाम चरित्र बयानतिर लगिएको छैन तर यसभित्र वर्तमान एक डेढ दशकको समयको आभास भने जोडदार रूपमा घन्केको छ । कवि देवकोटाको तात्पर्य पनि देशको वर्तमान नैतिकता, इमान्दारिता, कर्तव्यनिष्ठता, सत्यवादिता, धार्मिक, नैष्ठिक कर्तव्य परायणता, आध्यात्मिकता, वैचारिक चिन्तनपरकता आदि क्रमिक रूपमा हराउँदै गएको र मानव-मानव बीचको सद्भाव र भाइचाराको सम्बन्ध नै समाप्त भई विकृति, विसङ्गतिलाई प्रश्रय दिएर दिनहुँ क्रान्तिकारिता नेपाल बन्द, हडताल, जुलुस, आक्रोश आदि आफ्नै टाउकामाथि आक्रमण गर्ने अनपेक्षित कार्यकलापतिर

सक्रिय रूपमा लागिपरेको नेपाली समाजलाई सचेत बनाउने सन्दर्भमा कवि बेसरी कुर्लिएका छन् र मुलुकको उन्नति, विकास जस्ता भौतिक कुरा मात्र होइन् चेतनाको समेत विस्तार हुनुपर्ने कुराको आग्रह गर्न पछि परेका छैनन् । यसैले यो कृति वसन्त ऋतुको बयानमा मात्र सीमित नभई शिशिर, शरद र प्रकारान्तरले वर्षा आदि सबैको बयान यसमा समाहित छ । यस खण्डकाव्यले साहित्यका सबैजस्तो बिम्बालङ्कार र रसादिक अवस्थाको समेत अभिव्यक्ति प्राप्त गरेको छ । र एकजना स्थापित, प्रतिष्ठित एवं वरिष्ठ साहित्यानुरागी वरिष्ठ राजनीतिकर्मी र एक समृद्ध बौद्धिक, नैतिक संस्कार सम्पन्न स्रष्टाको यो खण्डकाव्य अवश्य पनि आफ्ना आकार प्रकार र आफ्नै कसिएका संरचना सम्भारद्वारा परिष्कार प्राप्त गर्न सफल रहेको मान्न सकिन्छ । यसभित्र भेटिने नेपाल र नेपालीको राष्ट्रियता, जनजीवन, संस्कार र संस्कृति एवम् राजनीति आदि सबै क्षेत्र समेटिएकाले काव्यको उत्कृष्टता आफ्ना ठाउँमा स्वतः सिद्ध रहेको मान्न सकिन्छ । कुनै विशिष्ट वाद, सिद्धान्त वा दर्शन भन्दा पनि नेपाली समाजको उत्थान, प्रगति र गतिशीलता एवम् राष्ट्रिय समृद्धिका अभिलाषा प्रकट गर्नु नै प्रस्तुत खण्डकाव्यको मूल प्रतिपाद्य विषय रहेको छ । यी कुराहरूमा देवकोटाको सक्रिय एवम् सचेत लेखनीले बौद्धिक उदात्तता प्राप्त गरेको कुरामा कुनै सन्देह रहँदैन ।

– वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर

❖❖❖

गजल

– कपिल अज्ञात

उत्साह र उमङ्गले जगाउनु आफैँलाई
सच्चाइ र भलाइमा लगाउनु आफैँलाई ।
समयको वर्वादी हो जिन्दगीको ठूलो भूल
कर्म नै हो भाग्य आफ्नो सघाउनु आफैँलाई ।
घात गर्ने हुन्छन् आफ्नै रागद्वेष ईर्ष्याहरू
मनभित्र मैलो पस्ला बचाउनु आफैँलाई ।
स्वावलम्बी मित्र जस्तो छैन दुनियामा कोही
तृष्णा तरङ्ग ती घुस्लान् भगाउनु आफैँलाई ।
सर्वोत्तम दिन आजै अहिलेको क्षण सम्झी
शान्ति सन्तोषको धारा मनाउनु आफैँलाई ।

भरतपुर-१२, चितवन

❖❖❖

अस्ताउने भो रवि

– *नारायणप्रसाद पोखरेल*

जिम्मावाल तथा थरी र मुखिया हाँगा गिराए पनि ।
आए फेरि हलक्क फेद रहँदा हामी नयाँ हौं भनी ॥
नौला हुन् कि भनेर आदर गरी हुर्काइयो हारमा ।
हेर्दा आकृति भिन्नभिन्न तर के उस्तै रहे सारमा ॥

के मान्ने हरियो विकार बलले हल्लाउँदै छन् जुरो ।
सेतो आखिर बाहिरी जलप रे कालै छ भित्री चुरो ॥
नीलो शान्त भनी समाउनु कहाँ गौंडो कुरी बस्तछन् ।
रातो रङ्ग चुनी रमाउनु कहाँ रातै छुरी धस्तछन् ॥

चुस्तै छन् रस काण्ड, पात र जरा बन्दै पतेरा कतै ।
गाड्दै छन् अरिँगाल भै खिल खुबै खाली नराखी कतै ॥
आँखामा भ्रम छर्न कोमल बनी डाली पलायो कतै ।
काँडा चस्चस बिझ्छ, चोप चुहिँदै उछ्रे भलायो कतै ॥

तार्छन् पार भनीभनी कुमतिका हेर्दै तमासाहरू ।
तान्छन् तेल दलीदली सुमतिका भित्र्याँस ब्वाँसाहरू ॥
पिस्दै छौं मसला भतेर पख ए ! पाक्दै छ भन्नेहरू ।
भत्ताको भुटुवा उता तर यता जिल्याउँदै छन् बरू ॥

छेपारा धुरिएर दूध सहितै लप्ट्याउँदै छन् तर ।
पानी मात्र मथेर नाटक रचे नौनी कहाँ बन्छ र ?
नौनाडी खिचिए निरीह किचिए माखामयी भो घर ।
मैला कट्कटिए विवेक भुटिए पिल्से सुधा सुन्दर ॥

माटो भन्छ – "तुरून्त मुक्त गरे हे ! स्वार्थी जराले डसे ।
धोक्छौ वाद नयाँ नयाँ तर ममा मर्की पुराना बसे ॥
दर्बन्दी किन राख्नु व्यर्थ यिनका साझा गिराए छवि ।
बस्तीभित्र कतै उपस्थिति नभै अस्ताउने भो रवि ॥

मनकामना, बनौती, गोरखा

❖❖❖

लिग्लिगे दौड र हरि सांस्कृतिक केन्द्र

– केदारनाथ खनाल

ताक्लुङ् २ मा जन्मेको नाताले आफूलाई सगौरव गोरखाली हुँ भनेर जति शिर ठाडो गरे पनि जिल्लाको दक्षिणी भेगका करिव दुई दर्जन गा.वि.स. र सदरमुकाम पृथ्वीनारायण नगरपालिका बाहेक अन्त जान सकेको छैन भन्दै लाचारी व्यक्त गर्नु पर्दा हीनताबोधले टाउको त्यत्तिकै निहुरिन्छ । कारण गोरखाको उत्तरी क्षेत्र अति विकट र दुर्गम हुनुको साथै पाँच, छ दशकदेखिको चितवन र काठमाडौँको आइपाई हुनाले पनि होला । तिनताका चितौने र गोर्खालीलाई उपचारको निम्ति सहज दुईवटा मिसन अस्पताल थिए – गोरखाको आँपपीपल र रक्सौलको डङ्कन । माइली आमालाई लिएर औषधि उपचारको निम्ति पहिलो पटक आँपपीपल गएको थिएँ । अनि रामशरण शर्मा अर्यालजीको लहैलहैमा लागेर गोरखा नाटक समितिमा हुँदा माधव ढकाल, तुलसी न्यौपाने, बाचस्पति देवकोटाजीहरूसँगै हर्मीभन्ज्याङ, लिग्लिग बोहोरा गाउँ कविराज होमनाथजीको घरमा बसेर बडडाँडामा नाटक देखाउन एक दुई पटक गइएको हो । त्यसपछि छोप्राकका नरेन्द्र पोखरेलजीसँग हर्मीभन्ज्याङ, दारिमचौर, सिमपानी हुँदै लिग्लिग गएर कृष्णप्रसाद धिताल दाइकहाँ निर्माणाधीन लुइटेलको हाइस्कुलको प्रसवकालीन कथा व्यथामा तरङ्गिदै उहाँकै घर उखुबारीमा रात बिताएको सम्झना छ । हर्मीभन्ज्याङ ससुराली एक दुई पटक गए पनि ऐतिहासिक लिग्लिग कोट टेक्ने साइत जुरेको थिएन । यस पटक फुपूसासू स्व. विद्यादेवी देवकोटाको प्रथम वार्षिकी २०७१ कार्तिक २७ गते उहाँकै मौलिक घर लिग्लिग पण्डित गाउँमा गर्ने पारिवारिक निर्णय भएछ । निम्ता आयो, निर्धारित तिथि मितिमा श्रीमती कला, सासू आमा सत्यदेवी ढकाल र रमा ढकाल सहित प्रातः ७:१५ बजे नै भरतपुरबाट प्रस्थान गरेका थियौँ गन्तव्यतर्फ ।

नारायणगढ मुग्लिन हुँदै कुन्दुर ११ कि.मी. पुगेर पिचैपिच छेपेटार दरौँदीको पुल तर्दा दुईवर्ष अघि त्यता गएको बेलाभन्दा निकै भौतिक परिवर्तन भएको पाएँ । भित्री रूपमा गाउँको मनोदशा जे जस्तो भए पनि बाहिरी बिकासे उज्यालो पुग्न खोजे जस्तो अनुभूत भयो, मन रमायो । दरौँदीलाई दायाँ पारेर एक्वार एक्वार मसाने ठाँटी पुगेर यू–टर्न भयो हाम्रो जीप जंगलको धुले बाटो लुइटेल भन्ज्याङतिर । डोजरले खनेको आलो डोप, ट्र्याकको उपेक्षा गरेर सजिलो बाटो सल्ल जाँदा निकै तल पुगेर सोध्दा पो पाँच छ किलो मिटर

कटिसकेको थाहा पाइयो । फर्केर सोधखोज गर्दै लुइटेल भन्ज्याङबाट उकालो लागेपछि चर्चित अमरज्योति लुइँटेल हाइस्कुल अगाडिको दोबाटोमा पुगेपछि पनि उही अलमलिने समस्या । जंगलको निर्जन ठाउँ, सोधपुछ गर्न कोही छैन । कुन गाउँ जाने ? कुन जंगल जाने बाटो ? क्या फसाद । यताउति भौँतारिई रहँदा प्रभा कैनी दिदीको फोन आयो, 'कहाँ आइपुग्नु भयो ? दोबाटोमा अलमलिएको समस्या बताएपछि उहाँले पनि कसैसित सोध्नु परेछ क्यारे ? धेरै वर्षपछि उहाँले पढेको स्कुल भए पनि डोजरको रेखाङ्कनको बाटो घाटोको स्वरूपमा फेरिएकाले तत्कालै ठ्याक्कै भन्न अलमलिएर केही छिनपछि दिशा निर्देश भयो 'वायाँ लाग्नू' ।

सवा दश बजे कार्यक्रम स्थल पुग्दा स्वदेश, विदेशमा रहेका छोराहरू डा. भरतमणि देवकोटा, डा. लक्ष्मणमणि देवकोटाका परिवारजन भेला भई नातागोता, कुलकुटुम्ब बन्धुबान्धव सहित धमाधम वार्षिक श्राद्धमा जुटेको देख्दा हर्ष विभोर भएँ । बाल्यकालमा ठूलो वर्णमालामा पढेको कविता मस्तिष्कमा झिलिक्क भयो–

जहाँ हामी जन्म्यौँ बढ्यौँ मोजमानी
जहाँको भिज्यो देहमा अन्न पानी
जहाँ छन् ती माता पिता बन्धुभ्राता
उसै देशका साथ हाम्रो छ नाता ।

ब्राह्मण वरण, जलपान र आधा घण्टाको आपसी भलाकुसारी पश्चात् धेरै दिन देखिको धोको मेट्न अमरराज कैनीजी र म लाग्यौँ ऐतिहासिक किल्ला लिग्लिगकोट । हाम्रा पुर्खा भोरा खनाल, भगीरथ पन्त, गणेश पाण्डे, बुसाल अर्याल, गंगाराम राना, मुरली खवास छ थर घरको सहयोगमा लमजुङे राजा यशोबर्म शाहका माहिला छोरा द्रव्य शाहले चेपे नदीको किनारबाट दौडेर घलेहरूलाई उछिनी वि.सं. १६१६ फूलपातीको दिन विजय पताका फराएका कोट, शाहवंशीय प्रथम गोरखाली राजाले श्रीगणेश गरेको किल्ला ।

पातलो सल्लाघारीको घुम्टोमा आफ्नो प्राकृतिक सौन्दर्य निखारिरहेको कोटको तल्लोपट्टि तोपखाना (शस्त्रागार) राख्ने सुरक्षित गढी । माथिल्लो पट्टि चाहिँ मूल राजदरबारको ढुङ्गे भग्नावशेष, ठाउँ ठाउँमा वनभोजको लागि बनाइएका बेन्चयुक्त रमणीय स्थल, होचा अग्ला तर्पायाँ परेका खुला चौर । शान्त एकान्त कुनामा संसार बिर्सेर प्रेमालापमा निमग्न दुई तीन युवा जोडी । लोकगीतको सुरिलो लयमा रमाइरहेका गोठाला गोठाल्नीहरू, तारबारले सुरक्षित रोमाञ्चक रमणीय वातावरण । कोटको माथिल्लो थाप्लोबाट देखिने उत्तर

पश्चिमतिरका चाँदी जस्ता टल्कने मनमोहक हिमश्रृङ्खला । चेपे नदीपारि तीन पिप्लेतिरका हरियालीयुक्त तरेली तरेली परेका रमणीय फाँट । पालुङटार, बाह्रपिर्के, लुइँटेलभन्ज्याङ तर्फका बाटाघाटा र सहरोन्मुख सुन्दर बस्ती । जति हेऱ्यो उति हेरिरहुँभैं लाग्ने, आँखा नथाक्ने, मन नअघाउने दृश्य । सल्लाको सिरसिरे सङ्गीतमय सितल छहारीमा बसेर बिजुलेको डाँडा, जुडीथुम, हर्मीकोट, छोप्राक, भुसुन्डेको फाँट र नागबेली परेको दरौंदीको दृश्यमा मन्त्रमुग्ध हुँदा अढाई तीन घण्टा बितेको पत्तै भएन । घडीको सुईले एक बजेको सङ्केत गरेपछि मात्र झल्याँस्स भयौं हामी, घर पुगिसक्नु पर्ने निर्धारित समय त त्यहीं बितेछ । पालुङटार गा.वि.स. र आँपपीपल गा.वि.स.को नाममा ऐतिहासिकता नै मेटिने गरी दुई फ्याकमा यो ठाउँ विभाजित हुँदा कम्ति त दुःख लागेको थिएन । हाल **लिग्लिग नगरपालिका** घोषणा भएको सुन्दा औधि खुसी लागेको छ ।

नारायण अर्याल, गणेश पाण्डे, भागीरथ पन्त, केशव बोहरा आदिको मन्त्राणामा खड्का राजालाई अपदस्त गरी गद्दीनसीन द्रव्य शाहलाई वि.सं. १९१६ भाद्र २५ गतेको शुभ मुहूर्तमा अर्घखाँचीबाट आएका सर्वेश्वर खनालले गोरखाधिपतिको रूपमा राज्यभिषेक गरेको प्रसङ्ग इतिहास शिरोमणि बाबुराम आचार्यले उल्लेख गरेका छन् । "विद्या हराए काशी जानू, न्याय हराए गोरखा जानू" उक्ति चरितार्थ गर्ने समाज सुधारक न्यायप्रेमी राजा राम शाह (१६६३–१६९०) तथा बाइसी चौबिसी एकीकरणका उन्नायक नेपाल राष्ट्रनिर्माता पृथ्वी नारायण शाह (१७७९–१८३१) को जन्म भूमि गौरवमय गोरखा । वीर गोरखाको नामले विश्वव्यापी रूपमा चिनाउने ऐतिहासिक जिल्लाको सदरमुकाम गोरखा बजार समुद्री सतहबाट ११०० मिटर उचाइमा छ । नेपालको मध्य भागमा अवस्थित मनोहर प्राकृतिक स्थल समशीतोष्ण यो ठाउँ काठमाडौँबाट १४२ कि.मी. पश्चिम र पोखराबाट १०६ कि.मी. पूर्वमा पर्दछ ।

• • •

उल्लिखित लिग्लिग पण्डित गाउँका पिता पं. हरिभक्त देवकाटा (१९६६–२०११) र माता बसुन्धरा देवकोटाबाट (१९८६ असोज २३ गते) जन्मनु भएका श्री राजेश्वर देवकोटा प्रसिद्ध साहित्यकार, राजनीतिज्ञ र चिन्तक हुनुहुन्छ । उहाँकास्वर्गीय पिता आफ्ना जमानाका स्वनाम धन्य प्रख्यात पौराणिक विद्वान् गुरू पं. हरिभक्त देवकोटाको पुण्य स्मृतिमा वि.सं. २०४२ सालमा आफ्नो औपन्यासिक कृति **'उत्सर्ग प्रेम'** को लागि प्राप्त मदन पुरस्कारको रकम रू. ५०,०००।– र साझा प्रकाशनबाट पाप्त रकमरू. ८०००।– समेत रू. ५८,००० (अन्ठाउन्न हजार) अक्षय कोषमा राखी "हरि सांस्कृतिक केन्द्र गोरखा" को स्थापना भएको हो ।

संघ संस्था ऐन अन्तर्गत २०४६ सालमा जिल्ला प्रशासन कार्यालय गोरखामा दर्ता भएको यस संस्थाले समग्र जिल्लाको कला, साहित्य, संस्कृति, गीत, संगीतको खोज अनुसन्धान गरिएका प्रकाशित कृति वा पाण्डुलिपिलाई पुरस्कृत र प्रकाशन गर्दै आएको छ । गोरखा जन्म थलो वा कर्मथलो भएका स्रष्टालाई **हरि उत्कृष्ट प्रतिभा** पुरस्कारद्वारा सम्मान र जिल्लाव्यापी मा.वि./उ.मा.वि.स्तरका विद्यार्थी बीच कविता, निबन्ध, वक्तृत्वकला जस्ता प्रतियोगितात्मक क्रियाकलापका माध्यमबाट नवोदित प्रतिभाहरूलाई पुरस्कारद्वारा प्रोत्साहित गर्दै भाषा, साहित्य संस्कृतिप्रति अभिरूचि जगाउने कार्य गर्दै आएको छ ।

विगत अढाई दशकदेखि क्रियाशील यस संस्थाबाट हालसम्म पाण्डुलिपि पुरस्कृत ४, कृति प्रकाशनका साथै उपन्यास, महाकाव्य, खण्डकाव्य, कविता सङ्ग्रह, निबन्ध (नियात्रा) डायरी लेखन समेत विभिन्न विधाका १७ थान कृतिका सर्जकहरू पुरस्कृत एवं सम्मानित भइसक्नु भएको छ । संस्थाको मुखपत्र आवर्तनको पहिलो अंक २०६९ साल असारमा निस्कियो र दोस्रो अङ्कले यिनै हरफहरूकासाथ आकार लिँदैछ ।

• • •

जिल्ला सदरमुकाम पाटेचौरमा **हरि सांस्कृतिक केन्द्र**को आफ्नै नवनिर्मित भवनमा साहित्यिक गोष्ठी, सभा समारोह, सेमिनार आदि गतिविधिहरू हुँदै आएका छन् र निकट भविष्यमै एउटा व्यवस्थित पुस्तकालय सञ्चालन गर्ने तर्खरमा छ ।

संरक्षक संस्थापक श्री राजेश्वर देवकोटा र प्रा. डा. बासुदेव त्रिपाठीको अभिभावकत्व रहेको यस संस्थाको अध्यक्ष शिक्षाप्रेमी श्री मोहन नारायण श्रेष्ठको बसोबास विगत केही वर्षदेखि काठमाडौं हुनुको साथै उहाँको शारीरिक अस्वस्थता लगायत विविध प्राविधिक कारणवश गतवर्षहरूको गतिविधिमा केही शिथीलता रह्यो । फलस्वरूप दुई तीन वर्षको पुरस्कार खप्टियो पनि । पुरस्कारको लागि कृति संकलन, छनौट र मूल्यांकन र जिल्लास्तरीय अन्तर उ.मा.वि. निबन्ध प्रतियोगिता गराउने कार्य सम्पन्न भए पनि पुरस्कार वितरण हुन सकिरहेको थिएन । संरक्षकज्यूकै निवास महाराजगञ्ज काठमाडौंमा उपस्थित कार्यसमितिका सदस्यहरू र शुभेच्छुक साहित्यानुरागी व्यक्तित्वहरूबाट संस्थालाई जीवन्तता दिन क्रियाशील बनाउने र वि.सं. २०७१ फागुन २४ गते पुरस्कार वितरण सभारोहको आयोजना गर्ने समेत निर्णय भयो ।

• • •

यसै सिलसिलामा २०७१ फागुन २३ गते गोरखामा समारोहको पूर्वसन्ध्यामा भेला भई सरसफाई लगायत प्रारम्भिक कार्यहरू सम्पादन गर्नुका साथै कार्यवाहक अध्यक्ष आफ्नै अध्यक्षतामा बैठक बसेर तत्काल गर्नुपर्ने कार्यहरू बारे आवश्यक निर्णय भयो । यो पटक पुरस्कृत हुने स्रष्टाहरूमा श्री रमेशचन्द्र देवकोटा, श्री विकलचन्द्र आचार्य, र श्री तुलसीमान श्रेष्ठ हुनुहुन्थ्यो ।

गोरखा बजार धारापानी छिपटोलका पिता श्री रामचन्द्र आचार्य र माता सुशीला आचार्यबाट २०३० साल फागु पूर्णिमाको दिन जन्मेका विकल आचार्य उच्च शिक्षा र रोजगारी (Learning and Earning) को क्रममा विगत दुई दशक भन्दा बढी समयदेखि बेलायत बस्दै आएका युवा प्रतिभा हुन् । लण्डनमा मुटु दुख्दा (२०६७), कोरोनरी मुटुरोग (२०६७) र बेलायती आँगनमा गोर्खाली सुवास (२०६८) प्रकाशित गरिसकेको विकल आचार्यको मोह उपन्यास (२०७०) लाई यस केन्द्रबाट "हरि उत्कृष्ट प्रतिभा पुरस्कार" प्रदान गर्ने निर्णय भएको हो । विदेशी भूमिमा रहेका नेपालीले भोग्नु परेका पीडा, कथालाई मोहले मार्मिक ढङ्गले चित्रण गरेको छ । राजनैतिक अस्थिरता, हत्या, हिंसा, अशान्ति एवं सत्ता र भत्ताको छिनाझपटी, राजनैतिक भागवण्डाले जर्जर तथा बेरोजगारीले आक्रान्त मुलुकका युवा शक्ति भविष्यको खोजीमा विदेशिन बाध्य छन् । घरदेश छोडेर सुनौलो सपना साँचेकाहरूको देशप्रतिको मोह र परदेशको हण्डर अपमानले पिसिँदा घरदेशप्रतिको मोह उपन्यासको सार हो । अनि स्वदेशमा राम्रो शिक्षा दीक्षा, रोजगारीको अवसर नपाउँदाको चिन्ता र विदेशको एटलान्टिक महासागरको उत्ताल छालमा स्वअस्तित्व नै गुम्ने चिन्ताको दस्तावेज हो यो **डायस्पोरिक उपन्यास मोह** ।

एघार परिच्छेदमा संरचित यो उपन्यास लेखकको जीवन वृत्तमा केन्द्रित संस्मरणात्मक शैलीको छ । नायक (मुखपात्र) उमेश जीवनको उत्तरार्धमा पोखरीको माछालाई पाउरोटीको टुक्रा दिँदै गर्दा तलाउमा उठेको लहरले उसको अतीतलाई तरङ्गित तुल्याउँछ । ऊसँग जीवन जिउनका लागि केही भौतिक बस्तु भए पनि आफूलाई भित्रबाट पूर्णतया रित्तो र खोक्रो ठान्दछ । डायस्पोरिक जीवनका रंगीन सपनाहरू र स्वदेशको नोस्टालजिक मोहलाई मार्मिक ढंगले प्रस्तुत गरिएको यो उपन्यास पुरस्कारका लागि छनौट हुन सर्वतोभावेन समीचीन छ ।

• • •

छनोटमा परेको अर्को कृतिको नाम हो **स्वाभिमान** (महाकाव्य) । पालुङटार–५, गोरखाका पिता पं. हरिप्रसाद देवकोटा र माता बसुन्धरा देवकोटाबाट

वि.सं. १९९० साल फागुन २६ गते जन्मनुभएका श्री रमेशचन्द्र देवकोटाले संस्कृतमा शास्त्रीसम्म औपचारिक शिक्षा हासिल गर्नुभएको हो। निजामती सेवाबाट अवकास प्राप्त पूर्वराष्ट्रसेवक अन्तर्मुखी स्वभावका श्री देवकाटाका आधा दर्जन जति खण्डकाव्य, कवितासङ्ग्रह आदि कृतिहरू अप्रकाशित अवस्थामा नै छन्। वेदव्यासकृत महाभारतको मिथक पात्र कर्णलाई नायक बनाइएको स्वाभिमान महाकाव्य सोह्रसर्गमा विरचित छ। कन्या कुन्तीको सूर्यसँगको अवैध सम्बन्धबाट जन्मेको शिशु कर्ण आफ्नै आमाबाट नदीमा फालिन्छ। अपुतो दासराज सुत र राधाबाट पालित पोषित राधेय पाण्डव, कौरवहरूसँगै प्राथमिक शिक्षादीक्षा प्राप्त गर्दनन्। मेधावी कर्ण सुतपुत्र भनिएकै कारण गुरू द्रोणाचार्यबाट ब्रह्मास्त्र पाउन इन्कार गरिन्छ। ब्राह्मण वटुको रूपमा परशुरामसँग पढ्न गएको कर्णलाई क्षत्रीयत्व गुण र शौर्य भएकाले जात ढाँटेकोमा श्रापित हुन्छ। समाजबाट उपेक्षित, अपहेलित धीर वीर कर्णको चह्न्याएको घाउमा कुटिल दुर्योधनबाट अङ्गनरेशको पदवीले मलम लगाउने काम गर्छ। आफ्नै सारथीबाट अपमानित सत्यनिष्ठ पराक्रमी दानवीर कर्ण श्रीकृष्णको षडयन्त्रले जन्मजात प्राप्त कवच कुण्डल इन्द्रद्वारा खोसिने छललाई नियति ठान्दछन्। स्वार्थ मोलाहिजापट्टि नलागी निष्ठापूर्वक कौरव पक्षबाट लडेर आफ्नो स्वाभिमानको सगरमाथा उँचो राख्दछन्। जालझेल र टिक्रमबाजीमा नलाग्ने निःस्वार्थी महावीर कर्णलाई नायक बनाएर रचिएको स्वाभिमान महाकाव्यका सर्जक श्री रमेशचन्द्र देवकोटा बधाइका पात्र छन्।

शार्दूलविक्रीडित, वसन्ततिलका, शिखरिणी, अनुष्टुप, मालिनी, उपजाति, वंशस्थ, उपेन्द्रबज्रा आदि ७९२ श्लोक संख्यामा विस्तारित यो महाकाव्य उपमा, रूपक, उत्प्रेरणा, स्वभावोक्ति जस्ता अर्थालङ्कारले विभूषित छ। श्रृङ्गार, करूण, रौद्र र वात्सल्य आदि सहायक रस र वीर रस प्रधान छ यो महाकाव्यमा देशको समसामयिकता प्रतिबिम्बित छ।

समावेशिता, सीमान्तकृत, शोषित, पीडित, दलित, महिला तथा पिछडा बर्गको बारेमा आवाज उठिरहेको वर्तमान परिप्रेक्ष्यमा पौराणिक खलनायक पात्र कर्णलाई काव्य नायकको सम्मान दिनु स्तुत्य र साहसिक कार्य हो। पद र पैसाको निम्ति स्वाभिमान गिराएर जस्तोसुकै निकृष्ट कार्य गर्न उद्यत हुने, सत्य निष्ठा र नैतिकताको खडेरी परेको अहिलेको परिवेशलाई 'स्वाभिमान' पेचिलो प्रहार पनि हो। हरि सांस्कृतिक केन्द्रद्वारा प्रदान गरिने पुरस्कारको निम्ति यो कृति मूल्याङ्कनमा पर्नु गौरव र गरिमाको विषय हो।

• • •

च्याङ्ली गा.वि.स. ३ गोरखा निवासी पिता भीमनारायण श्रेष्ठ र माता मुसीमाया श्रेष्ठका छोरा तुलसीमान श्रेष्ठ (२००९) को **नेपाली लोकगीत परिचय र विश्लेषण** कृति मूल्याङ्कनमा पर्नुले 'हरि सांस्कृतिक केन्द्र' को नामलाई सार्थक तुल्याएको छ । हालसम्म कविता, कथा, उपन्यास, निबन्ध, महाकाव्य जस्ता साहित्यिक विधाका कृति मात्र पुरस्कृत हुँदै आएकोमा यो ग्रन्थले लोकसंस्कृतिको पाटोलाई समेटेको छ । नेपालीमा स्नातकोत्तर गोरखा क्याम्पसका प्रमुख समेत भइसकेका तुलसीमानजीले 'दरौँदी' साप्ताहिकको प्रधान सम्पादक भएर पनि नेपाली भाषा साहित्य र संस्कृतिको विकासको निम्ति महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । उहाँका नेपाली लोकसाहित्यका दर्जनौँ लेख, रचना कार्यपत्रहरू प्रकाशित छन् ।

लोक साहित्यको परिचय, परिभाषा, लोकगीतको स्वरूप, प्रकारहरू, पर्वगीत, श्रमगीत, संस्कारगीत, सिलोक, बालगीत र गोरखा जिल्लामा प्रचलित घाँटुको विवेचना आदि शीर्षक–उपशीर्षकहरू सहित चार परिच्छेदमा लेखिएको यस कृतिमा विशेषत: गण्डकी अञ्चल, त्यसमा पनि गोरखा जिल्लाकै लोकगीत बारे चर्चा परिचर्चा गरेर नेपाली साहित्यको खलेगरो जिलाउने केलाउने काम हुनु अत्यन्तै सान्दर्भिक र सराहनीय कार्य हो ।

• • •

काठमाडौंबाट प्रमुख अतिथि विशिष्ट अतिथि आमन्त्रित अतिथि एवम् सहयोगीहरू आइपुग्न विलम्ब हुनाको कारण निर्धारित समयभन्दा दुई घण्टा ढिलो हरि सांस्कतिक केन्द्रको आफ्नै हलमा कार्यक्रम शुभारम्भ भयो । कार्यवाहक अध्यक्ष केदारनाथ खनालको सभापतित्व र प्रा.डा. वासुदेव त्रिपाठीज्यूको प्रमुख आतिथ्यमा स्थानीय उद्योगी, व्यापारी, समाजसेवी, शिक्षक, प्राध्यापक, कवि, साहित्यकारहरू एवं साहित्यानुरागीहरूको समुपस्थितिमा भएको भव्य र सभ्य पुरस्कार वितरण समारोहको कार्यक्रम सञ्चालक सचिव रूद्रनाथ पोखेल थिए । आसन ग्रहण, राष्ट्रिय गान, सरस्वतीको तस्विरमा मालार्पण र खादा फुल गुच्छाका साथै सुनील अर्यालको स्वागत मन्तव्य तथा स्वर्गीय साहित्यकारहरू र संस्थापकहरूप्रति श्रद्धाञ्जली अर्पण पश्चात् कार्यक्रमको श्रीगणेश भएको थियो । सर्वप्रथम महाकाव्यकार श्री रमेशचन्द्र देवकोटाजीलाई प्रमुख अतिथि प्रा.डा. वासुदेव त्रिपाठीबाट दोसल्ला सहित प्रमाणपत्र र सभापतिबाट फूल गुच्छा अबीरले सम्मान तथा संस्थापकका सुपुत्र श्री ईश्वरचन्द्र देवकोटाबाट नगद पुरस्कार अर्पण गरियो । यसैगरी श्री तुलसीमान श्रेष्ठजी र विकलचन्द्रका पिता श्री रामचन्द्र आचार्यजीलाई प्रमाण पत्र सहित पुरस्कार समर्मण गरिएको थियो ।

पुरस्कृत प्रतिभामाथि प्रकाश पार्ने क्रममा श्री रमेशचन्द्र देवकोटाको व्यक्तित्व र कृतित्व बारे डा. प्रभा कैनीले उपेक्षित र अपहेलित पात्र कर्णलाई नायक बनाएर लेखिएको महाकाव्यको खुलेर प्रशंसा गर्नुभयो । 'बलेको आगो ताप्ने, शक्तिको पूजा गर्ने' परम्परा विपरीत शोषित दलित महिलामाथि दृष्टि पुग्नु नवीन सोँच र समाज रूपान्तरणको कदम हो भन्नुभयो । श्री तुलसीमान श्रेष्ठको नेपाली लोकगीतः परिचय र विश्लोषण माथि प्रा. डा. नारायणप्रसाद खनाललले विषद चर्चा गर्नुभएको थियो भने श्री विकलचन्द्र आचार्यको मोह उपन्यासबारे चाहिँ ऋषि खनालको प्रतिनिधित्व गर्दै सभापति केदार खनाललले लेखककै जीवन वृत्तमा केन्द्रित पूर्व दीपिका शैलीको मोह उपन्यासको चर्चा होमनाथ सुवेदीहरू देखि नेपाली साहित्यमा डायस्पोरिक साहित्यको महत्वपूर्ण योगदान हुँदै आएको बारे प्रकाश पार्नुभएको थियो ।

प्रतिबिम्ब काव्यका लागि २०६४ सालमा पुरस्कृत गर्न निर्णित श्री नारायणप्रसाद पोखरेलले आफ्नो सो पुरस्कार लिँदै कविता वाचन गरे पश्चात् सम्मानित प्रतिभाहरूमा रमेशचन्द्र देवकोटाले लिखित मन्तव्य राख्नुभयो भने तुलसीमान श्रेष्ठले लोक साहित्य बारे आफ्नो भनाइ राख्दै कौडा र चुट्का बीचको भिन्नता उदाहरण सहितको प्रस्तुति सस्वर मनोरञ्जनात्मक र रोचक रह्यो । श्री गोविन्दराज विनोदीको 'चिरवन्दित गोरखा' कविताले समारोहलाई जगाएको थियो भने योजना आयोगको पूर्व उपाध्यक्ष डा. दिनेशचन्द्र देवकोटाको सारगर्भित अभिव्यक्ति पश्चात् विकल आचार्यका पिता रामचन्द्रको मन्तव्य र प्रमुख अतिथि प्रा. डा. वासुदेव त्रिपाठीबाट गोरखा र गोरखाली साहित्यकारहरू श्री राजेश्वर देवकोटाका साथै सम्मानित प्रतिभाहरूको व्यक्तित्व र कृतिबारे आफ्नो धारणा राख्नुभयो । क्याम्पस चिफ दिलीप देवकोटाको धन्यवाद ज्ञापन पश्चात् सभापतिबाट संस्थाको तत्कालीन समस्या, समाधानका उपायहरू, कार्यक्रम र योजनाबारे बुँदागत रूपमा उल्लेख गर्दै सभा विसर्जन गर्दा सवापाँच बजिसकेकाले आ-आफ्नो घर फर्कन हतारिएका हामी सबै एक अर्काको बिदाईमा हात हल्लाउँदै सुईकुच्चा ठोक्ने मेसोमा थियौँ ।

भरतपुर-१०, चितवन
knkhanal67@gmail.com

❖❖❖

आफू सम्मानित भएको अनुभूति

– डा. प्रभा कैनी

हरेक वर्ष एक न एक साहित्यिक प्रतिभालाई सम्मान गर्ने मान्यता स्थापित गरे अनुरुप हरि साँस्कृतिक केन्द्रले यस वर्ष तीन जनालाई सम्मान गरेको थियो। उक्त कार्यक्रममा सम्मानित व्यक्तित्वहरु मध्ये श्री विकलचन्द्र आचार्य, श्री तुलसीमान श्रेष्ठ र श्री रमेशचन्द्र देवकाटा मध्ये पछिल्ला (रमेशचन्द्र देवकोटा र उहाँको महाकाव्य 'स्वाभिमान' का) बारेमा बोल्नु पर्ने दायित्व सुम्पनु भएको थियो यस केन्द्रका का.वा. अध्यक्ष केदार खनालज्यूले मलाई।

नाताले श्री रमेश देवकोटा मेरा आदरणीय दाजु भएको हुँदा उहाँको साहित्यिक प्रतिभाको उजागर गर्नु भन्दा मैले मेरा दाजुको रूपमा मात्र चिनाएर अन्याय गरँ कि जस्तो लाग्छ। यसो हुनुमा मेरो मात्र दोष नभई स्वयं दाजु रमेशचन्द्र देवकोटाको पनि केही कमजोरी यस अर्थमा देखें कि उहाँ त किताब लेख्ने, आफै पढ्ने, आफैं रमाउने र आफ्नै बाकसमा बन्द गरेर राख्नु हुँदो रहेछ। त्यसो नहुँदो होता आठ दस किताब लेखिसकेको मानिसको ८२ वर्षको उमेरमा पहिलो किताब मात्र प्रकाशित हुने थिएन। उहाँको अन्तर्मुखी स्वभावका कारण उहाँका नजिकका हामी जस्ता व्यक्तिहरू पनि उहाँको क्षमताबारे प्रायः अनभिज्ञ रहनु पर्थेन ऐलेसम्म। साहित्यिक लेखन आफ्ना लागि मात्र होइन, अरुका लागि पनि हुनुपर्दछ। त्यसैले दाजुका हरेक किताब प्रकाशित र प्रसारित हुन आवश्यक छ भन्ने कुरामा जोड दिएकी थिएँ मैले।

'स्वाभिमान' महाभारत कथामा वर्णित एक चर्चित नायक कर्णका बारेमा लेखिएको महाकाव्य हो। मैले पढेका मध्ये 'द्वन्द्वको अवसान' किताबको नाम लिन चाहें, जुन किताब प्रसिद्ध चिन्तक, राजनीतिज्ञ तथा साहित्यकार राजेश्वर देवकोटा, जो यस हरि सांस्कृतिक केन्द्रका संस्थापक पनि हुनुहुन्छ ले भन्नुभएको हो। यस पुस्तकमा उहाँले कर्णलाई यस्ता नायकको रूपमा प्रस्तुत गर्नु भएकोछ जसको मृत्यु पछि झगडाको औचित्य नै समाप्त भएकोछ। त्यस्तै नवराज लम्सालले पनि 'कर्ण' महाकाव्यमा तिनै वीर योध्दाको गुणगान अत्यन्त मार्मिक र मिठासपूर्ण तरिकाले प्रस्तुत गर्नु भएको छ। उहाँको आशय पनि मानिस जन्मजात, कुल, धर्मका आधारमा सम्मानित हुनु हुँदैनथियो। व्यक्ति स्वयंद्वारा आर्जित क्षमता र प्रतिभाका धनी हुँदा हुँदै पनि कर्ण उपेक्षित रहे भन्ने उहाँको गुनासो किताबभरि छरपष्ट देखिन्छ। रमेश देवकोटाद्वारा लिखित 'स्वाभिमान' महाकाव्य पनि तिनै

क्षमतावान भैकन पनि जात र कुलका आधारमा उपेक्षित बनेका र षडयन्त्रद्वारा पराजित पारिएका मात्र नभई हत्या गरिएका छन् । तथापि हरेक मानिसको मन मस्तिष्कमा सहानुभूति र आदर जगाउन सफल पात्र कर्णको वयान हो । 'स्वाभिमान' महाकाव्य पनि स्वाभिमान गुमाएर राज्य प्राप्त गर्नु भन्दा मृत्यु वरण गरेर आदर प्राप्त गरेका व्यक्तिप्रतिको सम्मान हो ।

मानिस स्वभावैले आत्मकेन्द्रित प्राणी हो । म पनि कुनै अपवाद होइन । त्यसैले काव्यकार र काव्यका बारेमा केन्द्रित हुनु पर्ने समयमा मैले आफ्नै केही कुरा पुरस्का वितरण समारोहमा नै राख्ने प्रयत्न गरेकी थिएँ । उक्त कार्यक्रम नारी दिवस समेत भएकाले पनि मलाई केही कुरा नारीका बारेमा पनि बोल्न भित्री अन्तस्करणले झकझकाई रहेको थियो । त्यसैले मैले कुरा यसरी राखेँ-

स्वभाविकै हो विगतमा भए गरेका घटनाको बिचार विश्लेषण हुनु पर्दछ । समयको परिवर्तनसंगै बदलिएका मूल्य र मान्यता अनुसार सत्य र न्यायको खोजी हुनु पर्दछ । कर्ण विशाल महाभारत कथाका सर्वाधिक प्रिय पात्र बनेका छन् अहिले । अन्याय र षडयन्त्रको बिरोधमा आवाज उठ्दैछ । उनिप्रति सहनुभूति गरेर समाजले न्यायको खोजी गरेको सन्देश दिंदैछ । यसमा म सतप्रतिशत सहमत छु । तर आजको दृष्टिकोण अनुसार महाभारतका धेरै पात्र अन्यायमा परेका छन् । आजको एक्काइशौं शताब्दीको समाजका अधिकांश महिला त विभेद र अन्यायमा बाँच्न विवश छन् भने पौराणिक युगका सबै महिला पितृसत्ताको सिकार थिए यसमा कुनै दुविधा छैन । उदाहरणका लागि राजपरिवारका महिला सदस्य जो आम समाजका महिलाभन्दा बढ्ता सुखशयलमा रहन्थे, अरूभन्दा विशिष्ट दर्जाका कहलाइन्थे, इज्जतिला भनिन्थे र पनि पितृसत्ताका सिकार हुन बाध्य थिए भने सामान्य र सीमान्तकृत महिलाको हालत कस्तो थियो होला भन्ने कुरा सजिलै अनुमान लगाउन सकिन्छ । राजपरिवारका तीनजना महिला कुन्ती, गान्धारी र दौपदीमाथि भएको ज्यादतीको स्पष्ट बयान धेरै छ महाभारत कथामा ।

महाभारतका एक उपेक्षित व्यक्ति कर्णप्रति अन्याय भएको थियो भनेर सम्पूर्ण पुरुषको सहानुभूति जागेको छ र त उनका पक्षमा यति धेरै काव्य, महाकाव्य सृजना भएका छन् । तर तुलनात्मक रुपमा कुन्ती, द्रौपदी तथा गान्धारीकाप्रति सहानुभूतिका स्वर अझै धिमा किन ? यिनका बारेमा लेखक र साहित्यकर्मीहरूको कलम किन नचलेको होला ? के अन्यायका विरुद्ध आवाज उठाउने अभिभारा अधिकारकर्मीको मात्रै हो ? त्यसै हो भने कर्णका पक्षमा यति धेरै सहानुभूति किन उर्लेको ?

महाभारतका सर्वाधिक चर्चित तिन महिला बारे मैले कुरा उठाएकी थिएँ । द्रौपदी, गान्धारी, र कुन्ती । अन्धा धृतराष्ट्रकी रानी गान्धारी जो आफू सपाङ्ग भएर पनि अपाङ्गप्रति भन्दा सबल हुन मनाई गऱ्यो तत्कालीन सामाजिक मान्यताले । त्यसैले जीवनभर आफ्ना सबल आँखा छोपेर दृष्टिबिहीन हुनु पऱ्यो । के यो अन्याय होइन ? कर्णका भैं गान्धारीका बारेमा लेख्नु पऱ्यो कि परेन ? कुन्ती जसले विवाहपूर्व नै कर्णलाई जन्म दिन विवश भइन् - इज्जत र सामाजिक मान्यताका खातिर आफैंले जन्माएको पुत्रलाई नदीमा बगाई दिन बाध्य भइन् । विवाहले यौनिक चाहना निर्धारण गर्ने होइन रहेछ अनि इज्जत कुन्तीको मात्र जाने भयो र त पुत्र हत्या जस्तो जघन्य अपराधतिर उन्मुख गरायो उनलाई (संयोगले बाँचे, त्यो बेग्लै कुरा हो) । पुरूष (सूर्य) लाई यसले कुनै असर गरेन । कुन्ती (महिला) सधैँ मर्माहत रहिन् । यस्ता चरम विभेदका बारेमा लेखिनु पऱ्यो कि परेन ?

महाभारतकी सर्वाधिक चर्चित महिला द्रौपदी जो उसैबेलाको मान्यताको विपरीत पाँचजना पतिकी पत्नी बन्न विवश पारिइन् । मानवेतर व्यवहार गर्दै पतिहरूले उनलाई वस्तुको रुपमा जूवाको तालमा थापेर हारेपछि आफ्नो अधीनस्त वस्तुको रुपमा कौरवले लिन खोज्दा वस्त्र हरण गरेर सार्वजनिक स्थलमा नै इज्जत लुट्ने दुश्प्रयास भयो । यस्ता निरीह पात्र र चरम अन्यायका बारेमा किन मौन ? प्रबुद्ध वर्ग, लेखक, कवि र काव्यकारहरुको समवेदना किन यिनका पक्षमा जाग्दैन होला ? महिला समानता र न्यायको कुरा ओठे भक्तिमा मात्र सीमित किन ? भन्ने प्रश्न उठाएकी थिएँ ।

मेरो जिज्ञाषा र कौतूहलताको पूर्ति तत्कालै भएको महसुस मैले गरें, जब कवि गोविन्दराज विनोदीज्यूले हालसालै मात्र 'शूर्पणखा' खण्डकाव्य प्रकाशित गर्नु भएको कुरा उद्घाटन गर्नु भयो । त्यतिबेलाको मेरो अभिव्यक्ति सुनेर होला उहाँले उक्त किताब त्यही सम्मानस्थलमा मलाई मात्र उपहार स्वरूप दिनु पनि भयो । नारी दिवशका दिन नारी अधिकार बारे वकालत गर्नेलाई उहाँले चुन्नु भएको थियो । पौराणिक मिथकमा उपेक्षित पात्रहरूका बारेमा कविज्यूको समवेदना जागेको देखेर म अत्यन्त प्रशन्न भएँ । यस संस्थाबाट मेरो अनावृत्त (उपन्यास २०६६) का लागि हरि उत्कृष्ट प्रतिभा पुरस्कारद्वारा २०६९ असारमा सम्मानित भइसकेकी हुँ । उक्त दिन उपर्युक्त अरू तीनजना सरह म पनि विशेष रूपमा सम्मानित भएको अनुभूत गरैं ।

दिनाङ्क - २०७१, फागुन २४ गते

कपुरधारा, काठमाडौं

❖❖❖

हरि सांस्कृतिक केन्द्र एक परिचय

- सुनील अर्याल

नेपाललाई धरातलीय हिसाबले तराई , पहाड र हिमाल गरी वर्गीकरण गरिएको छ । यस्तै पहाडी जिल्ला मध्येको एक गोरखा हो । पहाडी जिल्ला गोरखालाई ऐतिहासिक महत्त्वले भरिपूर्ण जिल्लाको रूपमा लिइन्छ । हरिभक्त देवकोटा पनि यसै जिल्लामा जन्मिएका हुन् ।

ऐतिहासिक र रम्य पर्वत लिग्लिगको दक्षिण पाखामा एउटा प्रसिद्ध गाँउ छ पण्डित गाँउ । वि.सं. १९६६ साल धेरै पुराकाल होइन, गोरखा राजधानी काठमाडौंबाट धेरै टाढा पनि होइन, तापनि त्यतिवेलाको कुरा पनि धेरै पुरानो जस्तो लाग्छ । लिग्लिग निकै टाढा जस्तो प्रतीत हुन्छ । आज यातायात र शिक्षाको विस्तार भएकाले यो छोटो अवधिमा ठूलो अन्तर परिसक्यो, दूरी धेरै खुम्चियो । अनवरत काल जति लामो भएपनि त्यो चर्चाको विषय हुदैन, परिवर्ततको अवधि नै ऐतिहासिक हुन जान्छ । परिवर्तनका निम्ति जसको जति पनि भूमिका रहेको हुन्छ तिनको कुनै न कुनै रूपमा लिपिमा अङ्कित हुँदा व्यक्ति व्यक्तिको परिचयभन्दा पनि व्यक्तिपरिचय दिंदा झल्किने त्यस बेलाको सामाजिक स्थिति परवर्तीहरूलाई बढी प्रयोजनपूर्ण हुन जान्छ । संभवत : कसैको जीवनीको महत्त्वपूर्ण सन्देश नै त्यही हो ।

वि.स.१९६६ मा जन्मिएका हरिभक्त देवकोटा त्यसबेलाको त्यस समाजको एक परिचायकको रूपमा प्रस्तुत हुन्छन् । जुन बेला मुलुकमा एक प्रतिशत पनि साक्षर थिएनन् कि ?

उनको केही पूर्ववृत्तको चर्चा गरौं

भारद्वाज गोत्रीय यो देवकोटा परिवार पश्चिम अछामबाट जम्ला र त्यहाँबाट गोरखा आएको बुझिन्छ, कन्नौजबाट लगभग ४०० वर्ष पहिले उत्तराखण्डतिर लागेका कति समयमा अछाम आइपुगे त्यसको भरपर्दो विवरण भेटिन्न तापनि कान्य कुब्ज मानिने ब्राहमणहरूको पूर्वस्थल कन्नौज भन्नेमा सन्देश रहन्न ।

भारद्वाज, अङ्गिरस, बार्हस्पत्य- त्रिप्रवर भएका शुल्क यजुर्वेदाध्यायी देवकोटाहरू अछामको देवकोटामा बसाइ आउनुपूर्व के उपनामबाट चिनिन्थे

होला ? संभवत : कान्यकुब्ज भारद्वाज वा उपाध्याय - यिनै मध्ये कुनै नामबाट देवकोटाहरू पूर्विया हुन् ।

भरद्वाज - ऋषिकुलको उत्पति र शाखा - प्रशाखको वर्णन भेटिन्छ । भरद्वाजका सन्ततिलाई भारद्वाज भनिन्छ । भरद्वाज स्वयम् अङ्गिरस र ब्राहस्पत्य हुन् । अर्थात् भरद्वाजका पिता बृहस्पति र पितामह अङ्गिरस रहेछन् । जुन जुन कुलमा जो प्रसिद्ध भए तिनको नाम लिने परिपाटी अनुसार भरद्वाज गोत्रीयहरू उक्त तीन पुर्खाको नामबाट त्रिप्रवर जगाँउछन् ।

भेटिएसम्मको पुस्तावली अनुसार यो देवकोटा परिवार अध्यापन र पौरोहित्य वृत्तिमा संलग्न देखिन्छ । परिवारका सबै नै पण्डित हुँदा त्यहाँ गाउँको नाउँ नै पण्डित रहन गएको छ । यो गाँउ गोरखा र छिमेकका प्रदेशहरूको निमित्त विद्याको केन्द्र जस्तो नै मानिन्थ्यो । प्रत्येक जसो घरमा संस्कृतमा लेखिएका पुराण, साहित्य, वेद होला । वेदादि ग्रन्थहरू धेरै हस्तलिखित हुन्थे । २००७ सालपछि अनुसन्धानकर्ताहरू गाउँ गाउँ पस्नुभन्दा पहिले देवकोटा परिवारको पुस्तकलयमा विजय तिलक र भूपनिरन्जन महाकाव्यका पाण्डुलिपिहरू थिए । कुनै अनुसन्धानकर्ताको सङ्ग्रहमा कतै होला कि नहोला । यसबाट पढ्ने र पढाउनेका अतिरिक्त कवित्वको परम्परा पनि भएको देखिन्छ ।

त्यहाँ सबै नै पण्डित नभए पनि निरक्षर कोही रहन्नथे । तर महिलाहरूले भने पढने चलन थिएन । प्रारम्भिक अध्ययन घर सारमा गरी विशेष अध्ययनका लागि काठमाडौं र काशी जाने चलन थियो ।

हरिभक्तको शिक्षा दीक्षा गाउँमै र काठमाडौँमा सम्पन्न भएको हो । उनी बालक छदै पिताको स्वर्गवास भएकाले उनको पठनपाठनको भार उनकी आमा माथि पर्न गयो । उनले काठमाडौको रानीपोखरी प्रधान पाठशालाबाट संस्कृत व्याकरणमा मध्यमा सम्म पूरा गरे । त्यसपछि उनी गाउँमा नै रहन थाले ।

पढाउने स्वयम् पढने र पुराण कथावाचन गर्ने काम गर्दथे । यसैमा उनको जीवन अधिक व्यस्त रहन्थ्यो तर त्यतिले जीवन निर्बाह नहुने हुनाले कृषि व्यवसाय पनि गर्दथे ।

पौराणिक, अध्यापक र पण्डितको रूपमा उनको ख्याति र सम्मान थियो । लमजुङ्ग र गोरखा उनको कार्यक्षेत्र रह्यो तर उनीसित पढ्नको लागि धेरै टाढाटाढाबाट विद्यार्थीहरू आउथे । कथावाचनमा उनको विशेषता भएकाले

हरेक वर्ग र पेशाका मान्छेलाई उनी प्रिय र आदरणीय थिए ।

उनी वि.सं. १९९० को दशकमा नै गोरखापत्र र 'शारदा' का ग्राहक थिए । आफ्नो दलानमा मान्छे जम्मा गरेर देश विदेशका समाचार सुनाउँथे र साहित्यिक रचना पाठ गर्दथे । स्वयम् पनि कविता लेख्दथे । उखान, टुक्का र हास्यव्यङ्ग्यमा, गीत र हार्मोनियम तबलामा पनि रसिक थिए र अक्षर साह्रै राम्रा लेखदथे । स्वयम पनि गोरा थिए । उनले लेखेका कविताको सङ्ग्रह भेटिएको छैन, फुटकररूपमा कहाँ छापिए होलान् ? खोजी गर्दा शारदा" (वर्ष १, संख्या १०-११, १९९२) मा एउटा 'सन्ध्या' पद्य कविता मात्र भेटिन्छ भने उनको निधन वि.सं. २०११ साल भाद्रमा दरभङ्गामा उपचार गर्दागर्दै भएको थियो ।

साहित्य, कला र संगीतको सुरूवात शून्यबाट हुँदैन । यसका लागि देश, काल र परिस्थितिको सहयोग चाहिन्छ । सर्जकसँग कल्पना र भावनाको तरेली बहनु पर्छ । वि.सं. २०४० को दशक राजनैतिक सामाजिक र साहित्यिक उथलपुथलको दशक थियो । एकातिर बहुदलीय शासन व्यवस्थाका लागि राजनैतिक कर्मीहरू हातमा झण्डा लिएर नयाँ युगको आह्वान गर्दै थिए भने अर्को तर्फ साहित्य र कलाप्रेमीहरू यही वातावरणको बीचबाट हातमा कलम लिएर सिर्जनाको विरूवा रोप्दै, फुलाउदै र फलाउँदै थिए । यिनै सर्जकहरूलाई आत्मबल भर्न र नयाँ नयाँ सर्जकहरूलाई आत्मबल भर्न नयाँ नयाँ जन्माउने ध्येयले वि.सं. २०४६ मा स्थापना भएको संस्था हो, 'हरि सांस्कृतिक केन्द्र' ।

वरिष्ठ साहित्यकार, राजनीतिज्ञ र पूर्वीय दर्शनमा खारिएका दार्शनिक एवम् 'मदन पुरस्कार' र 'साझा पुरस्कार' विजेता श्री राजेश्वर देवकोटाले आफ्ना सोपिता स्व. पं. हरिभक्त देवकोटाको पुण्य स्मृतिमा आफूले सिर्जना गरेको उत्सर्ग प्रेम (उपन्यास) ले प्राप्त गरेको मदन पुरस्कार र साझा पुरस्कारको रकमबाट स्थापित यस 'हरि सांस्कृतिक केन्द्र' शुद्ध साहित्यिक र सांस्कृतिक गैर राजनीतिक संस्था हो ।

१.२ उद्देश्य

जुनसुकै केन्द्रको आ-आफ्नो लक्ष्य र उद्देश्य हुने हुँदा कवि पण्डित हरिभक्त देवकोटा नाममा स्थापित हरि सांस्कृतिक केन्द्रको उद्देश्य देहाय वमोजिम रहेको छः

क) साहित्य, सङ्गीत र कलाको विकास गर्ने

ख) उक्त विषयहरूमा क्रमशः वार्षिक रूपमा 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' सञ्चालन गर्ने

२.३ हरि सांस्कृतिक केन्द्रले गरेका कार्यहरू

यस केन्द्रले आफ्नो स्थापनाकालको दोस्रो वर्षदेखि उत्कृष्ट प्रतिभाहरू खोजी गर्दै आफ्नो गच्छेले भ्याएसम्म पुरस्कृत गर्दै र पाण्डुलिपि समेत छापिदिएर प्रतिभाहरूलाई सम्मान गर्ने कार्यमा हालसम्म पनि निरन्तरता दिँदै आएको व्यहोरा सङ्क्षेपमा यसरी चर्चा गर्न सकिन्छ :

- वि.सं. २०४८ मा राम नारायण जोशीको 'मलाई विभाजित नगर कवितासङ्ग्रहको पाण्डु लिपिलाई पुरस्कृत गरी आफैले प्रकाशन गरेको
- वि.सं. २०४९ मा 'समयको लागि' कविता सङ्ग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी प्रकाशन गरिएको ।
- वि.सं. २०५० मा कवि विष्णुप्रसाद धितालको 'नि' कवितासङ्ग्रह पुरस्कृत भएको ।
- वि.सं. २०५१ मा पि.वी. गोरखालीको कविता सङ्ग्रह पुरस्कृत भएको ।
- वि.सं. २०५२ मा विनोदप्रसाद धितालको 'योजन गन्धा' उपन्यास पुरस्कृत (मदन पुरस्कार विजेता) भएको ।
- वि.सं. २०५३ मा तीर्थराज वन्तको 'आँखामा हिजोको इतिहास' पुरस्कृत भएको ।
- वि.सं. २०५४ मा धनञ्जय भट्टको 'यत्न' कवितासङ्ग्रह पुरस्कृत भएको ।
- वि.सं. २०५५ मा दिनानाथ शर्माको 'नेपाली साहित्यमा गोरखा' अनुसन्धानमूलक कृति पुरस्कृत भएको ।

यस पछिका दिनहरूमा पनि देशको राजनैतिक र सामाजिक समस्याहरूको वीचबाट उठेर अस्थिरता तथा अराजकताको वीचबाट पनि यस संस्थाले आफ्नो निरन्तरतालाई पछाडि हुन दिएन । हरेक वर्ष कुनै न कुनै सर्जकहरू सम्मानित हुँदै आएका छन् । राजु बाबु श्रेष्ठका 'मनहरू' कवितासङ्ग्रह, सुशील बाबु श्रेष्ठको 'कालखण्ड' उपन्यास, कवि नेत्रमणि आचार्यको 'दर्जी सुजेरो' कवितासङ्ग्रह, रूद्रनाथ पोखरेलको 'पूर्णप्रसाद ब्राहमणको साहित्यिक योगदान' खोजमूलक रचना, नारायणप्रसाद खनालको 'गोरखाको डायरी', सीता अर्यालको 'उपमा' कथासङ्ग्रह केदारनाथ खनालको 'यात्राका स्पन्दनहरू' नियात्रासङ्ग्रह, शिवहरि मरहठ्ठाको 'मति विनोद र रामशरण शर्माको सम्पादनमा प्रकाशित गायत्री गणेश स्मृति ग्रन्थ' वि.सं. २०६४ मा नारायणप्रसाद पोखरेलको प्रतिबिम्ब कविता कृति वि.सं. २०६६ का लागि प्रभा कैनीको 'अनावृत' उपन्यास, वि.सं. २०६७ का लागि

तुलसी न्यौपानेको महादेशीय यात्रा, वि.सं. २०६८ मा विकल चन्द्र आचार्य, वि.सं. २०६९ मा तुलसीमान श्रेष्ठ र वि.सं. २०७० मा रमेश चन्द्र देवकोटा पुरस्कृत हुनु भएको छ ।

१.४ निष्कर्षः

हरिभक्त देवकोटाको आफ्नो संस्कृति र साहित्यप्रति प्रेम भएकाले उनकै नामबाट स्थापित 'हरि सांस्कृतिक केन्द्र' २०४६ हो । यस केन्द्रको अक्षय कोषको प्रारम्भमा रू ५८,००० (आन्ठाउन्न हजार) मात्र थियो । यस कोषको व्याजबाट अर्जित रकम र पारिवारिक स्रोतबाट पुरस्कार प्रदान गर्ने कार्य भइरहेको छ । गोरखा सदरमुकाम बजारमा आफ्नै जग्गामा नवनिर्मित भवनबाट साहित्यिक गतिविधिहरू सञ्चालन हुँदै आएका छन् ।

Sunil aryal 2015@gmail.com

सन्दर्भग्रन्थ सूची :

१. देवकोटा, कुलमणि (२०४९), 'नेपाली' त्रैमासिक पत्रिका, पूर्णाङ्क १३१
२. सचिवको प्रतिवेदन २०७१ फागुन २५ गते ।

❖❖❖

अति निर्मल ज्योति विकास गरी
भरी मातृभण्डार प्रकाश गरी
मनका शुभभाव अनेकथरी
छरी जाति सुधार गरौं नडरी ।

नहिँता यस मानव जीवनको
गति व्यर्थ छ यो अकृतार्थ भयो
यस हेतु यहाँ विनती यहि हो
पिव काव्य-सुधा मधु मानव हो ।

- धरणीधर कोइराला

❖❖❖

देवघाट-मेरो दृष्टिमा

- चन्द्रवदना घिमिरे

मान्छन् यो जन देवघाट सबले उत्कृष्ट तीर्थस्थल
आस्थाकेन्द्र र पुण्यभूमि सबको मानिन्छ देवस्थल
शिक्षाकेन्द्र छ ज्ञानभूमि पनि हो भण्डार हो ज्ञानको
रोज्छन् मानिस देवघाटसरि यो विश्रान्ति हो अन्त्यको ।

यो हो पावन देवभूमि मिलने एकत्र भै देवता
ब्रह्मा विष्णु महेश शक्ति स्वरूपा लक्ष्मीसँगै पार्वता
गायत्री र सरस्वती भगवती गङ्गा र गौरी अनि
छन् चक्रेश्वर पद्मनाभ हरि औं केदारवद्री पनि ।

वेनी उत्तरमा गलेश्वर भनी प्रख्यात त्यै ठाउँले
बाबाको त्यहीं थ्यो मुकाम पहिले आए त्यही नामले
बाबाबाट खुलेछ आश्रम अघी त्यै नाम नामाङ्कन
गर्दा आश्रम त्यो गलेश्वर भनी थालेछ चर्चा लिन ।

जम्मा सातवटी मिली हिमनदी हुन् सप्त यी गण्डकी
बग्छिन् पश्चिम भेकका सब नदी यी स्रोत हुन् मोक्षकी
यो हो पावन देवघाट जगकै मानिन्छ सर्वोत्तम
पाटो जीवनको मुमुक्षुजनको अर्पिन्छ आफ्नै पन ।

तादी औ त्रिशुलीसँगै अघि बढे मिल्दी भइन् गण्डकी
मर्स्याङ्दीसित भो सुभेट यिनको मुङ्लीनमा सङ्गति
गाईघाट विषे मिले दुई नदी मादी र सेती अनि
काली संगम देवघाट हुन गो सातै भए पूर्ण नि ।

कालीको महिमा विशेष थरिका क्षेत्रै समेटीकन
शालिग्राम शिला जमाई यिनले ल्याइन् पखालीकन
मुक्तिक्षेत्र सँगै गलेश्वर हुँदै रू रू बन्यो पावन
ओर्लिन्छिन् तल देवघाट तक यी मुस्ताङ छाडीकन ।

आवासीय हुँदै वटूहरू यहाँ बस्छन् सदाचारमा
शिक्षा वैदिक धर्म संस्कृति सँगै अध्यात्म सम्बर्धन
आचार्यै तहको पढाइ हुन गो वेदान्तका इच्छुक
नेपाली पहिचान विश्वभरमा धन्यै छ वेदान्तिक ।

❖❖❖

लैनचौर, काठमाडौं

जीवनी वृत्तमा

पूर्णप्रसाद ब्राह्मण

– रुद्रनाथ पोखरेल

पौराणिक कालका गोरखनाथको तपोभूमि र देवी मनकामनाले आफ्नो दिव्य शक्तिले सधै पालनपोषण गरेकी यस धराधाममा वैदिक युगदेखि वर्तमानसम्म धेरै बहादुर, पराक्रमी, विद्वान्, योध्दा र समाजसेवी तथा राजनीतिज्ञ जन्मिसकेका छन् । इतिहासका पानाहरू पल्टाउँदा द्रव्यशाहले गोरखा राज्यको शिलान्यास गरेदेखि पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरणको अभियान चलाएसम्म माध्यमिक कालीन गोरखा राज्यले खासै उन्नति देखाउन सकेन । राजधानीबाट नजिकै रहेतापनि दूर दराजका बस्तीहरूले संसार सामु प्रष्ट्याउने मौका पाएनन् ।

यही प्रकृतिको धनी, सुन्दरताको खानी र मौलिक संस्कृतिको बीचमा रहेको नेपालको पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने शस्यश्यामला धरतीको एउटा दूर दराजको वस्ती, गोरखा जिल्लाको क्षेत्र नं. २ को उत्तरी क्षेत्रमा काफल डाँडा भन्ने रमाइलो गाउँ छ । उत्तरतिर दूधपोखरी तीर्थस्थल र गोरखा हिमाल, पश्चिममा रानी वसन्तावतीले आफ्ना दुई भाइ छोरा द्रव्य शाह र नरहरि शाहको झगडा मिलाउन दूध बगाएको चम्पावती नदी, पूर्वमा रमणीय पर्यटन क्षेत्र भच्चेक बजार र सिरान डाँडा तथा दक्षिणतर्फ पर्यटकीय दृष्टिले उच्च ठानिएको भीरसिं गाउँहरू पर्दछन् । यसै पावन भूमिमा वि. सं. १९७९ को असार महिनाको हरिशयनी एकादशी तिथिमा आफ्नी माता रूक्मिणी र पिता देवीदत्तको पहिलो सन्तानका रूपमा जन्मेका थिए, नेपाली वाङ्मयका धनी पूर्णप्रसाद दुवाडी । उनका एउटी दिदी दुईवटा भाइ र दुईटै वहिनीहरू थिए । वि.सं. २००४ पछिको राणा विरोधी आन्दोलनमा लागेपछि ब्राह्मणहरूलाई उनीहरूले गल्ती नै गरे पनि कम सजायँ दिइने परम्परालाई ध्यानमा राखेर आफ्नो थर लेख्नको सट्टा ब्राह्मण लेख्ने परम्पराको थालनी उनी आफैले २००५ बाट गरेका हुन् । यस सन्दर्भमा खोजकर्ता बुद्धिसागर पराजुलीले आफ्नो मत यसप्रकार राखेका छन् - 'ब्राह्मणको पुख्यौली घर गोरखाको काफलडाँडा हो । निजका बाबु देवीदत्तलाई गाउँलेहरू 'दशरथ' भन्थे । उनको विवाह लमजुङको विचौरमा भएको थियो, यसैले पूर्णप्रसाद मावली विचौर नै थियो । दशरथको एकजना दाजु थिए, तर

उनका सन्तान थिएनन् । दशरथ (देवीदत्त) का बाबुका यजमान खरिबोटका नामी र सम्पन्न धितालहरू थिए । ती मध्ये एकजना स्यार्तानिका धिताल थिए । एकदिन खगेश्वरको घरमा सत्यनारायणको पूजा गर्न जाँदा आफ्ना यजमान खगेश्वरसँग दशरथका बाबुले ज्यादै नम्र भएर भनेछन् - 'हजूर मेरो छोरो ज्यादै लुरे भयो, के गर्ने होला ?' त्यसको प्रत्युत्तरमा खगेश्वरले भनेछन्- हाम्रा छोरानाति र भान्जाभान्जी लुरे भएमा माथि पाताल (खरीबोटका धितालहरू पहिले लेकमा खर्क राखेर भैसी पाल्ने गर्दथे त्यो प्रचलन अझै पनि छ, पठाउने गरेको छु । एक वर्ष जति गोठमा राख्यो दूध दही मजाले खान्छन् परिश्रम गर्छन् र मोटोघाटो भएर आउँछन् । तपाईं भन्नुहुन्छ भने तपाईंको छोरालाई पनि माथि गोठमा पठाइदिनुहोस् । धितालको कुरा ठिकै लागेको हुनाले एकवर्षसम्म दशरथलाई गोठमै राखिदिएछन् । नभन्दै एकवर्ष पछि दशरथ पहलमान जस्तै भएर फर्केछन् । यो देखेर यजमान पुरोहित दुवै खुशी भएछन् । एकदिन खगेश्वरले आफ्नो पुरोहितलाई सोधेछन् 'अब के गर्ने विचार छ ? छोराको भविष्यको बारेमा के सोचेका छौ ?' बाबुसँग बसेका पुरोहितका छोराले नम्र भएर भनेछन् - म हजुरको पुरोहितको छोरो, राम्ररी पढाइ गर्न सकेको छैन । अरू जस्तै टपरे बाहुन हुन पनि मन लागेको छैन । खर्चवर्च मिलाई बक्सेमा नेपाल गएर पढी गतिलो पुरेत भएर आउने थिएँ । दशरथको कुराले खगेश्वरको मन छोएछ उनी खुशी भएर १० पाथी चामल, दाल, भटमास, भुटेको मकै, मूलाको चाना, एक सिमाङ घ्यू र १३ रूपयाँ खर्च दिएर आफ्नै घरबाट नेपाल पठाइदिएछन् ।

धिताल, बुटवल, परासी, स्युराज र खजनी समेत ४ क्षेत्रको मुख्य हाकिम रहेछन् । हाकिमबाट अवकास पाएपछि घरमै बसेको भएता पनि साधु, सन्त विद्धान् र ठूलाबडाको सङ्गत पाएका धिताल ज्यादै दिलदार व्यक्ति थिए । दशरथको विद्यार्जनमा उनको निकै ठूलो देन रह्यो । दशरथ काठमाण्डौ गएर नरदेवीमा डेरा गरेर पढ्न थाले, व्याकरण र ज्योतिषशास्त्रको समेत अध्ययन गरे । यसै क्रममा उनले वसन्तपुरका चौतारीयासँग आफ्नो सङ्गत बढाए । चौतारियाका सङ्गतले शालिग्रामको परीक्षण गर्ने र सङ्गीत विधामा पनि पारङ्गत भए । आफ्नो जीवन चलाउने क्रममा उनले २७ घरमा ट्यूसन गरेका थिए । दिनभरी दौडादौड गर्नु पर्ने हुनाले उनलाई दौडीदत्त पण्डित पनि भन्दथे रे । दाल- भात पकाउने पनि फुर्सद पनि नहुँदा प्राय उनी गुन्द्रुक र घ्यूसँग भात खान्थे । छोरालाई पनि घ्यू र गुन्द्रुकसँग भात खुवाउँथे । तर पूर्णप्रसादलाई घ्यू

पच्चैनथ्यो ।

उनी रामभक्त पनि थिए रे । यिनले रामभक्त हनुमानको पनि दर्शन पाएका थिए रे भनेर उनका साथी सङ्गति कुरा गर्दथे । रामायणको पुस्तक च्यापेर हिड्ने गर्दथे । एक पटक रामायणको कथा सुनाएर खगेश्वर धितालललाई भाव विभोर बनाएकाले आफूले गरेको सहयोग खेर गएनछ भनेर सवैले सुन्ने गरी उनको प्रशंसा पनि भएछ । यिनै विद्वान्का छोरा पूर्णप्रसाद ब्राह्मणसँग बुद्धिसागर पराजुलीको काशीमा परीक्षा दिन जाँदा भेट भएछ । त्यसवेलाको भेटघाट पछि वि.सं. २०५९ सालमा पूर्णप्रसाद ब्राहमणसँग उनको मृत्यु हुनभन्दा तीन दिन अगाडि शिक्षण अस्पतालमा भेटेका रहेछन् तिनैका खोज वा संस्मरण हुन् यी माथिका पङ्तिहरू ।

काठमाण्डौ प्रस्थान र बाल्यकाल:-

दौडीदत्त भनौ वा देवीदत्त १८ वर्ष अगाडिदेखि नै काठमाण्डौ गएर वसोबास गरेका संस्कृतका भरोसा लाग्दा पण्डित थिए । देवरूीदत्त विशेष गरी शिक्षण पेशामा नै लागेका हुँदा छोरा पूर्णप्रसादलाई पनि काठमाण्डौमा नै लगेर शिक्षा दिने विचार गरेछन् । त्यसैको फलस्वरूप ५ वर्ष कै उमेरमा उनलाई काठमाण्डौ लगिएको थियो । उनलाई पालन पोषण गर्ने कार्य उनकी आमाकी दिदी (ठूली आमा) गायत्रीदेवीबाट भएको पाइन्छ । शुरूका दिनमा नरदेवीमा डेरागरी बसेका भए तापनि देवीदत्त सानो घर घडेरी लिएर ताहचलतिर सरेको पाइन्छ । सम्भवत: यो समय वि.सं. १९८८ तिर भएको मानिन्छ । काठमाण्डौको प्रवेश पछि शुरूका दिनहरूमा संस्कृतको लघु कौमुदी, ज्योतिष अग्निस्थापनाका पाठ्यपुस्तकको अध्ययन गरेका थिए । सानो उमेरमा चट्पटे स्वभाव भएका, छिट्टै साथी बनाउन सक्ने, विरोधीको खोइरो खन्ने, एकपटक पढेपछि सम्झिहाल्ने आफन्तहरूलाई अत्यन्त सम्मान गर्ने र आफ्ना सहपाठीका वीचमा ज्यादै प्रिय व्यक्ति थिए यी । बाबुको प्रभावले गर्दा धेरै पढेर ठूलो मान्छे बन्नु पर्छ भन्ने उनको भित्री भावना थियो । सात वर्षकमे उमेरमा नै उपनयन सस्कार भएको थियो । गाउँबाट सहर पस्दा नै सामान्य साउँ अक्षर पढ्न जानेका पूर्णप्रसादले केही वर्षको गृह अध्ययनपछि देवीदत्त आफू मध्यमा उत्तीर्ण, व्याकरणका ज्ञाता र ज्योतिष शास्त्रका हिमायती भएको हुँदा आफ्नो छोरालाई त्यस्तै विद्वान्, व्याकरण र ज्योतिषविद् बनाउन चाहन्थे । तर रानी पोखरी संस्कृत पाठशालाका हेड गुरू सोमनाथ सिग्देलले सो कुरालाई रोके ।

शिक्षाः-

सामान्य संस्कृतको ज्ञान प्राप्त गरेका पूर्णप्रसाद दुवाडीलाई बाबुको इच्छा बमोजिम नभई पण्डित सोमनाथ सिग्देलको सल्लाह बमोजिम न्याय पढाउने सोच बनाइयो। तर देवीदत्तले न्याय क्षेत्रलाई त्यति राम्रो नमानेको हुँदा छोरालाई वेद विषय पढाउने निधो गरे र १४ वर्षको उमेरमा तीनधारा पाठशालामा भर्ना गरे। मेधावी, चञ्चल र खोजपूर्ण कार्यहरूमा अति लगनशील हुने पूर्णप्रसादलाई तीनधारा पाठशालामा पढाउन श्री ३ महाराजका गुरूज्यू पण्डित हेमराज पाण्डेको स्वीकृति पछि मात्र पाठशालाबाट पाइने सुविधा लिन सकिन्थ्यो। त्यही अनुरुप गुरू हेमराजले सम्पूर्ण सुविधा मिलाए पछि लगनशील भएर पढ्न थाले। मध्यमा परीक्षा उत्तीर्ण गरेपछि पूर्व मीमांशा क्षेत्रमा प्रवेश गरे। वि. स. २००३ सालमा काठमाण्डौमा बसेर पढी आचार्य परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे। तर आचार्य सम्म पढ्दा पनि रोजगारी र अन्य क्षेत्रमा व्यावहारिक रूपमा उपयोग गर्न नसकेपछि प्राप्त शिक्षाको कुनै उपयोगिता नदेखेर प्रमाण पत्र च्याते भन्ने सुनिन्छ।

आफू मेधावी भएकै कारणले उनका सहपाठीहरू पनि त्यस्तै थिए। कृष्णप्रसाद भट्टराई, माधवप्रसाद घिमिरे, अम्बिकाप्रसाद अधिकारी ... जस्ता लगनशील छात्रहरू उनका सहपाठी थिए। पूर्णप्रसादको एउटा महत्त्वपूर्ण विशेषता चाँहि सधैं कक्षामा प्रथम हुने र धेरै अङ्कले आफ्ना प्रतिस्पर्धीलाई जित्ने थियो। तिनताका तीनधारा पाठशालामा प्रायः सम्बन्धित गुरूहरूको अभाव भैरहने गर्दथ्यो, तैपनि स्वाध्ययनबाट सधैं प्रथम श्रेणीमा उर्तीण हुनु उनको विद्वताको झलक हो। त्यस्तै प्रतिभाको गहिराइ हो। आफ्नो अध्ययनको गहिराइ र विद्वत मित्रताको परम्परालाई अझैं गाढा बनाउन हालका राष्ट्रकवि माधवप्रसाद घिमिरे र पूर्णप्रसाद दुवाडीले मित्रसाइनो गाँसेका थिए। अर्थात् मित लगाएका थिए। पठनपाठन कार्यमा दत्तचित्त दिएर कलेजमा नै बसेर पढ्न नसके पनि उनी प्रायः उच्च शिक्षा पढ्नको लागि भारतको बराणसीमा पर्ने क्विन्स कलेज (हालको सम्पूर्णानन्द विश्वविद्यालय) भर्ना भएका थिए। तर स्वध्यनबाटै यी तहहरू पार गरेका थिए। बाबुको सानो आम्दानी, आफ्नो बेरोजगारी अवस्था, सानो गृहस्थी र राजनैतिक जागरणका कारणले अन्य सहपाठीको दाँजोमा सजिलैसँग अध्ययनकार्यलाई अगाडि बढाउन नसके तापनि उनले लगनशीलता र तीक्ष्ण बुद्धिका कारणले हरेक श्रेणी पार गर्न सफल भएका देखिन्छन् ब्राह्मण।

दाम्पत्य जीवन र आर्थिक अवस्था

तत्कालीन ब्राह्मण क्षेत्री परिवारमा चलेको विवाह परम्परा अनुरूप वि. स. १९९२ मा उनको पहिलो विवाह नवलपुरकी सावित्रादेवीसँग भएको थियो । त्यतिवेला उनी जम्मा १३ वर्षका थिए । पछि २००४ सालमा आचार्य उत्तीर्ण गरेपछि २४ वर्षको उमेरमा काठमाण्डौ फर्केर त्यही बसोबास गर्न थाले। त्यसपछि काठमाण्डौ स्युचाटार निवासी कृष्णबहादुर र देवकुमारीकी एउटी मात्र सुपुत्री सीतादेवीसँग उनको दोस्रो विवाह २००७ सालमा भएको थियो । आफ्नी गाँउमा विवाह गरेकी जेठी पत्नीबाट २ छोरा र ५ छोरी जन्मेका थिए भने कान्छी पत्नी सीतादेवीले ५ छोरा र २ छोरी । यसबाट के स्पष्ट हुन्छ भने स्व. ब्राह्मणका २ गुँडका गरी १४ जना छोराछोरी थिए, ७ छोरा ७ छोरी । परिवारको आकार निकै ठूलो भए पनि सबैजना सुख: दु:ख गरेर राम्ररी नै बाँचेका थिए । हाल पनि उनको पारिवारिक स्थितिलाई बुझ्दा मध्यमवर्गीय हैसियत रहेको पाइन्छ । उनका समकक्षी र आफन्तहरूसँगको भेटघाटमा प्रसङ्ग चल्दा दुई पत्नीको पतिले गर्ने नराम्रो ब्यावहार गरेको पइदैन ।

परिवार सङ्ख्या बढी हुनु उनको लागि अभिशाप जस्तै थियो । आर्थिक अवस्थाले भरथेग गर्न नसक्दा सधैं ऋणी भएर बाँच्नु पर्ने अवस्था पनि नआएको होइन । उनका बाबु देवीदत्तले पनि दु:ख गरेर पेढका र पछि जीविका चलाउन ट्यूसन समेत गरेको कुरालाई समेत उनी नढाँटी भन्दथे । आफ्नो पालामा पनि दर्जनभन्दा बढी छोराछारीलाई पढाउन लेखाउन ज्यादै कठिन थियो । वि.स. २००४ सालमा आफू वनारसबाट फर्केपछि आफ्नो गाँउ काफलडाँडाको पुख्यौंली सम्पति दाजुभाइ र आफन्तलाई जिम्मा लगाएर लगातार काठमाण्डौमा बसोबास गर्न थालेका थिए । यस्तै यस्तै प्रकारले पारिवारिक विपन्नता बढ्दै गए पनि घरभित्रको सामाजिक वातावरण चाहिँ सुख र शान्तिमय नै थियो भन्नुपर्छ । आफ्नो स्वाभिमान र कसैसँग नझुक्ने चरित्र भएको हुँदा जतिसुकै राम्रो मौका पाउँदा पनि आफ्नो ब्यक्तिगत पूँजी जोड्ने रहर भने उनमा कहिल्यै भएन । वि.स. २०१२ सालमा धादिङ्गको अवलटारमा करिव १०० रोपनी जग्गा लिएर केही समय त्यहीँ बसोबास गरे । तर सधैं सहरबजारमा बसोबास गर्ने शिक्षित विद्वान्सँग सङ्गत गर्ने स्वभाव भएको हुँदा फेरि काठमाण्डौ नै सवै परिवार फर्किए । हाल उनको एक छोराको परिवार त्यहीँ बसोबास गर्छन् । यसरी जीवनको धेरै समय देश, जनता र स्वतन्त्रताको लागि लडिरहने जुधारू योद्धा बहुमुखी प्रतिभाशाली

पूर्णप्रसादको आर्थिक अवस्था भने जीवनभरि नै सफल सुचारू रहेन ।

जागिरे जीवन

पठनपाठनमा मेधावी स्वाभिमानले युक्त जीवन र स्वतन्त्रताका पक्षपाती पूर्णप्रसाद ब्राह्मण 'जय तु संस्कृतम् आन्दोलनका अगुवाहरूमध्येका सक्रिय एकजना भएकाले पनि प्रशासननिक उच्च ओहदामा रहेकाहरूले उनलाई जहिले पनि बक्रदृष्टिले मात्र हेरे । २००७ सालको राजनीतिक परिवर्तन पछि भने राजसभाका सदस्य र निर्वाचन आयुक्त जस्ता अनेक पदमा रहे ।

लेखनमा प्रेरणा र प्रारम्भ

विद्यार्थी जीवनबाट नै लघु कथा लेख्ने साथीहरूको विचमा कविता सुनाउने र छिटपुट निबन्ध लेखेर आफ्ना हितैसीहरूको विचमा देखा पर्दथे पूर्णप्रसाद । पढ्ने कुरामा ज्यादै सौखिन भएको हुँदा संस्कृतका विद्वान्हरूले लेखेका ठुला ठुला काब्यहरूको अध्ययन मनन र चिन्तन गर्न उनी निकै लालयित पनि हुन्थे । संस्कृतका कवि भारवी , माघ, श्रीहर्ष , विश्वनाथ र कालिकादासका कृतिबाट उनी बढी प्रभावित भएका थिए । १९९७ पछिको सहिद पर्व पछि जेल परेका शिद्धिचरण श्रेष्ठ जेलबाट निस्केपछि संस्कृतमा मात्र नभई नेपाली भाषा र साहित्य रचना गरेमा धेरै पाठकहरूले पढ्ने र आफ्नो साहित्यिक धरातल पनि माथि उठ्ने कुराको शिक्षा पाएका पूर्णप्रसादलाई नेपाली साहित्य लेख्ने प्रेरणा झन् बढ्न थाल्यो । सानैदेखि लेखनमा अभ्यास भए तापनि सवै भन्दा बढी सशक्तता वि.सं. २००२/२००३ तिरबाट भएको पाइन्छ । त्यसैबेलादेखि नै प्रजातन्त्रको लडाइँमा साहित्यको अगुल्टो बोकेर निडर भई उठेको पाइन्छ । तर उनको आधिकारिक रचना भने वि. सं. १९९२ को शारदा पत्रिकामा छापिएको 'वरदान' कथा हो । त्यस पछि आधिकारिक र हालसम्म पाइएको प्रकाशनहरूमा २००३ चैत्र १ मा छापिएको गोरखापत्रमा सम्पादकलाई चिठी शीर्षकको 'गोरखापत्र सरकारको मुखपत्र' भएको आरोप सहितको चिठी हो । ब्राह्मण आफैंले खोजकर्ता दिननाथ पन्थीलाई दिएको अन्तर्वार्तामा भने उनको पहिलो आधिकारिक रचनाको रूपमा 'ए भोक' नाम गरेको कविता २००४ मा आँखा पत्रिकामा छापिएको थियो । बुढेसकाल र विस्मृतिको अवस्थामा लिइएको अन्तर्वार्ताको आधार भन्दा वि.सं. १९९२ को शारदा पत्रिका स्रोतको दृष्टिले बढी मूल्यवान भएको हुँदा 'वरदान' कथालाई नै पहिलो नेपाली भाषाको आधिकारिक रचनाहरूको रूपमा लिन सकिन्छ । यसरी लेखनको आभ्यासिक कालबाट मृत्युपर्यन्त छापिएका

रचनाहरूको खोजतलास गर्दा निम्नलिखित कृतिहरू बजारमा आइरहेका छन् :-

क) नेपाली साहित्यका कृतिः

अगुल्टो (कवितासङ्ग्रह २००३) एक्काइस कथा (कथासङ्ग्रह २००३), झिल्का (कथासङ्ग्रह २००७), म लोग्ने हुँ (कथासङ्ग्रह २००८), एकतीस कथा (कथासङ्ग्रह २०४२), एक कथा (उपन्यास २०४३), एघार कथा (कथासङ्ग्रह २०४३), कुन्तीको समाचार (खण्डकाव्य २०४४), सम्झौटो (काव्य २०४७), अध्यक्ष उमा (उपन्यास २०४४),

ख) संस्कृतका कृतिहरूः-

हरिश्चन्द्रम् (महाकाव्य २००७), विश्वेदेवा (काव्य २००७), तदर्थमेव (उसको लागि अनुवाद २००७), ईशावास्यम् (वृत्ति २००७), राजतन्त्रम् सदा जीब्यात् २०२७, रामराज्यम् (लघुकथा २०४२), श्रीकृष्ण श्रीरामचरितादर्शः (पौराणिक उपन्यास २०५०)

ग) केही साना पुस्तिकाहरूः-

मातृ जातिको निर्यात रोक्न र उनीहरूको मर्यादा संरक्षण गर्न संस्कृति संघर्षको आवश्यकता, हिन्दुत्वको जिज्ञासा, एक प्रतिवाद, जयतु संस्कृतम् घोषणा सभाको विधान ।

यी बाहेक उनका कैयौ फुटकर कृतिहरू पनि विभिन्न मासिक, पाक्षिक, साप्ताहिक, दैनिक, र मुखपत्रहरूमा छापिएको पाइन्छन् । यी मध्ये केही कथा र केही कवितासङ्ग्रहमा संकलित पनि भएका छन् । जस्तै

कथाहरूमा

१) 'मिलाप' कथा रूपरेखा पूर्णाङ्क २४० (एघार कथामा)

२) 'वादविवाद' कथा मधुपर्क (१३:५) (एघार कथामा संकलित)

३) 'सखाप' कथा मधुपर्क (१३:१०) (एघार कथामा संकलित)

४) 'पृथ्वी अभियान' कथा (१७:२) (एघार कथामा संकलित)

५) 'खानदानी' कथा मिर्मिरे ५३: अंकमा

६) 'तिले' कथा झ्यालबाट (एक कथासंग्रह)

-छोप्राक, गोरखा

❖❖❖

'आवर्तनो निवृत्तात्मा संवृतः सम्प्रमर्दन : ।
अहः संवर्तको वह्निरनिलो धरणीधरः ॥' *श्रीविष्णुसहस्रनामस्तोत्रम् ॥३८॥*

लन्डनका तरङ्गहरू

– विकलचन्द्र आचार्य

नेपालबाट आएका मेरा मित्रलाई लिएर लन्डनमा अवस्थित लन्डन आइ र बिग्बेनको अवलोकन पछि बेलायती पार्लियामेन्ट भवन अगाडि हामी उभियौँ । फोटो खिच्ने पर्यटकहरूको भिड जहाँ पनि उस्तै, सुरक्षामा खटिएका प्रहरीहरू यत्रतत्र देखिन्छन् । जापानिज जस्ता देखिने भर्खरका युवकहरू अनेक प्रसन्न मुद्रामा हाँस्दै यसको इतिहासबारे बडो चाख लिदै टुर गाइडलाई अनेक प्रश्न सोधिरहेका छन् । यी युवाहरू देखेर सुन्दर भविष्यको खातिर गरिबीबाट उन्मुक्तिको लागि कम्मर कस्ने नेपाली युवाहरूमाथि पनि मेरो ध्यान जान्छ !

अहिलेको हाम्रो पिढीको जीवन चक्र गजबको छ । हाम्रा पुर्खाहरू प्राय त्यही ठाँउमा जन्मेर वरिपरि आफ्नो कर्म गरी बिदाई भए । तर अहिलेको पुस्ता त्यतिमा मात्र सीमित नभएर परदेश तथा देशमा नै सहरतिर उन्मुख हुँदैछौँ । गाउँ घरको बिसारत थाम्ने बालबालिका असक्त र बृद्ध र बृद्धाहरूको काँधमा जिम्मा लगाइएको छ । गाउँमा बस्ने युवकलाई सायद हीनताबोध भइरहेको होला ।

हामीहरू एक ठाँउमा जन्मियौँ, बाँकी जीवन कहाँ गुजार्ने हो अनि कहाँबाट मन बुझाउने हो केही थाहा छैन । अनिश्चितता र असन्तोषको पराकाष्ठाको मापन के होला ? अहिलेका हाम्रा २० / ३० वर्षका नेपाली युवाहरूको हालत हेर्ने हो भने एक ठाउँमा धैर्य भएर, आफ्नो सीप अनुरूप कार्य गरी बस्न सकिरहेका छैनौँ । सबैको चाहना अमेरिका, बेलायत, अष्ट्रेलिया, जापान जस्ता विकसित देशहरूमा हानिन पाए हुन्थ्यो भन्ने नै छ । दूर देशको सुन्दर सपना मनमा सबैले सजाएका हुन्छन् ।

तर विकसित देशहरूमा के कस्तो परिस्थिति छ, कसरी जीवन गुजार्ने हो जान्न, बुझ्न, सिक्न त्यति उत्सुक हुदैनौँ । जसरी पनि विकसित देशमा जुनसुकै हालतमा पनि पुग्न आतुर हुन्छौँ । मानौ त्यहाँ पुग्ने वित्तिकै रूखमा हरेक सुख सुबिधा र दौलत फलिरहेको हुन्छ, आफ्नो काम गएर टिप्ने मात्रै हो । नचिनेको ठाँउ, भाषा, संस्कार, परम्परा आदि भिन्न परिवेशमा गएर सहज रूपमा बुझ्न सजिलो हुदैन । सोचेको जस्तो हुदैन र साथै आफ्नो उद्देश्य पूरा गरी समृद्ध हुन त्यति सरल हुदैन । यी कुराहरू हामी परदेश जानु अगाडि किन बुझ्न खोज्दैनौँ ? आफन्त, परिवारजन इष्टमित्र कोही नभएको ठाउँमा कसले सहयोग गर्छ ?

जति उत्साह उमंगको महासागर सोचेर आउँछौं, त्यो सबै पाउछौं होला त पराइ मुलुकमा ? आफ्नो हातमा कति सीप छ र दक्षता केमा छ ? त्यो सोच्न जरूरी छ । अवसर, सुख, ज्ञान त्यहीका मान्छेलाई पुगेको छैन भने समुन्द्र पारीबाट आएका परदेशीलाई हाई भनेर माया कसैले गर्ला ? हामी सबै किन एकोहोरो पाइने डलर, पाउन्ड मात्रै चाहिरहेका छौं ? आफूले चुकाउनु पर्ने मूल्य र दु:खहरूको गाथाहरूलाई अरू सामु फुकाउन सङ्कोच किन लाग्दछ ?

यी सबै प्रश्नहरूको जवाफ हाम्रो आफ्नो देश नै हो । वास्तबमा हाम्रो देशमा राजनीतिक स्थायित्व नै भएन । विकासका न्यूनतम पूर्वाधारहरू पहिल्याउन पनि सकिएन । आ-आफ्ना गुटबन्दी, स्वार्थ, अविश्वासको दलदलमा नै सबै राजनैतिक पहरेदारहरू फँसे । दह्रो अर्थ नीति लिएर सबै नेपालीहरूलाई एक ढिक्का बनाएर कानूनको शासनमा चलाउने हो भने देश विकास हुन धेरै समय लाग्दैन । सबैलाई समेटेर देश विकास गराउने स्वच्छ छबि भएको दूरदर्शी, कुनै नेता नै देशले पाउन सकेन ।

संसारका कतिपय राष्ट्रहरूले थोरै अवधिमा धेरै विकास गरेका दृष्टान्तहरू हाम्रै आँखा अगाडि छन् । बेलायतलाई नै हेर्ने हो भने सत्रौ शताब्दीमा भएको गृहयुद्ध पछि विस्तार राजनीतिक दूरदर्शिता हुनगई भिक्टोरियाको पालामा वर्तमानको जग बसाल्ने र यसको निरन्तरताले नै आजको अवस्था ल्याएको हो । सबैलाई समेट्न सक्ने दीर्घकालीन कार्ययोजना र राजनीतिक इमान्दारिताले देश चाडै नै आर्थिक र भौतिक रूपमा सवल हुने कुरामा गाह्रो नहुने ज्वलन्त उदाहरणहरू छन् । देशको उन्नतिभन्दा आफ्नो व्यक्तिगत विकास गर्ने परम्परालाई परास्त गर्न नसकेर नै धेरै देशहरू गरिबका गरिब नै रहेका छन् । दक्षिण एसियामा र अफ्रिकाका धेरै राष्ट्रहरूमा राजनीतिकर्मीहरूप्रतिको सम्मान घट्दै पनि गइरहेको छ ।

मेरो साथी पदमलाल श्रेष्ठलाई पनि काठमाण्डूबाट लन्डनले तान्दै ल्याएको छ । महिना दिनको भ्रमणमा आएका छन् र आजको टुर गाइड भएर उनलाई घुमाउदै छु र दिन उज्यालो छ । संसार भरका धेरै मानिसहरूको होलिडे डेस्टिनेसन हो लन्डन । मनमा आएका अनेक यी तर्कहरूले पाइला सर्न दिन्नन र लन्चको समय भइसकेको छ । लण्डनको मुटु लेस्टर स्क्वायरमा अवस्थित चाइना टाउनका खानाका परिकारहरूले हामीलाई तान्छ र हाम्रा पाइला त्यतै लम्कन्छन् ।

संसारमा विविधता छ । अनेकतामा एकता हुन वाँकी नै छ । कतै

सुख, समृद्धितर्फ उन्मुख हुँदैछ । कतै पाप, विकृतिका पराकाष्टमा, कोही दर्दनाक घाउको उपचार गर्न त कोही गहिरो चोट र चिच्चाहट पाउछौं । अझ कोही माया र प्रेमको माला उन्दै त कोही घृणा र तिस्कारको उच्च चुलीमा छन् । मानिसहरू सबै समान हुने विचारहरू विरलै पाइन्छन् । सिधा बाटोमा हिड्नेले जहाँ पनि समयको झापड खाएकै छन् ।

कोही पेट भर्नलाई रातदिन प्रयत्न गर्दा पनि केही उपाय नदेखी पुर पुरोमा हात लगाउनु वाहेक अरू के गर्न सक्छन् र ? खाना भन्ने कुरा गजवको छ । पृथ्वीमा समानताको अधिकार वारे प्रश्न उठाई त्यसको उत्तर खोज्नु छ ।

अर्ध विकसित मुलुकका मानिसको प्राय: समय खाना जुटाउनमा लाग्दछ । हामी चाइना टाउनमा पुगेर यति धेरै परिकारका खानाहरू देख्दा गरिबीमा पिल्सिएर वसेका संसारका तमाम मानिसहरूको अवस्थाको चित्र हाम्रो अगाडि आउँछ । बहुसंख्यक मानिसहरू दुई हात जोर्न नसकी क्रन्दनको चपेटामा परेको अवस्थामा छन् । हुनेलाई खानाको कुनै फिकर नहुने र गरिवलाई सधै यसको उन्मुक्तिमा लाग्नुपर्ने यो कहाँको नियम हो ? सवैले जे जति छ वाँडेर उपयोग गरे यसको मजा झन् आउँदैन र ? विचार गर्दा जंगली जनावर र मानव सभ्यतामा के फरक छ र ? कुपोषणको महामारीमा छट्पटाइरहेका मानिसको लागि वाहियात फ्याँक्नेलाई परोपकारको शिक्षा दिलाउन सके खान नपाएर मर्नुपर्ने परिस्थिति उत्पन्न हुने थिएन । तर थोरै केही दिएको भरमा आफ्नो प्रभुत्व जमाउने स्वार्थी प्रवृत्तिलाई निरूत्साही गर्नु पर्दछ ।

सवैको सच्चा भावनाले स्रोत र साधनको उचित व्यवस्थापन गरी 'वसुधैव कुटुम्वकम्' को मान्यतालाई अगाडि वढेमा कोही भोकमरीको यो भुमरीमा पर्नु पर्ने थिएन । हाम्रो मनलाई जति तन्कायो उति फराकिलो हुन्छ । मन फराकिलो बनाएर गरिबी निवारण गर्न सकिन्छ । यो असमानताको परिवेश जबसम्म हटाइँदैन तबसम्म शान्ति सम्भव छैन । चाइना टाउनको मिठो भान्सा खाँदा उठेको यी तरङ्गहरूसंगै मन्थन गर्दै हामी संसारकै केही सम्पन्न सुपरमार्केट मध्येको एक ह्यारोड्समा गयौं । आजको हाम्रो काम नै यात्रा हो र खाली यात्रामा निस्केका पर्यटक हामी नाइटब्रिज भन्ने ठाउँमा अबस्थित यो बिशाल भवनमा पाइने सामानहरू, पसलको सम्पन्नता र भव्यता देख्दा अचम्म लाग्छ, नसोचेको चिज र दाम छन् । यहाँबाट फेरि गोर्खाली सुवासका तरङ्गहरू मनमा रूमल्लियो । हाम्रो देश नेपाल पनि कहिले समृद्ध होला, नाना किसिमका विचारहरू ओहोर दोहोर चलिरहन्छन् ।

यो दोकानका अनेक चिजबिज धेरै समय लागेर हेरेपछि यस स्थानबाट विदा हुन खोज्यौं । तर मनमा भने यो समृद्धिले लोभ्याएको छ । आफ्नो देशमा पनि यसरी नै चतुर हिसाबले दिमागको प्रयोग गरी यस्ता भवनहरू बनाइयोस् र त्यसैगरी दीर्घकालीन अर्थ नीति ल्याएर दिगो रूपबाट नेपालको विकास होस् । कसैलाई पनि रोजीरोटीको निम्ति बाध्य भएर विदेश तिर भौतारिन नपरोस् । आ–आफ्नो सीप अनुरूप सबैलाई समान अवसर प्राप्त होस् । गाउँ, पाखा, हिमाल, पहाड, तराई कोहीले कसैबाट हेपिन नपरोस् । आ–आफ्नो धर्म, संस्कार, परम्परामा गर्व जागोस् र यसको महत्त्व वोध भई जगेर्ना गर्ने चेतना अरू आओस् । संसारका यत्रा मान्छेहरू शान्तिका साथ बसेको यस लन्डन नगरी झैं भातृत्वप्रेम र विश्वप्रेमको रूपमा अरू सशक्त रूपबाट नेपाल चिनियोस् । मानिस सबै एक भए गर्न नसकिने कुनै पनि कुरा विश्वमा छैन भन्ने ज्ञान अरू बढोस् । परोपकार र दानको शृङ्खला अरू बढी सशक्त हुँदै समाजका कमजोर व्यक्तिहरूलाई एक्लो महसुस हुन नपरोस् । कुनै पनि मान्छेलाई चाहिएको बेलामा औषधिमुलो गर्न बञ्चित भई ज्यान गुमाउनु पर्ने अवस्था भोग्न नपरोस् । वाल, तरूण, वृद्ध कोही पनि गरिबीमा पिसिन नपरोस् । प्रत्येक घरमा खुशी र सुखको बास बसोस् । हिंसा, छल, कपट आदिलाई सबै मिलेर परास्त गर्ने शक्ति मिलोस् । कसैलाई पनि शिक्षाको अवसरबाट टाढा नराखियोस् । प्राकृतिक सौन्दर्यतामा सबैले आ–आफ्नो परिवेश अनुरूप रमाएर प्राणी उत्थानको निमित्त अझ समय निकाल्न सकून् । धनी, गरिब, ठूला, साना सफल असफल, विद्वान् मूर्ख आदि विशेषणहरूको कारणले अस्थिरता र मनमुटावको परिस्थिति नआओस् आदि जस्ता विभिन्न तर्कनाहरू दिमागमा ओहरदोहर गरिरह्यो ।

समय गतिशील छ, बलवान् छ । यसले कसैलाई पर्खन्न भन्ने पक्षमा हाम्रो पनि धेरैबेर बातचित भयो र धेरै हेर्नु भन्दा मन र मस्तिस्कको वार्तालापमा नै समय व्यतीत गर्दै आजको हाम्रो लन्डनको सुखद यात्राको क्षणलाई विश्राम दियौं ।

– हाल लण्डन, बेलायत
bikalacharya@hotmail.com

❖❖❖

Sweetest songs are those that tell of the Saddest thoughts.

- Shelly

झ्याउरे गीतको परिचय

- तुलसीमान श्रेष्ठ

नदीको पानी जस्तै अविरल रूपमा गीतका बारेमा धेरै विद्वान्हरूले कलम चलाएका छन् । पूर्वीय र पाश्चात्य लोकसाहित्यका विद्वानहरूको लोकगीत सम्बन्धी परिभाषाहरू उस्ता उस्तै छन् र मौखिक परम्परामा विकसित, गतिशील, सरल, सरस साङ्गीतात्मक तथा लयात्मक अभिव्यक्ति गीत हो भन्ने निचोड निकाल्दै सबैले लोकगीतलाई लोकको सम्पतिका रूपमा लिएका छन् । नेपालमा प्रचलित लोकगीतहरूमा पनि झ्याउरे गीतलाई धेरै महत्त्वका साथ हेरिएको छ र यसलाई सबै लोकगीतकै पर्यायको रूपमा लिइएको छ । लोकसाहित्यका व्याख्याता र लोकगीतका सङ्कलक तथा गायक धर्मराज थापाले गण्डकीको सुसेली ग्रन्थमा 'झ्याउरे चुड्के भाका' शीर्षक दिएर सङ्क्षेपमा झ्याउरे गीतको चिनारी गराएका छन् । "चुड्के भाका लोकसाहित्यको गहना हो, यस भाकामा श्रृङ्गार र करूण रसको आधिक्य हुन्छ । यस भाकालाई एक किसिमको झ्याउरेको नै एउटा शाखा भने हुन्छ (थापा, २०३०:२१५)" भनी थापाले उदाहरणस्वरूप 'साइँली रिडीको तालपानी, छम्छम् नाचुँला म पनि' भन्दै ९।१० अक्षरे गीतलाई अघि सारेका छन् । यसै गरी उनले "यही सन्दर्भमा फुलेको एउटा झ्याउरे हो-शिरै लरर (पूर्ववत् २५१)" भनी लाउ माया आँटेर शिरै लरर' गीतलाई उदाहरण स्वरूप प्रस्तुत गरेका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले झ्याउरे गीतको विषद चर्चा गरेका छन् । लोकगीतको फाँटमा झ्याउरे गीत मूल रूपमा प्रसिद्ध भएको उनीहरूको ठहर छ । "झ्यारे लोकगीतको मूल वृक्ष हो- अरू त्यसका विभिन्न शाखा उपशाखा हुन् । झ्याउरेका सार लयहरूलाई लिएर विश्लेषण गर्न खोज्ने हो भने यसका १०८ भन्दा बढी भेद-उपभेदहरू हुन सक्छन् । यसैले हाम्रा संगिनी, असारे, तीजे ख्याली, सोरठी, भैले, लहरी, भजन चुड्का, आदि गीतहरू झ्याउरे लोकगीतका नै शाखाहरू हुन् (थापा र अन्य २०४१:७१) ।" फेरि उनीहरूको कथन छ- "बारै महिना जुनसुकै बेला, समसामयिक आवहवासँग मितेरी लाउँदै पाखा पखेरा, घाँसपात, बिसौनी उकाली, ओराली, भन्ज्याङ, चौतारी आदिमा र अन्य समसामयिक प्रसङ्गमा समेत गाइने विभिन्न प्रकारका गीतिधारा नै बारमासे

वा झ्याउरे गीत हुन् (पूर्ववतः १२३) । यस भनाइअनुसार बारै महिना गाइने गीत बारमासे गीत हो र झ्याउरे गीत बारमासे गीत हो । जबकि माथिल्लो (अघिल्लो) प्रसङ्गमा असारे, तीजे गीतलाई पनि झ्याउरे गीतकै शाखा उपशाखा अन्तर्गत राखिएको छ । असारे गीत आसार महिनामा खेतमा धान रोप्दा गाइने श्रमगीत हो भने तिज गीत तीज पर्वको अवसरमा महिलाहरूले गाउने पर्व गीत हो । यी गीतहरू बारै महिना गाउन मिल्दैन । असारे र तिजे गीत बिहे, ब्रतबन्ध वा हाटबजारमा गाउँदा बेमौसममा बजाएको बाजा जस्तो हुन्छ । त्यसैले माथिका दुई भनाइ एक आपसमा विरोधाभास भएको मानिन्छ ।

नेपाली लोकगीतको आलोक (२०५७) को माध्यमबाट कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको फाँटमा महत्त्वपूर्ण कार्य गरेका छन् । नेपाली लोकगीतको पहिचान गराउने कार्यमा यो पुस्तक एउटा महत्त्वपूर्ण ग्रन्थको रूपमा देखा परेको छ । बाह्रमासे गीत अन्तर्गतको झ्याउरे गीतलाई चिनाउने क्रममा कृष्णप्रसाद पराजुलीले झ्याउरे गीतलाई एउटा सदाबहार वृक्ष र अन्य लोकगीतलाई यसैका हाँगाबिँगाका रूपमा लिएका छन् । झ्याउरे गीतको सन्दर्भमा उनको भनाइ छ–"नेपालका कतिपय भागमा सामान्यतः सबै खालका लोगकगीतलाई झ्याउरे भन्ने प्रचलन छ र झ्याउरेलाई झन्डै–झन्डै लोकगीतको विभिन्न भेद–उपभेदमध्ये 'झ्याउरे' एउटा लय वा भाकाकै नाम पनि हो । यस रूपमा खास किसिमको लोकगीतलाई झ्याउरे भन्ने गरेको पाइन्छ र थुप्रै लहरी तथा सवाइ साहित्य पनि यसै लयमा लेखिएका छन् । (पराजुली, २०५७,: १५३) । यही भनाइ अनुसार नै सबै प्रकारका बाह्रमासे गीतहरू नै झ्याउरे गीत हो भन्ने पराजुलीको निष्कर्ष रहेको छ । यसका अतिरिक्त झ्याउरे गीतमा लामो, छोटो, ठाडो, तेर्सो आदि विभिन्न लय वा भाका भेटिन्छन् भनी उनले लयका आधारमा झ्याउरे गीतका भेद उपभेदहरू छुट्याउने काम गरेका छन् ।

बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान गीतको नाम झ्याउरे हो । निश्चित कार्यसँग सम्बन्ध नभएको सबैजसो मनोरञ्जनप्रधान गीतलाई झ्याउरे भनिन्छ तापनि झ्याउरे भनेको खासगरी पाँचौ, दसौं र पन्ध्रौं अक्षरमा अडान हुने लयको गीत हो । (बन्धु, २०५८: १३२) ।" नेपाली लोकसाहित्यको विद्वान् चूडामणि बन्धुले पनि बाह्रै महिना गाइने गीतहरूलाई झ्याउरे गीतभित्र समेटेका छन् । गीतहरूको नाम उल्लेख नगरे पनि उनको मतमा रोइला (खेली), चुड्का, कौरा, ठाडो भाका, ख्याली देउडा

आदि सबै गीतहरू झ्याउरे गीत अन्तर्गत पर्दछन् ।

लोकसाहित्यको विश्लेषण गर्ने कार्यमा लोक विज्ञान वार्ता र लोकसाहित्य ग्रन्थले पनि अहम् भूमिका निर्वाह गरेको छ । लेखकद्वय मोहनराज शर्मा र खगेन्द्र लुईंटेलले झ्यांउरे गीतको व्युत्पतिका साथै यसको विषद चर्चा पनि गरेका छन् । झ्याउरे गीतको परिचय दिँदै यसको महत्त्वमाथि उनीहरूले प्रकाश पारेका छन् । "झ्याउरे नेपाली जनमानसको सदाबहार लोकगीत हो । यो हरेकबाट हरेक समय र ठाउँमा गाइने गीत हो । झ्याउरेका हाँगाबिँगा अधिराज्यभरि र अधिराज्य बाहिरका नेपाली समाजमा फैलिएको छ । (शर्मा र लुइँटेल २०६३: ८६) ।" यस कथनबाट पनि के स्पष्ट हुन्छ भने झ्याउरे गीत बाह्रमासे गीत हो र यो नेपालका जुनसुकै भू-भागमा प्रचलित छ । यसका साथै झ्याउरेका हाँगाबिँगाका प्रसङ्गले यसका अनेकौं लय वा भाकाहरू छन् भन्ने बुझिन्छ । यसमा कुनै प्रकारको बन्धन हुँदैन र स्त्री, पुरूष बाल बृद्धा सबैले झ्याउरे गीत गाउँछन् । तापनि 'मुनामदन' लहरी, सवाई जस्ता साहित्यिक कृतिहरू झ्याउरे गीतको विश्लेषण माथि प्रकाश पारेका छन् ।

नेपाली लोकगीतलाई नै आफ्नो विशेष अध्ययनको विषय बनाएका कुसुमाकर न्यौपाने 'झाम्रे' शीर्षक दिएर झ्याउरे गीतका सन्दर्भमा विभिन्न व्यक्तिहरूको परिभाषालाई उध्दृत गर्दै निष्कर्षमा भनेका छन्- "मनोरञ्जनमूलक सन्दर्भ, सामाजिक विषयवस्तु, प्रेम तथा विरहभावको प्रधानता, स्थानीय लोक भाषाको बहुल प्रयोग, मादल, डम्फु लगायतका बाजा बजाउँदै घर, गोठ, मेला, जात्रा आदि ठाउँमा गाइनु, गायनमा यौवन तथा बृद्धावस्थाका पुरूष तथा महिलाहरूको सहभागिता हुनु, गायनमा समय सीमा नतोकिनु, सङ्क्षिप्तदेखि विस्तृत आकृतिको संरचना हुनु, वर्णनात्मक शैलीको बहुल प्रयोग हुनु, थेगोको प्रयोग हुनुका साथै पङ्क्ति अंश एवम् थेगो समेतको पुनरावृत्ति हुनु, ढिलो र छिटो दुवै खालको लयमा मनोरञ्जन गर्ने उद्देश्यले गाइनु झाम्रे गीतका विशेषता हुन् । (न्यौपाने, २०७०:५१)।" न्यौपानेले झ्याउरे गीतलाई विषयवस्तु- भाव, उद्देश्य, तत्त्व विशेषता, रूप, स्वरूप, अनिवाया तत्त्व, वैकल्पित तत्त्व आदि सबै किसिमले चिनाएका छन् । यस गीतलाई धेरैले झ्याउरे नालमे पुकारे पनि उनले झाम्रे नाम दिन चाहेका र झ्यामाझ्याम्म पारेर गाइने हुनाले र छिटो अनि फुर्तिका साथ गाइने गीत झाम्रे हो भन्ने उनको भनाइ रहकोछ । यसरी नै झ्याउरे गीतको चिनारी गराउने क्रममा वि.सं. १९५७ तिर 'हाजिरमान राईले मिठा मिठा

नेपाली गीत' भारतीय सङ्गीत साधन ए.एम पठानले सन् १९१६ मा 'गोरखा गीत प्रकाश' गीत सङ्ग्रह छपाएका छन् । यसका अतिरिक्त नेपाली लोकगीतमा विद्यावरिधि गर्ने साधकहरू धेरै भइसकेका छन् र यस शीर्षक स्नातकोत्तर तहका लागि शोधकार्य गर्ने तथा लघु अनुसन्धान गर्नेहरूको सङ्ख्या अनिगिन्ती छन् । यी सबै साधहरूले झ्याउरे गीतको परिचय दिएका छन् । समग्रमा झ्याउरे गीतको परिभाषा निम्नानुसार रहेको छः

(क) चुङ्के भाकालाई झ्याउरेको एक शाखा भने हुन्छ । - धर्मराज थापा

(ख) झ्याउरे लोकगीतको मूल वृक्ष हो र अरू गीतहरू त्यसका शाखा उपशाखाहरू हुन् । - धर्मराज थापा र हंसपुरे सुवेदी

(ग) सबै खालका लोकगीतलाई झ्याउरे भन्ने प्रचलन छ र मनोरञ्जनप्रधान गीतको नाम झ्याउरे हो । - कृष्णप्रसाद पराजुली

(घ) बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान गीतको नाम झ्याउरे हो । - चूडामणि बन्धु

(ङ) झ्याउरे नेपाली जनमानसको सदाबहार लोकगीत हो ।
- मोहनराज शर्मा र खगेन्द्र लुइँटेल

(च) छोटो मिठो, चटक्क परेको द्रुत लयमा गाइने श्रृङ्गाररसप्रधान गीत झ्याउरे गीत हो । - बेनी जङ्गम रावल

(छ) झ्याउरे लोकगीत नेपाली समाजमा अत्यन्त लोकप्रिय बाह्रमासे गीत हो ।
- मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी

(ज) पाँचौं, दसौं र सोह्रौं अक्षरमा विश्राम हुने एक नेपाली लोकलय वा सोही लय भएको गीत झ्याउरे हो । - नेपाली बृहत् शब्दकोश

(झ) प्रसिद्ध र लोकप्रिय एक प्रकारको नेपाली लोकलय भएको गीत झ्याउरे हो ।

(ञ) सामाजिक विषयवस्तुको प्रेम तथा विरह भावको प्रधानता रहेको लोकभाषाको बाहुल्य भएको मनोरञ्जनात्मक गीत झ्याउरे हो ।
- कुसुमाकर न्यौपाने

(ट) झ्याउरेलाई नेपाली लोकगीतकै प्रतिनिधि गीतको रूपमा स्वीकार्न सकिन्छ ।
- तुलसीमान श्रेष्ठ

उपर्युक्त परिभाषाहरूलाई अवलोकन गर्दा सबैको परिभषामा झन्डै झन्डै समानता पाइन्छ । सहजता, सरलता, लोकप्रियता, मनोरञ्जनात्मकता, मिठो, बान्की परेको, लोकगीतकै पर्यायको रूपमा रहेको लोकगीतकै प्रतिनिधि

मूलक आदि विशेषता बोकेको लोकगीत झ्याउरे गीत सम्बन्धी परिभाषाहरूमा धेरै विशेषतामा समता थिए पनि केही विरोधाभाष पनि हुन्छ । झ्याउरे गीत बाह्रमासे गीत अन्तर्गत पर्दछ तर सबै बाह्रमासे गीतहरू झ्याउरे गीत होइनन् र सबै खालका लोकगीतलाई झ्याउरे गीत भन्न मिल्दैन । माथि उल्लेखित अधिकांश विद्वानहरूले चुड्का, कौरा, ख्याली राइल, असारे, तीजे, ठाडो भाका आदि सबै गीतलाई झ्याउरे भित्र समेटेका छन्, त्यो हुँदै होइन । कालीभक्त पन्तका अनुसार पनि यस भनाइको पुष्टि हुन्छ । उनको कथन छ- आजभन्दा अघि पुराना गीतको नामकरण चाहिं पुर्खाको पाला चुड्का, रोइला, सेला र सिया आदि बनेका छन्- यो नाम पुख्यौंली अनुरूपका हुन् (पन्त २०४३: ९४ ।" यहाँ आजभन्दा अघि भनेर वि.सं. १८१२ भन्दा अगावै अथवा भुरे ढाकुरे राज्यहरू अवस्थालाई चिनाउँछ । वि.सं. १६७६ तिर अघिदेखि मुस्लिम पीडित गढकुमाउका पौडी भेकबाट पूर्वतिर सर्दै जाँदा झ्याउरे गीतको प्रसार भएको र यसै समयमा झ्याउरे गीतको प्रचलन भएको कुरा उल्लेख भएका छन् । यस अगावै गुरुङ, मगर, सेर्पा जातिका चुड्का, रोइला, कौरा, सेलो गीतहरूको प्रचलन थियो र यी गीतहरू झ्याउरे गीत भन्दा पुराना हुन् भन्ने क्रममा पन्तले पाँचवटा छन्दलाई देखाएको छन्- "हाम्रो देशका छन्दहरू निम्न लिखित रूपमा ५ भागमा स्वत: विभाजन हुँदै आएका छन्-

१. सेला, भोटेसेला, तामाङ्सेला
२. गढकुमाउतिरबाट आएका झ्याउरे खालका विभिन्न थरीका झ्याउरे
३. सिधा भारतबाट उक्लेका गलज, ठिमुरी, सेर आदि ।
४. देशभित्रै उब्जेका लहरी, तिजे, चुड्का आदि ।
५. मिश्रिमत अनियमित द्वन्द्व (पन्त, २०४३: १०४)"

यस विभाजन अनुसार पनि नेपालमा प्रचलित चुड्का, कौरा आदि गीतहरू झ्याउरे गीतभित्र पर्दैनन् । यसैगरी पन्तले झ्याउरे गीतको उत्पत्तिको चर्चा गर्दै भनेका छन्- "पौड्यालहरूको लय, भाषा, छन्द र देशभित्रका गुरूङ, मगर, किराँत आदिका लय, भाषा र छन्द मिसिएर झ्याउरे गीतको उत्पत्ति भएको हो (पन्त, २०२२:४१)।" यस भनाइबाट पनि झ्याउरे गीत र अन्य गीतमा भिन्नता भएको प्रस्टिन्छ ।

शोभा तिवारीले लोकसङ्गीतार्पण (२०६०) कृतिमा झ्याउरे गीतको परिचय दिएकी छिन् । उनको कथनअनुसार "लोकगीत भनेको

झ्याउरे गीतमात्र होइन । झ्याउरे लोकगीतको एउटा शैलीमात्र हो । झ्याउरे गीतले लोकगीतको समष्टि रूप लिन सक्दैन । सबै लोकगीतलाई झ्याउरे गीतमात्र भन्न मिल्दैन र सबै लोकगीत झ्याउरे गीत पनि होइन (तिवारी २०६०: २१)"

सबै गीतका आ–आफ्ना लय भाका र अस्तित्व छन् । नेपालमा प्रचलित लोकगीतहरूलाई छुट्याउन तिनका संरचनालाई हरेर होइन तिनका लय विधानलाई पक्रन सक्नुपर्दछ । लोक भावना वा विचार भएको श्रुति परम्पराबाट विकसित, सरल र सरस साङ्गीतिक तथा लयात्मक अभिव्यक्ति आदि जस्ता विशेषताहरू त सबै लोकगीतहरूमा रहन्छन् तर अन्य गीतहरूभन्दा झ्याउरे गीतको छुट्टै विशेषता के हो ? त्यो चिन्न, जान्न र छुट्याउन आवश्यक छ । त्यसैले निष्कर्षमा झ्याउरे गीतको चिनारी यसरी गराउन उपयुक्त हुने देखिन्छ ।

दुई पङ्तिको, प्रत्येक पङ्तिमा ९।१० अथवा १४ अथवा १६ अक्षर भएको, जुनसुकै जात जाति र उमेर समूहका व्यक्तिले जुनसुकै समयमा एकल, संयुक्त र सामूहिक रूपमा गाउन सक्ने सरल, सरस र मनोरोञ्जनात्मक गीत हो झ्याउरे गीत ।

सन्दर्भ ग्रन्थ सूची

तिवारी, शोभा (२०६०), लोकसङ्गीतार्पण, काठमाडौँः साझा प्रकाशन

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

न्यौपाने, कुसुमाकर (२०७०), नेपाली लोकगीत, पोखराः फिस्टेल पब्लिकेशन प्रा.लि.

पन्त, कालीभक्त (२०३३), हाम्रा गीत सुधारको राष्ट्रिय बाटो, काठमाडौँः कालीभक्त पन्त

_____ (२०४३) हाम्रो सांस्कृतिक इतिहास (दो.सं.), स्याङ्जाः कालीभक्त पन्त

पराजुली कृष्णप्रसाद (२०५७), नेपाली लोकगीतको आलोक, काठमाडौँः वीणा प्रकाशन

पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी (२०६८), नेपाली लोकसाहित्यको रूपरेखा काठमाडौँः साझा प्रकाशन

बन्धु, चूडामणि (२०५८), नेपाली लोकसाहित्य, काठमाडौँः एकता बुक्स प्रा.लि.

रावल, बेनीजङ्गम (२०७०), वगामती अञ्चलमा प्रचलित बाह्रमासे लोकगीतको साङ्गीतिक अध्ययन विद्यावरिधि शोध प्रबन्ध नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

लोहनी, लक्ष्मण (२०२२), रोदीघर, काठमाडौँः रत्नपुस्तक भण्डार

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईंटेल (२०६३), लोकवार्ता विज्ञान र लोकसाहित्य, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार

श्रेष्ठ तुलसीमान (२०६०) ह्युम्यानिटिज एन्ड सोसल साइन्सेज जर्नल, झ्याउरे गीतको बनोट र भेद, काठमाडौँः रत्न राज्यलक्ष्मी क्याम्पस

_____ (२०७१), नेपाली लोकगीतः परिचय र विश्लेषण, काठमाडौँः नवकला पब्लिकेशन ।

❖❖❖

च्याङ्लीटार, गोरखा ।

बुकी, वनमाला र बारपाकी उकालो

- सुरेन्द्र देवकोटा

छामेर हेर्नुपर्छ हिमालहरूलाई । टेकेर दुख्नुपर्छ चट्टानै चट्टानको यात्रा । भेडीगोठमा सुतेर नाप्नुपर्छ रातको लम्बाई । नारदकुण्डको चिसो ढुङ्गामा काप्दै रात विताउँदा पोखिए हिउँजस्तै मन तरङ्गहरू । अनुभूति भो भूगोलको भव्यता । पीडा र सुखानुभूतिको एकै चोटि अनुभव भो । कुहिरोसँग जिस्कदै भिरसँग लपेसिदै झरनाहरूसँग खेल्दै टेकियो नारदकुण्डको आँगन । हामी जस्तै जनै पूर्णिमाको मेला भर्न आउने अन्य यात्रीहरू कोही उक्लदै छन् ढुङ्ग्यानी उकालो, कोही नाप्दैछन् आँखाले नारद पोखरीको फेरो । तम्बु टाँग्न व्यस्त छन् कति । साउन महिनाको गर्मीमा हामीले भुसुक्कै विर्सिएछौ जाडोसँग जुध्ने सामानको जोहो गर्न । न टेण्ट न धर्मशालमा खुट्टो राख्ने ठाउँ । यी चिसा ढुङ्गामा कसरी रात काट्ने भन्ने चिन्ताले चसक्क छोयो कतै । झोला थन्क्यायौ एउटा ढुङ्गाको ककेरोमा र उक्लियौ अझै माथि । अझै धेरै नियाल्नु छ हिमाली दृश्य । हेर्नु छ माथिबाट नारद पोखरीको एरिएल भ्यू । जनै पूर्णिमाको अघिल्लो दिन अपरान्ह ४ बजे नारद पोखरी पुग्दा हामीसँग अझै बचेको छ केही घण्टा त्यसैले नारद पोखरीबाट उक्लियौ उस्तै ढुङ्ग्यानी उकालो । मान्छेको बर्ष दिनमा एकचोटि हुने जमघटमा, लाग्छ फुरूङ्ग छ नारद पोखरी । नारद पोखरीमा हिमालको छाया हेर्दै उक्लदै गर्दा ढपक्क ढाक्छ कुहिरोले र हामी एक्लिएको महसुस गर्छौं । मोबाइलको जिपिएसले छर्लङ्ग देखायो उचाई । यतिसम्म आइपुग्दा हिउँ टेकिएको छैन् । कतै जिपिएसले नै झुठो विवरण त दिएन । अब अगाडि बढ्न हाम्रो मत बाझियो र झर्यौं फेरि पोखरीतर्फ । आफै माथि घोप्टिएला जस्तो कालो पहाड र गुड्नै लागेजस्ता विशाल ढुङ्गाहरूको फेदबाट हिँड्दा जति त्रासदी थियो उत्तिनै विजयोन्माद तिनीहरूलाई पार गर्दा ।

हामी झर्यौं नारद पोखरी नै र हामीसँग झर्यो झरी पनि । हिउँ पोखिदै गयो हामी माथिको पहाडमा, यता पानीले पोतियौं हामी । ढुङ्गाका कापहरूमा घुस्रिएका मान्छेहरू, तम्बु टाँगेर कोचिएका मान्छेहरू, धर्मशालामा ठेलम्ठेल बसेकाहरू सबैमा हुँदो हो मलाई जस्तै भोलि कसरी फर्कने भन्ने त्रास । पिडाका रोमान्चक अनुभूतिहरू भोगेको हुँ केही बर्ष पहिले दूध पोखरी पुग्दा र

अहिले त्यही भोगाइमा रमिरहेछु । हिउँले चाटेका पत्थरै पत्थर हिड्नुको फरक भोगाइ । फरक हुने रहेछ देखेको र भोगेको हिमाल । टाढाबाट नियाले जस्ता हुदैनन् हिमालहरू । चौंरी खर्क नै पुगेर लेख्नुपर्छ खर्कको कथा । काठमाडौंमा बसेर नाप्न सकिँदैन सगरमाथाको उचाई ।

२०६७ को जनैपूर्णिमा पत्रकार साथी विनोद ढकाल, दाइ भरत र म हामी तीन जनाको नारदकुण्ड यात्रा बेलुको ५ बजे शुरूभो गोरखा नगरपालिका १२ कि.मी. बाट । बर्षा याममा कच्ची सडकको यात्रा कम जोखिम पूर्ण छैन । ठाउँ ठाउँमा खसेका पहिरोहरूमा ओलदै घरी घचेट्दै गाडी र घरी गाडीमा घचेटिदै छौ । नदी किनारको बाटो, बर्षेभेलले मातेको छ नदी पनि । साँझमा पुग्यौं हामी फिनामटार । दरौदीको काखमा थपक्क बसेको सुन्दर बस्तीमा हामीलाई स्वागत गर्नुभो रीता देवकोटाको परिवारले । बसमा हिडेको बाटो नौलो होइन तर भोलि पैदल हिड्ने बाटो नयाँ हुनेछ । सम्झदै रोमाञ्चित बनिरहेछ मन र भनिरहेछ चाँडै सकियोस् रात । रीता दिदीको घरमा न्यानो आतिथ्यता पछि शुरूभो नारद पोखरी यात्राको सक्कली पैदल यात्रा ।

पैदल हिँड्नुको मजा बेग्लै त्यसमाथि पहाडी खोलाको किनारै किनार । बर्षा यामको दरौंदीको आवाज जति माथि उक्लदै गयो उति मीठो लाग्ने, उति सङ्गीतमय । पहाडहरू काटेर बिचबिचै बगेको दरौंदी अनि पहाडबाट हामफाल्दै दरौंदी भेट्न हतारिएका झरना, तिनको छङ्छङ् बेग्लै । अनि भर्खर धान रोपिएका फाँटको आफ्नै सौन्दर्य । पिठ्यूँमा भारी बोकेर उकालो लाग्नेलाई कर्कश लाग्दा हुन् यी आवाजहरू । मजा नदिदाहुन् रूखभरि फूलेका सुनाखरीले । यो खुशी भन्ने कुरा पनि सापेक्षित हुने रहेछ ।

नदीको किनारै किनार, गाडी चल्न छाडेको कच्ची सडक । भेलले बनाएका भङ्खालाहरू छिचोल्दै बालुवा पुग्यौं । चिसो पानीले तिर्खालाई तह लगाएपछि तर्‍यौं दरौंदीको झोलुङ्गे पुल । उस्तै ससाना घरहरू, उस्तै अबशेष मात्र बाँकी रहेको कच्ची सडक । आँखा छोप्दै जिस्क्याउने उही कुहिरो । हिड्दै जाँदा मसिना पानीका थोपाले हिर्काउन शुरू गरे । पानी पर्‍यो कि ? होइन रहेछ निकै सुन्दर झरना रहेछ बाटोको कुनामा । त्यही झरनाबाट उछिट्टिएर आएका छिटा ती । साङ्दीको झरना एउटा सुन्दर झरना हो यो भेगको, यसले क्यामेरा नखोली सुखै दिएन । साङ्दी छहरो भन्दा रहेछन् स्थानीयहरू ।

डरलाग्दो आवाजमा सुसाइ बग्ने राङरुङ् खोलाको छेवैमा एउटा सानो

होटल । होटलमा टाँसिएको निगालाको झ्याङ्ग । बारपाक गाविस को वडा नं. १ रहेछ यो ठाउँ । घलेदाइको होटलको विहानी खानाको छुट्टै स्वाद । चिसो बतासले चाट्दा तातो भात खानुको आनन्द पनि बेग्लै ।

राङरुङ् सुसाइरहेछ झोलुङ्गे पुल मुनि । अब शुरूभएको छ साँच्चैको उकालो । लेकाली बनस्पतिको बेग्लै बास्ना लाग्छ मलाई । त्यसमाथि रंगीविरंगी ससानाफूलहरू । यी वनमा पाइने वनमाला चौपट्टै सुन्दर लाग्छ मलाई । बीचबीचमा भेटिन्छ रोपलाइनका ढलेका पोलहरू । सामान ढुवानीका लागि रोपवे जोडिएको थियो बारपाकमा । केही बर्ष अघिसम्म जोखिम मोलेरै मान्छे समेत वारपार गर्थे यसबाट तर एक बर्खा ठूलो पहिरोले लाग्यो यी सबै र मान्छेले फेरि प्रकृतिसँग हाऱ्यो नराम्ररी ।

"अतिथि देवो भव:" यो उखान पुरानो भैसकेको छैन गाउँमा । पर्यटन व्यबसायले गिजोली सकेको छैन बारपाकलाई । यहाँका मान्छेहरूमा 'बसुधैव कुटुम्बकम्' बाँकी नै छ । दिउँसो १२ बजेतिर हामीले बारपाक टेक्यौं । उकालोले थिल्थिल्याएको शरीरलाई मनुस घलेको होम स्टेमा विसायौं । खाजापछि बारपाक गाउँ घुम्नु छ एक चक्कर । ढुङ्गाले छाएका घरहरूको लस्कर । खुब सुन्दर देखिने, उस्तै मिलेका घले र गुरूङ्गको संस्कृति ।

भोलि बेलुकी पुग्नै पर्छ हामीले नारद पोखरी । धेरै तीर्थालुहरू विहानै हिडिसकेका छन् । बलिया बारपाकीहरू त भोलि विहान हिँडेर पनि पुग्छन् रे । हामीलाई चाहि समयले आज बरपाक बस्न दिदैन् । कहाँ पुगिने हो बास बस्न ? कसरी काटिने हो रात ? अन्यौल छ । भेडीगोठहरू भेटिने हुन् वा होइनन् ? भेटिए पनि बस्न ठाउँ पाइने हो वा होइन ?

बारपाकमा गहुँबाट बनेको केक र अरू ड्राई फुड किनेर शुरू गर्यौं फेरि अर्को उकालो । हिजोसम्म दक्षिणी गोरखामा ओढेको साउनको गर्मी र आज छोएको यो लेकाली जाडो । हिँडुन्जेलसम्म चाहिं चिसोले नघोच्ने । आकाश बर्षन थालेपछि चाहिं रूखबाट जुका उसरी नै बर्षने । ममचेको लेक नटेकेसम्म यो उकालो कष्टकर नै भो । ममचेमा देखिए केही गोठहरू । मानव बस्ती त बारपाकबाटै छुटेको हो । बारपाक जस्तै सुन्दर देखिने रहेछ पर लाप्राक । बाटामा भेटिए लाप्राकका जोसिला युवा राज गुरूङ । लाप्राकका उज्याला भविष्य रहेछन् यी । नारद पोखरी नै हिडेका उनको हिँडाइ नै अरू फूर्तिलो । संस्कृति र साहित्यमा रूचि राख्ने राजले स्थानीय साहित्य प्रेमीहरूलाई समेटर साहित्यिक

समूह पनि बनाएका रहेछन् 'हिउँचुली साहित्य समाज' । हिउँ जस्तै सुकिलो मन भएका यिनै युवाहरूले फेर्ने हो यो दुर्गम ठाउँको नयाँ काँचुली ।

झरीले लपेटिँदै र जाडोले घोचिदै उम्जे पुग्यौ हामी । आलु खर्क पनि भनिदो रहेछ यो ठाउँलाई । ३.४ वटा भेडीगोठ सबै भरिभराउ भैसकेछन् । काठले बारेर बनाइएका काठैले छाएका यी गोठहरू हेर्दा के पानी छेक्लान् जस्तो देखिने । थुप्रो मान्छेहरूका जुत्ताले बोकी ल्याएको हिलोले गोठ अतिक्रमण गरेका थिए । बल्ल तल्ल कोचियौँ हामी कृष्ण बहादुर घलेको गोठमा । सानो गोठमा भेडा गाईहरूसँगै लगभग २१ जना मान्छे कम सास्ती होइन बस्न । गोठको विचमा ठूलो अँगेनु, यसैले हो जाडो छेक्ने । अँगेना छेउको दाउराको चाङ हाम्रो ओछ्यान भो तिनै दाउरा सिरानी । कुँडो पकाउने डेक्ची पखालेर भात पकाए तीर्थालुहरूले । समस्या भो तरकारीको । चाउचाउमा पानी हालेर तयार भो तरकारी, त्यही पनि कति मीठो । मनले भन्यो साँच्चै मीठो त भोक नै रहेछ ।

'सन् १९६३ मा इण्डिइन आर्मीमा जागिरे थिएँ' कृष्णबहादुरले आफ्नो विगत सम्झिए । घरीघरी विरामी भइरहन थालेपछि ८ बर्ष भएको जागिर छाडेर बारपाककै उकालो उक्लेछन् कृष्णबहादुर । यिनै गोठहरूमा जिन्दगीका घाम छायाँहरू साटेछन् । १६ बर्ष देखिको यी खर्कहरूसँग लगाएको मितेरी उस्तै रहेछ प्रगाढ । गोठमै जन्मिएछन् १ छोरा र ४ छोरी । कृष्णबहादुर घलेले गोठमा विताएको ४१ बर्ष र उनका साथीले गोर्खा सैनिकमा विताएका बर्ष कसरी तुलना गर्ने होला? मानवबस्ती भन्दा धेरै पर खर्कमा आगोको छेउमै गम्लङ्ग बख्खु ओढेर निदाउने कृष्णबहादुरलाई सम्विधान बन्नु र नबन्नुमा के सरोकार ? देशको प्रधानमन्त्री जो बनोस के चासो । कुनै पार्टीले चुनाव जितोस् के टाउको दुखाइ ?

कृष्णबहादुरको गोठमा मैले देखेको आधुनिक बस्तु भनेको रेडियो हो । ब्याट्रीबाट चल्ने त्यो पानासोनिक रेडियो बजिरहन्छ निरन्तर । दिनभरि काम गरेर फर्कदा घट्टे खोलामा जन्मिएकी छोरी च्यापेर सुत्केरी श्रीमतीलाई गोठमा ल्याइपुऱ्याउँदा कृष्णबहादुरको यो रेडियोले सुत्केरी सामग्रीको बखान गरिरहेको हुँदो हो ।

विहान सखारै छोडियो कृष्णबहादुरको गोठ । उज्यालोले विस्तारै लखेट्दै थियो अँध्यारोलाई । खर्क, जङ्गल, ससाना पोखरी साह्रै मनमोहक थिए भूदृश्य । उज्यालोसँगै तल बेसीमा देखियो बारपाकको सुन्दर बस्ती । उकालो चढ्दै चढ्दै भेटेको त्यो बारपाक अहिले त कति तल बेसीझै लाग्ने ।

उचाइमा पुग्न सजिलो छैन र त पुगेपछिको रोमान्चक अनुभूति विर्सी नसक्नु हुन्छ । फूलैफूलले ढाकिएका पहाडहरू टेक्दै हिड्दा जति आनन्दानुभूति हुन्थ्यो त्यत्तिकै चसक्क दुख्थ्यो मन गुराँसको ढुटा र डडेलोले सुकेका रूख देख्दा । जतातते वेपर्वाह रूख काटिएका छन् । हरेक गोठमा देखिन्छ ताछेर राखिएका फलेकहरू । नाङ्गिदै गएका पाहाडहरूको संरक्षण गर्ने कसले ? रित्तिदै गएका जैविक विविधताको सुरक्षा गर्ने कसले ?

रूखहरू रित्तिदै गएका पहाडहरूमा फुलेका छन् रंगीविरंगी फूलहरू आँखाभरि राखेर । फेरि निगाला र ठूला ठुला बाँझका रूखहरूको जङ्गल कटेपछि आइपुग्यो रूपिनाला । गोठहरू छैनन् अब । दरौंदीको शिर यो रूपिनाला पूरै खोला एउटा लामो र सुन्दर झरना हो । त्यसकै किनारमा भोकको उपचारमा लागियो । झोलामा बोकी ल्याएका ड्राइफुड हुन् अब भोकका औषधि । साँच्चैको अफ्ट्यारो बाटो अब शुरू हुन्छ । रूखहरू पनि तलै छोडिइसके रूपिनालासँगै । घाँस र निकालाका ससाना झ्याङ्गहरू छिचोल्दै कालो चट्टानै चट्टान टेक्दै यात्रा शुरूभो । उत्कर्षतर्फको यात्रा । नारद कुण्डबाटै झरेको झरनासँगै उक्लनु कस्ति चुनौतीपूर्ण हैन । हिँड्न नसक्नेहरू तल गोठतिरै बसे । कोही फर्किए । कोही पुण्य कमाउने अभिलाषामा दु:ख कष्ट झेल्दै बलै तान्दैछन् आफ्नो शरीरलाई नारद कुण्ड तर्फ ।

आकाशमै तैरिएको अनुभव भयो । आँखाले भ्याएसम्म देखिए फुच्चे पहाडहरू , हिउँखोला, बौद्ध हिमाल अनि हिउँले चाटेका काला चट्टानहरू । फेरि फर्कनु छ उही खोचमा । झर्नु छ उही बेसी । आकाशबाट भूइतिर खस्तै गरेको अनुभूतिले डस्न थाल्यो फेरि ।

- नारदपोखरी

❖❖❖

'कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो

र

कल्पना नै आनन्दको आत्मा हो ।'

- महाकवि लक्ष्मीप्रसाद देवकोटा

हरि सांस्कृतिक केन्द्रद्वारा आयोजित गोरखा जिल्लास्तरीय अन्तर उ.मा.वि. निबन्ध प्रतियोगिता (२०७१) प्रथम

सामाजिक रूपान्तरणमा युवा विद्यार्थीको भूमिका

– सविना भुजेल
भीमोदय उ.मा.वि., आरुघाट

विज्ञान र प्रविधिको युगमा आज संसार एउटा गाउँ जस्तै बनिरहेको छ । विज्ञान, प्रविधि, सूचना, सञ्चार आदिको क्षेत्रमा अभूतपूर्व परिवर्तन र प्राप्ति देखिएका छन् । यसले नेपाली समाजलाई पनि विभिन्न रूपमा प्रभावित तुल्याइरहेको छ । हाम्रा आकाङ्क्षा र आवश्यकताहरू दिनप्रतिदिन बढदै गएका छन् । समाजको विकास र परिवर्तन हिजोभन्दा आज विशिष्ट ढङ्गले परिवर्तन भइरहेको छ ।

विश्वव्यापीकरणको युग भएकाले समाज, राष्ट्र र विश्वमै प्रतिस्पर्धी जनशक्ति निमार्ण गर्नु पर्ने जिम्मेदारी हाम्रो काँधमा छ । युगले सुम्पेको यो जिम्मेदारीलाई सहिष्णुताका साथ पूरा गरि हाम्रो समाज र राष्ट्रलाई अग्रगामी दिशातिर अगाडि बढाउने सोचको पनि सर्वत्र खाँचोको महसुस भइरहेको छ । एकातर्फ हामी विश्व बजारमा विशिष्ट पहिचान कायम गर्ने तथा युगसापेक्ष सिर्जनात्मक भूमिका निर्बाह गर्नुपर्ने महत्वपूर्ण कालखण्डमा उभिएका छौं भने अर्कोतर्फ सदियौंदेखि जरो गाडेर बसेका हाम्रा कतिपय रूढिबादी संस्कार, परम्परा, सामाजिक भेदभाव जस्ता साँचहरूले सामाजिक रूपान्तरणमा व्यबधान सिर्जना गरिरहेको स्थिति छ । पुरातन संस्कार र हाम्रा सङ्कीर्ण मानसिकताले उब्जाएका बिकृतिहरूलाई समूल अन्त्य गरि समाजलाई स्वस्थ , सिर्जनात्मक, प्रगतिशील र समुन्नत तुल्याउनु पर्ने खाँचो हाम्रो सामु चुनौतीका रूपमा रहेको छ । परम्परागत मूल्य र मान्यताभित्रका राम्रा पक्षहरूलाई सम्बर्धन गर्दै त्यसैको जगमा समाज र राष्ट्रलाई उत्तरोत्तर विकसित गराउने जिम्मेदारी विद्यार्थी युवाहरूको काँधमा आएको छ । समाजको मौजुदा स्थितिलाई शुद्धीकरण गरी समयसापेक्ष सहअस्तित्व, बन्धुत्व, सहिष्णुता जस्ता मानवीय मूल्य र मान्यताको विचबाट समाजलाई स्वस्थ, उन्नत, उर्जाशील र विकासशील तुल्याउने कार्य सामाजिक रूपान्तरण हो । यही अभीष्ट पूरा गर्ने दायित्व विद्यार्थी युवावर्गहरूको काँधमा आएको देखिन्छ ।

युवा विद्यार्थीहरू भनेका पहाडलाई फोरेर समथर मैदान बनाउने आँट र क्षमता भएका व्यक्ति विशेषहरूको समूह हो । पृथ्वीरूपी सुन्दर बगैचाको जिम्मेवार मानिसहरूको रूपमा युवा विद्यार्थीहरू रहनुपर्छ । अहिलेका युवा विद्यार्थीहरू पुर्खाहरूको सपना साकार पार्ने वर्तमानको सक्षम सारथी बन्न सक्नु पर्छ । विगतलाई राम्ररी विचार गरेर आगतको सुनौलो आकृति कोर्नुपर्छ । पुर्खाहरूको इज्जत थामेर भविष्यका सन्ततिहरूलाई जीवनको बाटो देखाउनुपर्छ । अहिलेका युवा विद्यार्थीहरूले असल समाजको निमार्ण गर्नुपर्छ । अनि सुन्दर धर्तीको जगेर्ना गर्नुपर्छ । समाजका अशक्त, गरिब, निमुखा, निर्धा तथा उत्पीडितहरूको दरिलो खम्बा बन्नुपर्छ । अनि समाजलाई प्रगतितर्फ उन्मुख गराउने गतिलो उद्देश्य लिनुपर्छ । संसाररूपी सागरमा सही गन्तव्यतर्फ गम्भीर भएर लाग्नुपर्छ । समाजको धरोहरको रूपमा युवा विद्यार्थीहरूले कुशल स्रष्टाको भूमिका पनि निर्वाह गर्नुपर्छ ।

समाजको लैङ्गिक, वर्गीय, जातीय, धार्मिक र साँस्कृतिक अवस्थामा समानता ल्याई समाजलाई सभ्य, सुसंस्कृत र सवृद्ध ढाँचावाट अगाडि बढाउन आजका युवा विद्यार्थीहरूको महत्त्व, आवश्यकता तथा उपयोगिता अपरिहार्य छ । समाज सुधारको मूल स्तम्भको रूपमा वा सक्रिय जनशक्तिको रूपमा युवा विद्यार्थीहरू क्रियाशील रहनुपर्छ । वर्तमान समाजमा आइपरेका विभिन्न परिस्थितिहरसँग जुध्न सक्ने आत्मबल युवा विद्यार्थीहरूसँग मात्र हुन्छ । यस्ता सक्रियवर्गको अथक प्रयास र देनले समाजलाई विकासको चरम शिखरमा पुऱ्याउन सकिन्छ । विभिन्न खालका परिवर्तनशील पाइलाहरूलाई व्यावहारिकतामा पूर्णता दिन युवा विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । यिनीहरूको सङ्घर्षशील पाइलाहरूले नै वास्तवमा परिवर्तनशील समाजलाई नयाँ गोरेटो दिलाउन सम्भव छ । त्यसैले समाज परिवर्तनको मूल संवाहक भनेका शरीरमा रातो, तातो रगत वगेका युवा विद्यार्थी नै हुन् ।

अहिलेको २१ औं शताब्दीमा पनि हाम्रो समाजमा विभिन्न सामाजिक समस्याहरू विद्यमान छन् । यी समाजमा उत्पन्न भएका विभिन्न सामाजिक समस्याहरूले समाज विकासमा अवरोध खडा गरेका छन् । छुवाछुत, जातीय भेदभाव आदि विसङ्गतिहरू अझै पनि पूर्णरूपमा अन्त्य हुन सकिरहेका छैनन् । कतिपय दलित जातिले प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूप हुने गरी आफ्नो मानमर्यादालाई उच्च राख्न सकेका छैनन् । युरी गागरिनले अन्तरिक्षको यात्रा

गरेको आधा शताब्दी हुन लागिसक्यो । निल आर्मस्ट्रङले चन्द्रमामा पाइला राखेको चार दशक वित्न लागिसक्यो। ऐनले जात भात र छुवाछुतको अमानवीय कुप्रथालाई कानुनी रूपमा निराकरण गरेको पचासौं वर्ष वितिसक्यो । तर अझै ओल्ला घरको सन्तलाल दमाईले पल्लाघरे पुरेत बाका घरको मझेरी देख्न पाएको छैन। अझै कोदाली र हँसिया बोकेर 'साहेब' का घरमा पुगेको बलबहादुर विश्वकर्मा उपेक्षित भएर आँगनको पल्लाछेउमा जुठ्याननेर बसेर च्याँख्ला खान बाध्य छ । अझै पनि गाउँको साहिलो सार्की मरेको चौपाया जवर्जस्ती स्याहार्न बाध्य छ। अझै पनि नियतिले ठगिएका विधुवा तथा वृद्ध आमाहरूलाई बोक्सीको आरोप लगाएर यही समाजले अभक्ष खुवाइरहेको छ । अझै कथित दलितहरूले धारापँधेरामा बगेर जाने पानी आफैँ झिकेर खान पाएका छैनन् । एउटै ईश्वरका सन्तानहरूले देवस्थलहरूमा उपस्थित भएर आस्थाका फूलपाती चढाउन पाएका छैनन् । यस्ता कैयन् जातीय भेदभावका क्रियाकलापहरू हाम्रो समाजमा अथाह छन् । जबसम्म समाजमा जातीय भेदभाव जस्तो कुप्रथाले जरो गाडिरहन्छ, तबसम्म समाज परिवर्तनले गति लिन सक्दैन । त्यसैले आजका युवा विद्यार्थीहरूले मानव धर्तीमा उब्जिएका यस्ता जघन्य कुप्रथाको अन्त्यको लागि जनचेतनामूलक कार्यक्रमहरूद्वारा सम्पूर्ण समाजबासीहरूमा चेतनाको लहर ल्याउन अत्यावश्यक ठान्दछु ।

अहिलेको वर्तमान नेपाली समाज भ्रष्टाचारको ऐजेरूले ढाकिएर निरीह भइरहेको छ । कुर्सीको धाक र आडम्बर देखाएर अधिकांश निमुखाहलाई ठगिरहेका छन् । पसिना बगाउने गरिबहरूले यहाँ निम्न दर्जाको मान्छेको रूपमा तिरष्कृत हुनु परेको छ, भने भ्रष्टाचारको धनले प्रशस्त नोकरचाकर राखेर विलासी जीवन विताउनेहरू इज्जतदार ठानिएका छन् । समाजमा हामी विद्यार्थी युवावर्गको विवेकको कमजोरी र चिन्तनको दरिद्रताले गर्दा नै यस्तो स्थिति सिर्जना भएको हो भन्नेमा अतिशयोक्ति नहोला । त्यसैले समाजको यस्तो अवस्थामा युवा विद्यार्थीहरू चिनतनशील भएर कर्तव्य पूरा गर्नुपर्छ, जिम्मेवारी बहन गनुपर्छ । समाजमा परिर्वतनको प्रत्याभूति दिलाउन सम्पूर्ण युवा विद्यार्थीहरू एकतावध्द रूपबाट सङ्गठित भई भ्रष्टाचारी विरूद्धमा आवाज उठाउनुपर्छ । यसको विरूद्धमा नारा, जुलुस लगाई समाजवासीलाई सचेत बनाउनुपर्छ ।

त्यसैगरी हाम्रो समाजमा सस्तो वस्तुलाई महङ्गो गरेर सोझा सिधा मानिसहरूलाई जिउँदै मरेतुल्य बनाउने कालोबजारियाहरू पनि छन् । गरिबहरूले

पसिनाको उचित मूल्य नपाएको कारण कहालीलाग्दो जिन्दगी जिउन विवश छन् । यस्ता कमजोर वर्गका मानिसहरू सिङ्गो युगको पिडा घुटुघुटु पिउन बाध्य छन् । विलासी जीवन विताउनेहरू चौविसै घण्टा हसुरिरहेका छन् भने पसिना बगाउने सोझा सिधाहरू भोकभोकै मरिरहेका छन् । अनि पैसाकै बलमा सोझाहरूको इज्जत लुटिएको छ । गरिब आमाबाबुका छोरीहरूको जवानी लुटिएको छ । यस्तो अवस्थामा कमजोर वर्गका मानिसहरूको स्थिति कारूणिक छ । निमुखाहरूको इज्जत र पसिना लुट्ने शोषक, सामन्ती तथा कालोबजारियाहरूले यो समाजलाई खोको बनाउँदै लगेका छन्, अबनतितिर घचेटिरहेका छन् । त्यसैले समाज आज जर्जर अवस्थामा आक्रान्त छ । सामाजिक परिवर्तनको चाहना चाहनैमा सीमित छ । यस्तो अवस्थामा सोझा किसानहरूलाई पसिनाको मूल्य तथा हक र अधिकार दिलाउनमा युवा विद्यार्थीहरू प्रयासरत रहनुपर्छ । समाजलाई पछाडि पार्न खोज्ने चोर, डाँका, कालोबजारिया, शोषक, सामान्त र जाली फटाहाहरूलाई ध्वस्त पार्न क्रियाशील रहनुपर्छ ।

हाम्रो समाजमा महिनैविच्छे विहे गर्ने अनि बम्बैका वेश्यालयहरूमा लगेर बेच्ने कुप्रथा जीवितै छ । कोही यिनै सतिसाविञ्त्रीहरूका फरिया फाट्दा रमिता मानेर हेरिरहेका छन् । देशको नारीसौन्दर्य सतिसाविञ्त्रीहरूका शीलस्वभाव र नेपाली पहिरनमा होइन विदेशी पहिरनमा झुन्डिन लागिरहेको कारूणिक स्थिति छ । यस्तो अवस्थामा समाजमा अधिकांश नारीहरूको उत्थान हुन सकेको छैन । आधा आकाश ढाक्ने नारीहरूको उत्थान नभएर होला यो समाजको कायापलटको लागि महिलाहरूलाई सिर्जनात्मक तथा रचनात्मक क्रियालापमा सलग्न गराउन नसकिएको, महिला सहभागिताको सु-अवसर प्रदान गराउन संविधानमा महिलाहरूको हक र अधिकार दिलाउन तथा महिला शिक्षाको व्यवस्था गर्न आजका युवा विद्यार्थीहरूबाट विशेष पहल हुनु जरूरी छ । यसको लागि सम्पूर्ण विद्यार्थीहरू एकतावद्ध रूपमा सङ्गठित भई वर्तमान सरकारलाई दवाव दिनुपर्छ । समाजमा महिला र पुरूष एकैरथका पाङ्ग्रा वा एकै सिक्काका दुई पाटा हुन भन्ने मान्यता अनुरूप लैङ्गिक समानताको पक्षमा अहिलेका युवा विद्यार्थीहरूले विशेष कदम चाल्नुपर्छ । समाजमा महिलाविना पुरूषको अस्तित्व सम्भव हुँदैन अनि पुरूषविना पनि महिलाको अस्तित्व सम्भव छैन भन्ने भावना समाजवासीमा जगाउन युवा विद्याथीहरू कटिवद्ध हुनुपर्छ । यस्तो भावना जगाउन सकेमा समाजमा महिला शोषण हुन पाउँदैन, लैङ्गिक समानता कायम हुन्छ,

महिला र पुरूषवीच कामको समान बाँडफाँड हुन्छ । यसबाट मात्र समाज परिवर्तनले गति लिन सक्छ ।

समाज र राष्ट्रलाई कुन दिशातिर मोड्ने जाति, संस्कृति, पेसा, धर्म आदिलाई कुन गतिमा अगाडि बढाउने जस्ता सारा कुराहरूको सिङ्गो अभिभारा आजका युवा विद्यार्थीहरूको काँधमा रहेको छ । समाज तथा राष्ट्रको नाम चलाउन, इज्जत कायम राख्न युवा विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । अन्तर्राष्ट्रिय बजारमा विक्ने खालका जनशक्तिको उत्पादनमा युवा विद्यार्थीहरूको विशेष जोड रहन्छ । वर्तमान समाजलाई आधुनिक समाजसँग तुलना गरि त्यहीअनुरूप अगाडि बढाउने अभिभारा युवा विद्यार्थीहरूको काँधमा रहेको छ । समाज तथा राष्ट्रको विकास यात्रामा वैज्ञानिक प्रतिभा सक्रिय भयो भने मात्र त्यस्तो समाज तथा राष्ट्र वैज्ञानिक तवरले अघि बढ्छ । त्यसैले यस्तो स्वर्णिम घडीमा युवा विद्यार्थीहरूमा भएको आलस्य फाली पृथ्वीलाई तीनवित्ता उचाली, हातमा हात र काँधमा काँध मिलाउँदै, सबैसँग दौंतरी गाँस्दै आफ्नो अविराम यात्रालाई अगाडि बढाउनुपर्छ । त्यसैले विद्यार्थी केवल किताबको किरो मात्र नभएर जीवनलाई सुरूवाट नै सूक्ष्म अध्ययन गर्न सक्नुपर्छ । मन मस्तिष्कलाई लगाम लगाएको घोडाझैं एकाग्र पार्नु पनि अत्यावश्यक छ । जसरी हजारौं पुष्पगुच्छाहरूलाई एकत्रित गरेर एउटा सिङ्गो मालाको निर्माण हुन्छ त्यसरी नै युवा विद्यार्थीहरू समाज विकासमा सङ्गठित हुनुपर्छ ।

हाम्रो देश नेपालको सन्दर्भमा कतिपय युवा विद्यार्थीहरू विलासिताको भवसागरमा चुर्लुम्म डुबेर सुन्दर देशमाथि लात हानेर देश र समाजलाई गन्दे पोखरी बनाउन थालेका छन् । कतिपय युवा विद्यार्थीहरू पुराना भजन, गीतहरू भन्न त परै जाओस, सुन्न पनि झर्को मान्छन् । दौरा, सुरूवाल, ढाका, टोपी नेपालीको भेष लाउन त परैजाओस अरूले लगाउँदा पनि जिस्काउँछन् । छोटो स्कट र फाटेको कट्टुलाई सभ्यताको चिनो मानि आत्मसम्मानको अनुभूति गर्छन् । विदेशी भाषाको संस्कृति नक्कल गरेर HI , HELLOW AND BY भन्नमा व्यस्त छन् । हातमा समाज परिवर्तनको कलम लिएर हिड्नुको सट्टा चुरोट लिएर हिडछन् । भविष्यमा यो दिन नआउला भन्न सकिन्न जुन दिनमा आफ्नो देशको नाम भन्न समेत हिच्किचाएर अरू नै देशको नाम भनिदिनेछन् । यस्ता युवाविद्यार्थीहरूलाई शिक्षित, चेतनशील युवा विद्यार्थीहरू मिलेर सचेत गराउनु पर्दछ । आजको युवा विद्यार्थीहरूले राम्रो पाठको प्रदर्शन गरे मात्रै युवा विद्यार्थीहरूको भविष्य

सुनिश्चित हुन्छ भन्ने भावना यस्ता युवाहरूलाई जगाउनुपर्छ । हाम्रा पूर्खाहरू परिश्रमी, इमान्दार र पूज्य भएकोले तिनका गुणहरू अनुकरणीय छन् भन्ने भाव जगाउँदै दामको लागि आफ्नो नाम नबेच्न दबाव दिनुपर्छ । अनि स्वदेशलाई अखण्डित राखेर भावी पिढीलाई बाँच्ने आधार खडा गर्नुपर्छ ।

समाजको लीलाम गरेर बन्न खोजेका नेता तथा जनताको टाउकोलाई भकुण्डो सम्झिएका भ्रष्ट नेताहरूले देश र जनतामाथि खेलवाड गर्दा भविष्य अन्धकार हुन पुग्छ । यस्ता भ्रष्ट नेताहरूदेखि सम्पूर्ण समाजवासीहरूलाई सचेत गराउन विद्यार्थी युवाहरूको भूमिका अत्यावश्यक छ । भ्रष्ट नेताहरूलाई राष्ट्रियता भन्दा ठूलो कुरा केही हुन सक्दैन भन्ने भावना सङ्गठित भई जगाउनुपर्छ । यस्तो भएमा मात्र समाज परिवर्तनले गति लिन सक्छ ।

गाउँ नै गाउँले भरिएको मुलुक नेपालमा जलविद्युतको प्रचुर सम्भावना हुँदा पनि सो अनुरूपको फाइदा लिन नसक्नु निकै लाज लाग्दो परिस्थिति हो । मुलुकमा भएका जलभण्डारबाट उर्जा उत्पादन गर्नु र उत्पादित उर्जालाई विकासको मूल प्रवाहमा सही र सन्तुलित तवरले उपयोग गर्दै मुलुकको सर्वाङ्गीण विकास र गरिवी निवारणतर्फ आवश्यक पाइला चाल्नु आजको प्रमुख आवश्यकता देखिन्छ । यो र यस्ता कार्यहरूमा सरकारलाई विशेष तवरबाट सहयोग गर्नुको लागि अहिलेका सक्षम विद्यार्थी युवाहरूको महत्वपूर्ण भूमिका रहनुपर्छ । प्राकृतिक वैभवले परिपूर्ण नेपाली धर्तीमा सुखी भविष्यको आविष्कार गर्नु वर्तमान युवा विद्यार्थीहरूको दायित्व हो भन्नमा अतिशयोक्ति नहोला ।

आज प्रतिभा पलायनको समस्याले मुलुक आक्रान्त छ । कैयन् होनहार प्रतीभाहरू आफ्नो व्यक्तित्व माथि उठाउने र रोजगारीका अवसरहरू प्राप्तिको लागि युरोप र अमेरिकातर्फ भौँतारिएर गएका छन् । विश्वमा देखिएका नयाँ चमत्कारमा उनीहरूको सीप र दक्षता मिसिएको पनि छ । यता मध्यम स्तरको जनशक्ति अरवको तातो मरूभूमिमा गई पिल्सिएर बस्न वाध्य भएका छन् । स्वदेशमा नै रोजगारी तथा आफ्नो सक्षमता अनुसारको सीप र दक्षता प्रदर्शन गर्ने अवसर भएको भए सम्भवतः त्यस्ता जनशक्ति पलायन हुने थिएनन् । जीवनको उर्वर समय विदेशमा खर्चिएर स्वदेशप्रतिको भक्ति र भूमिका प्रस्तुत हुन सक्दैन । अतः नेपाली समाजको अग्रगामी परिवर्तन तथा कायापलटका लागि प्रतिभा पलायनको समस्यालाई रोक्नु जरूरी छ । यसका लागि सम्पूर्ण युवा विद्यार्थीहरूमा तथा युवावर्गमा "जननी जन्मभूमिश्च : स्वर्गादपि गरीयसि" को मूल मन्त्रलाई

आत्मसात् गर्ने चरित्रको विकास गर्न अत्यावश्यक छ । प्रत्येक युवा विद्यार्थीमा राष्ट्रियताको चुरो आफ्नो भूमि तथा माटोप्रतिको ममता अन्तस्करणबाट टुसाउनु जरूरी छ । समाज रूपान्तरणको अभियन्ता भनेका युवा विद्यार्थीहरू नै हुन् । बृद्धअवस्थामा पुगेको व्यक्तिले समाज र राष्ट्रका लागि के दिन सक्छ र ?

आखिर उसको मुखारविन्दबाट आफ्नो समाज र राष्ट्रप्रतिको ममता र शुभेच्छा प्रकट गर्नु सिवाय अर्को विकल्प रहँदैन । समाजलाई पश्चगामी दिशातिर अगाडि बढाउने कि, अग्रगामी र सिर्जनात्मक दिशातिर उन्मूख गराउने भन्ने कुराको निर्णायक शक्ति भनेकै युवा विद्यार्थी हुन् । यसभित्र नारी र पुरूष दुबै लिङ्ग समेटिएका हुन्छन् । मानव विकासको सूचकाङ्क हेर्दा नेपाली समाजमा नारी र पुरूषको विकासको स्तर समान देखिँदैन । विकसित देशहरूमा लिङ्गसम्वन्धी सूचकाङ्कमा प्राय : समानता देखिएकाले ती मुलुकहरू तीव्ररूपमा अघि बढेका छन् । अत: समाजको रूपान्तरणमा महिला विद्यार्थीहरूको भूमिकालाई सर्वोपरि ठान्नु आवश्यक छ । आधा आकाश ढाक्ने नारीहरू चुलोचौकामा मात्रै सीमित रहँदा समाज र राष्ट्र पुष्पित पल्लवित हुन सक्दैन । अब समाज रूपान्तरणको दिशामा नारीहरूको भूमिकालाई केन्द्रमा राखनु जरूरी छ ।

समाजलाई सिर्जनात्मक वनाउने मात्र नभई अधोगतितिर धकेल्ने काम यदाकदा युवा विद्यार्थीहरूबाट नै भएको देखिन्छ । सामाजिक विकृति, विसङ्गति, अराजकता, भाँडभैलो, असुरक्षा, व्यभिचार, चेलीबेटी बेचविखन, बलत्कार जस्ता विकृत तथा आपराधिक क्रियाकलापहरूमा युवा विद्यार्थीहरू संलग्न भए भने समाज र राष्ट्रले उनीहरूबाट के पाउन सक्ला ? यसमा स्वयम् युवा विद्यार्थीहरू सचेत हुन जरूरी छ । अत : समाज र राष्ट्रले अपेक्षा गरे अनुसारको रचनात्मक भूमिका युवा विद्यार्थीहरूबाट निर्वाह भएमा समाज र राष्ट्रले छिट्टै काचुली नफेर्ला भन्न सकिन्न । प्लेटो, अरस्तु, अल्वर्ट आइन्स्टाइन् न्युटन, महात्मा गान्धी, मार्क्स, नेल्सन मण्डेला जस्ता प्रतिभा अन्तर्राष्ट्रियस्तरमा लब्धप्रतिष्ठित साहित्यकार, वैज्ञानिक तथा राजनेताहरूबाट समाज, राष्ट्र र सिङ्गो विश्वले विभिन्न विधामा ठूलो उपलब्धि प्राप्त गरेको दृष्टान्त कसैबाट छिपेको छैन् । शान्तिका अग्रदूत गौतम वुद्ध, राजर्षि जनक, आदर्श नारी भृकुटी र सीता, सुप्रसिद्ध कलाकार अरनीको, नेपाली साहित्यका शिखर प्रतिभा महकवि लक्ष्मीप्रसाद देवकोटा, सुप्रसिद्ध समाजवादी चिन्तक बी.पी कोइराला जस्ता नेपाल आमाका सन्तानहरू पनि आफ्ना समयका युवाहरू नै थिए । उनीहरूको प्रतिष्ठा

र योगदान राष्ट्रियस्तरमा मात्रै सीमित नभई अन्तर्राष्ट्रिय जगतमा समेत पुष्पमय भएर रहेको छ । अत : यी र यस्ता व्यक्तित्वहरूबाट हामी युवा विद्यार्थीहरूले प्रेरणा र प्रभाव ग्रहण गनैपर्छ । समाज, राष्ट्र र विश्व समुदाय नै लाभान्वित हुने महान् कार्य गर्ने अठोटका साथ पाइलाहरूलाई उत्तरोत्तर अगाडि बढाउनुपर्छ ।

मातृभूमि र युवा विद्यार्थीवीच आमा र छोराको नाता रहन्छ । त्यसैले धनी बन्ने लालसामा आमाको इज्जत बेचिनु हुन्न । समाज र राष्ट्रका उर्जाशील तथा जल्दा बल्दा सन्तान भनेका युवा विद्यार्थी हुन । समाजको चौतर्फी विकासमा सक्रिय रहनु उनीहरूको धर्म तथा कर्तव्य हो । सवै किसिमका भेदभाव विर्सेर मान्छेमान्छेबीचको सम्बन्धलाई गाढा वनाउनु र यस धर्तीको अपार प्राकृतिक वैभवलाई अक्षत रूपमा भविष्यका सन्ततिसमक्ष हस्तान्तरण गर्नु उनीहरूको परम कर्तव्य हो । समाज र राष्ट्रका लागि के दिने भन्ने सोँच उनीहरूको अन्तस्करणबाट फुट्नुपर्छ । आफ्नो सीप र वुद्धिलाई सामाजिक रूपान्तरणमा खर्चिने चरित्र र सोँच उनीहरूमा हुनुपर्छ । यसै सन्दर्भमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको नवयुवक कवितामा पोखिएका मार्मिक उद्धारणलाई प्रस्तुत गर्न समुचित ठान्दछु । 'हे तन्देरी उठन पृथिवी तीन वित्ता उचाली .....' उपर्युक्त पङ्क्तिमा अक्षर बनेर पग्लिएका घनीभूत भाव तथा विचारले युवा विद्यार्थीहरूको समाज तथा राष्ट्रनिर्माणमा कस्तो भूमिका रहन्छ भन्ने कुरालाई पुष्टि गर्ने आधार मिल्दछ ।

समाज र राष्ट्रको स्वार्थमा आँच आउने उपद्रव तथा अशान्तिलाई सुल्झाउन युवा विद्यार्थीहरूकै सहयोग र भूमिका आवश्यक पर्छ । समाजलाई विकृत तुल्याउने अदूरदर्शी चरित्र पनि यदाकदा देखिन्छन् । त्यस्ता गतिविधिलाई निरूत्साहित गर्न आजका सचेत युवा विद्यार्थीहरूको आवश्यकता पर्दछ । हरेक युवा विद्यार्थीहरूबाट समाज र राष्ट्रले ठूलो अपेक्षा र भरोसा राखेको हुनछ । उनीहरूको वौद्धिकता, कार्यकुशलता, जुझारूपन तथा सिर्जनात्मकतामा समाजको भाग्य र भविष्य लुकेको हुनछ ।

अशिक्षाका अँध्यारामा अक्षरहरको दियो सल्काउन, देशवासीका ढुकढुकीमा राष्ट्रियताको ज्योति बाल्न र विश्वपरिवेशमा मर्दै गएको मानवतालाई पुनः ब्युँताउन अहिलेका युवा विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रहनुपर्छ ।

सागरको पानीमा हराएजस्तै कुवाको पानमिा डुवुल्की मारेजस्तै सामाजिक रूपान्तरणको निम्ति युवा विद्यार्थीहरूको आवश्यकता दुईथोपा रगत र अन्तिम सास रहेसम्म रहन्छ । धन्यवाद

हरि सांस्कृतिक केन्द्रद्वारा आयोजित गोरखा जिल्लास्तरीय अन्तर उ.मा.वि. निबन्ध प्रतियोगिता (२०७१) द्वितीय

सामाजिक रूपान्तरणमा युवा विद्यार्थीको भूमिका

– करिश्मा ढकाल
सरस्वती उ.मा.वि. बोर्लाङ्ग

परिवार परिवार मिलेर बनेको सिङ्गो स्वरूप नै समाज हो । कुनै पनि समाजको रूपान्तरणमा जल्दाबल्दा युवाहरूको भूमिका रहेको पाइन्छ । २१ औं शताब्दीका युवा विद्यार्थीको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । आजका विद्यार्थी वर्ग जसले चाहे भने कुनै पनि समाजलाई विकासतर्फ रूपान्तरण गर्न सक्छन् । युवालाई समाजको मेरूदण्डभन्दा पनि फरक नपर्ला । समाजमा रहेका विकृतिहरूको जरैदेखि उन्मूलन गर्न पनि युवाहरूको भूमिका अन्तर्गत पर्दछ ।

साँच्चै कुनै पनि सामाजिक रूपान्तरणमा युवावर्गको भूमिका रहेको पाइन्छ । कुनै पनि अध्याँरो समाजलाई विद्युत्को उज्यालो छर्ने, अशिक्षाले झेलेको समाजमा शिक्षाको ज्योति छर्ने भिर, पाखालाई सम्म बनाएर खेती गर्ने, उजाड मरूभूमिमा वृक्षारोपण गर्ने, स्वतन्त्र रूपमा वगेको नदीबाट पानी तानी सिंचाइ गर्ने जलदाबल्दा युवा सक्षम हुन्छन् । युवाहरूले चाहे भने पहाड फोर्न सक्छन् । भनाइ नै छ "एक थुकी सुकी, सय थुकी नदी" त्यसैले युवाहरूको समूह जुटेपछि कुनै पनि समाजको रूपान्तरणमा कठिनाइ पर्दैन । युवाहरूमा बल, साहस र क्षमता हुन्छ । युवाहरूले क्रान्ति, सिर्जना गरेर पनि समाजको रूपान्तरणमा जुट्न सक्छन् । गरिबीको रेखामुनि रहेको हाम्रो समाजलाई सहजै रूपान्तरण गर्न युवाहरूले सक्छन् । युवाहरू एक भए सामाजिक रूपमा मात्र नभएर मानसिक, आर्थिक रूपमा समेत जनताहरूको भावनाको रूपान्तरण गर्न सफल हुन्छन् । युवाहरू मिले भने मस्तिष्कबाट नै विकासको नारा उच्चारण हुन्छ अनि सबल र समुन्नत समाजको निर्माण हुन्छ । समाजको रूपान्तरणमा युवाहरू हर क्षण हरपल लागि पर्नु पर्ने देखिन्छ तब मात्र सामाजिक रूपमा युवा सहभागिता भएको ठहर हुन्छ । युवाहरूको भूमिकाले यस समाजमा विभिन्न किसिमका विकास भएका छन् । युवा विद्यार्थीको भूमिकाले आज विभिन्न किसिमका विकास भएको पाइन्छ । युवाहरूको जमाना भनेर यो युगलाई नामकरण गर्दा पनि त्यति फरक पर्दैन । युवाहरूको नसा-नसामा जनताको रगत अनि मुटुभरी जनताको न्यानो माया पौडिएको पाइन्छ । युवाहरूले देश हाँक्न सक्छन् । देशको अस्तित्व बचाउन सक्छन् । हरेक युवाको ढुकढुकीमा देशको माया धड्कन धड्की रहने हुनाले जनताहरूले साथ दिन सक्छन् । त्यसैले युवाहरूको मानसिक, शारीरिक बलको प्रतिफल कुनै पनि समाजको रूपान्तरण हुन सक्छ । युवाहरू

अन्याय र अत्याचारको विरूद्धमा सूर्यमुखी भएर जलाउन समेत पछि पर्दैनन् । समाजको सहजरूपले विकास अनि सामाजिक उत्थानमा युवावर्गको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको हुन्छ । आपसी द्वन्द्वलाई निराकरण गर्न सक्ने क्षमता पनि तिनै युवामा पाइन्छ । हाम्रो नेपालको परिस्थितिमा युवाहरू जुटे भने सामाजिक रूपान्तरण गर्न युवा आवाज (voices of youth) को प्रमुख भूमिका रहेको पाइन्छ । युवाहरूले सामाजिक आकाङ्क्षा र आवश्यकता पूर्ण गर्नका लागि पनि जुजारू भएर लड्न सक्दछन् । आपसी द्वन्द्वलाई मेलमिलापमा रूपान्तरण गर्न पनि युवामा क्षमताको अभाव रहेको पाइँदैन ।

समाजमा रहेको विकृतिले समाजलाई कुबाटोतर्फ धकेलिरहेको पाइन्छ । यसको उन्मूलनमा पनि युवा विद्यार्थीको भूमिका रहेको पाइन्छ । हाम्रो समाजमा रहेको जाँड रक्सी, जुवातास, चेलीबेटी वेचविखन, बलात्कार जस्ता विकृतिको अन्त्य गर्न पनि युवाहरूको भूमिका रहेको छ । जाँडरक्सीको समस्याबाट पिडित यस समाजमा कुलतका विरूद्धको अभियानमा जुटन् पनि युवाहरूले नै सरिक भएर काम गर्नु पर्ने देखिन्छ । हाम्रा चेलीबेटीलाई वोर्डर कटाएर HIV/AIDSको सिकार बनाउने जस्ता कुकार्यको विरूद्ध युवा वर्गले आह्वान गर्नुपर्ने देखिनछ । २ वर्षको बालिकादेखि १०० वर्ष सम्मको वृद्धाको बलात्कारमा सामेल हुनेलाई तिनै युवाले यसको अन्त्य गर्नको लागि सरिक भएर लाग्नुर्पछ । नकरात्मक कुराको सिको नगरी सकारात्मक कुरोको सिको गर्न सकेमा सामाजिक रूपान्तरण हुने निश्चित छ । भनाइ नै छ, Positive behave makes us good and our society will be changed easily । त्यसैले सकरात्मक सोचाई लिएर अगि बढ्नु पर्ने देखिन्छ । सम्पूर्ण विद्यार्थीहरू नै युवा हुने भएकाले युवाहरूलाई नै विद्यार्थीभन्दा फरक नपर्ला । आफूबाट शुरू गऱ्यो भने जे कुरा पनि सम्भव छ । आफूबाट समाजप्रति सकारात्मक विचार प्रकट भयो भने अरूमा पनि सकारात्मक विचारको प्रभाव पर्न सक्छ । हरेक युवामा सकारात्मक कामको थालनीका लागि हौसला मिल्छ । दासदासीको रूपमा धनी महाजनको घरमा बस्ने ती बालबालिकाको उद्धारमा पनि युवा जुट्नुपर्ने देखिन्छ । ती धनी महामानवका छोरा-छोरी, युवा शक्ति र गरीबको छोराछोरी चाँहि युवा होइनन् त ? ती युवाहरूले आफ्नो परिबारबाट राम्रो कामको थालनी गर्नुपर्ने देखिन्छ । आफ्नो परिवारका सदस्यले कसैलाई हिंसा गर्छ भने त्यसो नगर्न पहल गर्ने अनि आफू त्यस्ता समस्याबाट पर नभागी समस्यासँग जुध्न आवश्यक छ । तब मात्र समाजका कुरीतिको अन्त्य हुन सक्छ । रजस्वला भएको समयमा समाजमा रहेको कुरीतिको अन्त्य हुन नसक्दा छाउपडी बस्दा कति किशोरीहरूको विषालु सर्पले डसेर मृत्यु भएको छ । यस्ता सामाजिक अविश्वासलाई जरैबाट उखेल्न युवा सरिक हुनुपर्ने देखिन्छ । सडक नाटक, गोष्ठी, मेसिनार, पोस्टर र पम्प्लेटको

माध्यमबाट पनि जनचेतना छर्न सकिन्छ । युवाहरूले समाजमा रहेको कुरीति हटाउनको लागि आफूबाट सुरूवात गर्नुपर्दछ । जनताको हकहित अनि उद्धारको लागि युवाले जनआवाज सँगै युवाआवाज उठाउन जरूरत देखिन्छ । सम्बन्धित निकायमा जनदवाव सिर्जना गर्न पनि युवाको भूमिका रहन्छ । पुरानो समाजलाई परिवर्तन गर्ने जिम्मा पनि युवाहरूकै रहेको हुन्छ । युवाहरूले चाहे भने पहरा फुटाई विजारोपण गर्न समेत पछि पर्दैनन् ।

युवाहरूले समाज रूपान्तरणमा अहम् भूमिका खेल्नु पर्ने देखिन्छ । २००७ सालमा प्रजातन्त्र ल्याउनको लागि बलिदान दिने वीर सहिदहरू शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथ पनि आफ्नो जमानाका युवा विद्यार्थी नै त थिए । जनतालाई शिक्षा दिन भनि हिँडेका ती सहिदहरूले आफ्नो ज्यानको आहुती दिन समेत पछि परेनन् । सयौँ वर्ष लामो जहाँनिया राणाशासनको उन्मूलन गरी देशमा प्रजातन्त्रको उज्यालो छर्ने व्यक्ति पनि युवा नै थिए । त्यसपश्चात् समाजको रूपान्तरण भइ नै रह्यो । २०४७।२०४८ को जनआन्दोलनले पनि देशमा आमुल परिवर्तन ल्यायो । यस्ता जनआन्दोलनमा सहभागी हुने पनि युवा नै थिए । समाज बस्दा निर्धक्क भएर बाँच्न पाए समाज पूर्ण रूपमा रूपान्तरित नभए पनि केही कुरामा भने रूपान्तरण हुन सक्छ । तत्पश्चात २०६२/२०६३ को जनआन्दोलन जसले देशमा लोकतन्त्रको स्थापना गर्‍यो र २०६३।०७।११ मा देशमा लोकतन्त्र स्थापना भयो । देशमा जनताको शासन चल्न थाल्यो । यो लोकतन्त्र सम्मको स्थापनामा युवा विद्यार्थीको भूमिका थिएन त ? गते संविधान सभाको पहिलो चुनाव भयो । जनताले आफ्नो जनप्रतिनिधि चुनेर पठाए । देशमा गणतन्त्रको स्थापना भयो । यसप्रकार गणतन्त्रको स्थापनासम्म आइपुग्दा युवा विद्यार्थीको भूमिका रहेको पाइन्छ । गणतन्त्र संगै देशमा आमूल परिवर्तन भयो । जनतामा खुसी छायो अनि समाज विस्तारै रूपान्तरित हुँदै गयो । यस्ता आन्दोलन अनि रूपान्तरणमा सहभागी बि.पी., जि.पि.,के.पि, किरण, झलनाथ, प्रचण्ड, बाबुराम पनि कुनै समय युवा विद्यार्थी नै हुन् । उनीहरूले देशलाई प्रजातन्त्र, लोकतन्त्र अनि गणतन्त्रसम्मको स्थापनामा थुप्रै योगदान दिएका छन् । उनीहरूले राजनीतिमा पनि राम्रो भूमिका देखाए । युवा विद्यार्थीको भूमिका समाज रूपान्तरण संगै राजनीतिमा पनि उत्तिकै पाइन्छ । उनीहरूको त्यागले गर्दा हामी स्वतन्त्र छौं । हजारौं युवाहरूले वलिदान दिए, हजारौं युवाहरू घायल भए, हजारौं युवाहरूको ज्यान गयो, हजारौं युवतीको सिन्दुर पुछियो र तापनि सामाजिक रूपान्तरणमा लागि परि नै रहे । नेपाल क्षेत्रफलको दृष्टिले सानो भएपनि यहाँ युवाको भूमिका भने अहम् रहेको पाइन्छ । मानसिक रूपमा तङ्पिएर बाँचेका युवा जो देशभक्त पनि यहाँ पाइन्छ, देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको स्थापनामा युवा विद्यार्थीको भूमिका पाँइदैन त ? अवश्य पाइन्छ ।

युवा भनेको तातो रगत उमालेर साहसका साथ र समाज रूपान्तरणको बाटो उघ्रान सक्दछन् । दुस्मनहरूले सङ्लो पानी धमिल्याउन लागेको देखेमा सारा युवा एकजुट भई त्यसको प्रतिकारमा जुट्न समेत पछि पर्दैनन् । नेपाली युवाहरू स्वाभिमानी हुन्छन् । आइलाग्ने माथि जाइलाग्न पनि पछि पर्दैनन् । राष्ट्रकवि माधव घिमिरेले युवाहरूलाई जुजारू भएर लाग्नको लागि कवितात्माक भावमा सन्देश दिएका छन् :

छि: यो वेला नबस घरमा निस्क आलस्य फाली
हे तन्तेरी ! उठ न पृथ्वी तीन विना उचाली

साच्चै कविले भन्नुभएको कुरा एकदमै महत्त्वपूर्ण छ । युवावस्थामा पनि आलस्य मानेर बस्ने होइन हामी युवाहरू त पृथ्वी उचालेर अगि बढ्नु पर्दछ । युवाहरूले चाहे भने असम्भव केही छैन । पृथ्वी उचाल्न समेत पछि नहट्ने युवाले सामाजिक रूपान्तरण गर्न पछि पर्नु हुदैँन ।

साच्चै आजसम्म भएका विभिन्न परिवर्तनहरूमा युवाको नै हात रहेको छ । सर्वप्रथम हवाइजहाज जस्तो साधनको निर्माण गर्ने राइट ब्रदर पनि युवा नै थिए । सर्वप्रथम चन्द्रमा पाइला टेक्ने निल आर्मस्टङ्ग पनि युवा नै थिए । युरी गागरिन, एडमन्ड हिलारी, तेन्जिङ्ग नोर्गे, जुनको ताङ्वेइ, पासाङ ल्हामु, अल्वर्ट आइन्सटाइन, ग्यालिलियो पनि युवा नै थिए । उनिहरूले पनि समाज रूपान्तरण गरेका नै थिए । विश्वमा विद्युतको आविस्कार गर्ने व्यक्तिले पनि अँध्यारो विश्वलाई उज्यालोमा रूपान्तरण गरेका नै थिए । त्यसैले युवाहरू आपसमा मिलेका उनीहरू विभिन्न कुराको आविष्कारसँगै समाज रूपान्तरण गर्न सक्छन् । विश्वमा अनेकौं आविष्कार र उत्पत्तिसँगै परिवर्तनका नारा ल्याउने व्यक्ति पनि युवा नै थिए । उनीहरूले हरेक समाजमा परिवर्तनको संज्ञा दिएका छन् । हरेक जनताको मानसिक स्थितिमा रूपान्तरण गरिदिएका छन् ।

साँच्चै समाजलाई परिवर्तनतर्फ धकेल्ने व्यक्ति पनि युवा नै हुन् । नेपालको इतिहासमा आफ्नो वीरतालाई प्रदर्शन गर्ने व्यक्तिहरू बलभद्र, भीमसेन, अमरसिंह पनि युवा नै थिए । उनीहरूले पनि आफ्नो भूमिका निभाएकै थिए । साँच्चै भीमसेन थापाले यस समाजमा धरहरा जस्ता विभिन्न कीर्ति स्तम्भ स्थापना गरि विकासका कार्यको थालनी गरेका थिए । उनले वृक्षारोपणको सुरूवात गरी जनमानसमा वातावरण संरक्षणको ज्ञान छरेका थिए । त्यस्त बलभद्रले नेतृत्व युद्धमा त झन् उनले महिला सहभागितामा वृद्धि गरेकै थिए । महिलाहरूको उच्च सहभागिता बृद्धिमा उनको भूमिका रहेको थिए । त्यस्तै ७० वर्षीय बृद्ध भक्ति थापामा पनि बहादुरीपूर्वक लड्ने साहस आएको थियो, के उनी कुनै दिन युवा नै थिएनन् त ? यसप्रकार युवावस्थादेखि नै देशको विकासमा पनि युवाको भूमिका रहेको पाइन्छ । आज नेपाली समाजमा अघोर कालो बादलले

छोपी विभिन्न प्रकारका हिंसाहरू भइरहेका । जसले हाम्रो समाजलाई विकासतर्फ अगि बढ्न दिएको छैन । नेपालको इतिहासमा राजनीति गरेर समाज रूपान्तरण गर्ने कृष्णप्रसाद, गिरिजा प्रसाद, वि.पी. कोइराला, मदन भण्डारी, भीमसेन थापा, देव शमशेर, त्रिभुवन के उनीहरू युवा थिएनन् त ? उनीहरूले समाजलाई शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक रूपमा रूपान्तरण गरेकै थिए ।

साँच्चै आज नेपालको नेतृत्व गर्ने व्यक्तिहरू प्राय वृद्ध रहेका छन् । उनीहरूमा पुरातनबादी सोच र दृष्टिकोण रहेको पाइन्छ । उनीहरूले देशविकास भन्दा आफ्नो भुँडी भर्ने अभिप्राय लिएको पाइन्छ । समाजलाई रूपान्तरण गर्छु भनि भाषण छाट्ने तर आफैले आफ्नै घरमा हिंसा गर्ने हाम्रा नेताज्यूहरूको बानी नभएको होइन । घरमा नोकरका रूपमा ८/९ वर्षका बालबालिका राख्ने र अह्राएको काम गरेन भने विभिन्न प्रकारका यातना दिने, के यो चाँहि हिंसा होइन त ? प्राय नेताज्यूहरू भिन्न प्रकारका सुसारेहरू राखि हिँड्ने र आफ्नो विरूद्ध कोही कसैले केही भनेमा गुण्डा लगाएर तिनीहरूको हत्या गर्न समेत पछि पर्दैनन् । त्यति मात्रै नभएर अन्य अपराधिक गतिविधिमा पनि सामेल भएको पाइन्छ । नेताहरू गुन्डा पालेर बस्छन् भने हाम्रो समाज कसरी रूपान्तरित हुन्छ ? उनीहरूका विरूद्ध एक शब्द मात्र निस्किएमा सास रहन्छ या रहदैंन । साँच्चै नेताज्यूहरूको स्थिति र देशको परिस्थिति प्रति युवाहरू यसरी आफ्नो आमा सामु गुनासो गर्न समेत पछि पर्दैनन् ।

एउटा आयोजना बन्नका लागि विदेशी धाउने
रगत पसिना चुहाउन पनि विदेश जानुपर्ने कस्तो देश हो आमा ?
भष्टाचारीको पक्षमा जुलुस लाउने कस्तो देश हो आमा ?
गुन्डा मर्दा पनि झन्डा पाउने कस्तो देश हो आमा ?
जनताको घरमा आगो बाल्दैन खान केही नभएर
नेता भनौदाहरू टाउको दुख्दा विदेश धाउने कस्तो देश हो आमा ?
काम गर्ने जाँगर छैन कर्मचारीको सरकार पनि उस्तै
हप्तामा दुईपटक शनिवार आउने कस्तो देश हो आमा ?

साँच्चै हाम्रो देशको परिस्थिति यस्तो छ । सडेको मगज जुन समाज विकास भन्दा आफ्नो विकास गर्न लागि पर्ने हाम्रा नेताज्यूहरूको मानसिक रूपान्तरण भएमा मात्रै सामाजिक रूपान्तरण हुन सक्छ । के हाम्रो देशमा युवा नेता नभएकै हुन् त ? युवाहरू राजनैतिक क्षेत्रमा पनि सक्रिए भएर देशको साथै समाजको रूपान्तरणमा जुट्नुपर्छ । आधुनिक चिन्तन अनि सेवाभाव भएका युवाले मात्र समाज रूपान्तरण गर्न सक्छ । सरकारी कर्मचरी विभिन्न किसिमका आयोजना पारित गर्नुपरे घुस खान्छन् अनि नपाए काम फर्काउँछन् । के सच्चा कर्मचारीको दायित्व यही हो त ? मानसिक उथलपुथल भएको व्यक्ति

पनि भष्ट्रचारी ठहरिएको पाइन्छ । आफ्नो मानसिक पिडाको वाहनामा सोझा जनताको पैसा लुट्ने व्यक्ति पनि यस समाजमा नजन्मिएका होइनन् । यिनीहरूको मानसिक रूपान्तरण भएमा मात्रै हामी सामाजिक रूपान्तरण गर्न सक्छौं । युवा भनेको कर्मठ व्यक्ति हुन् । उनीहरूको चाहना अनि इच्छा राज्यले पूरा गर्नु पर्ने देखिन्छ । उनीहरूको चाहना अनि इच्छा राज्यले पूरा गर्नुपर्ने देखिन्छ । राज्यको कर्तव्य भनेको नै आफ्नो समाजका बासिन्दाको आवश्यकताहरू पूरा गर्नु हो ।

सत्य कुरालाई प्राथमिकता दिनुपर्ने पत्रकार पनि पैसाको पछि दगुरेको पाइन्छ । जे देखेको छ त्यो सहीरूपमा प्रकाशित गर्नु सम्पादकको दायित्वभित्र पर्दछ । पत्रकारिताको क्षेत्रमा पनि युवाहरू सरिक भएर मात्रै समाजका सत्य तथ्य घटनाहरू बाहिर आउन सक्छन् । हुन त यस्ता युवाहरू पनि नभएका होइनन् । सत्य घटना खुलाएर लेख्दा उनीहरूको आफ्नो ज्यान खतरामा हुन सक्छ खतराबाट बच्न पनि युवाहरूले सत्य घटनाको प्रकाशित नभएको पनि हुन सक्छ । तर एउटा सच्चा पत्रकारले आफ्नो ज्यानको आहुती नै दिनु परेपनि डराउनुहुँदैन । पत्रकारले कुनै तरबारसँग डराउने होइन आफ्नो कलमको बहादुरी देखाउनुपर्दछ । राष्ट्रियता जोगाउन कसैको लोभ, लालच र धम्की देखि डराउनु हुँदैन । पत्रकारहरूले (Bullet can not control the pen) भन्ने भावना लिएर अगि बढ्नुपर्छ ।

भनाइ नै छ 'जति खतरा हुन्छ, त्यति साहस पैदा हुन्छ ।' राष्ट्रसेवक भनेर चिनिएका प्रहरीहरू पनि भष्ट्राचार गर्न खप्पिस छन् । नेता वा कुनै डनको मानिस अपराधी रहेछ भने त्यसको कारबाही अधि बडाउनको साटो त्यतिकै छाड्ने गरेको पनि पाइन्छ । प्रहरी पनि प्राय युवा नै हुने हुँदा पक्षपातको भावना हटाई सेभा भावले काम गर्नु पर्दछ । आजको प्रहरीहरू स्वयम् नै अपराधिक गतिविधिमा संलग्न रहेको पाइन्छ । त्यसैले यस्ता घटनाहरू छाडी समाजसेवामा जुट्न जरूरी देखिन्छ । प्रहरी जस्तो गरिमामय पदमा रहेर आफ्नो कर्तव्य पुरा गर्न सकेको खण्डमा मात्र देशको राजस्व बढ्न सक्छ । आफ्नो कर्तव्य पूरा गर्ने निहुँमा अरूको अधिकार हनन नगर्नु पनि राष्ट्रसेवको दायित्व हो । यसरी समाजमा रहेको परिपाटीको परिवर्तन गर्न पनि युवा सरिक हुनु पर्ने देखिन्छ ।

आजका युवाहरू सामाजिक रूपान्तरणमा लागिपरेको कमै देखिन्छ । प्राय नवयुवाहरू कुलतमा फसेको पाइन्छ । ड्रग्स, रक्सी, जुवाको प्रयोग गरी समाजमा होहल्ला गर्ने पनि यिनै युवा नै हुन् । यस्ता लागूपदार्थको सेवन गर्ने युवाहरू जो कसरी रूपान्तरणको नारा लिएर अधि बढ्न सक्छन् ? लागूपदार्थको सेवनबाट बच्न लागूपदार्थको सेवन, गयो अमूल्य जीवन अर्थात् Taking Drugs Causes end of life जस्ता नाराहरू प्रयोग गर्न जरूरी देखिन्छ । लागूपदार्थको सेवनले आपराधिक प्रवृति बढिरहेका छ । खासगरी युवावर्गले यस कुरामा सचेत रहनु आवश्यक छ । यसको प्रचलनले परिवारमात्र नभएर समाज राष्ट्र

र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत अनेकौं नराम्रा समस्या सिर्जना गरेको छ । यस्तो समाधानको उपाय रच्न सरकारी वा गैरसरकारी निकायबाट पहल गर्नुपर्ने देखिन्छ । यस्तै गरी हरेक आमाबाबुले आफ्ना छोराछोरीलाई यसबाट हुने हानीका बारेमा पनि सचेत गराउनुपर्ने देखिन्छ । यस्तै गरी सरकारको तर्फबाट पनि कडा भन्दा कडा कारबाही गर्न सकेको खण्डमा युवाहरू कुलतमा फस्नबाट टाढा रहने र सामाजिक रूपान्तरणमा लागि पर्ने देखिन्छ । आज नेपालजस्तो देशका प्राय युवाहरू वैदेशिक रोजगारीका लागि जानुपर्ने युवा विदेशिएपछि समाजको रूपान्तरण कसरी हुन सक्छ ? एक त युवाशक्तिलाई बाहिर पठाउनु पटक्कै राम्रो कुरा होइन । दोस्रो कुरा देशभित्र प्रशस्त रोजगारीको कमीले गर्दा युवाहरू विदेशिन बाध्य भएको देखिन्छ । सरकारको गैर जिम्मेबारीपूर्ण नीतिका कारण नेपाली युवाहरूले दुःख पाएका छन् । तसर्थ स्वदेशमै रोजगार सिर्जना गरी समाजको रूपान्तरणमा जुट्नुपर्ने देखिन्छ ।

समाजमा रहेको बिसङ्गति, भेदभावको अन्त्य गर्न पनि युवाको भूमिका रहेको पाइन्छ । अझै पनि हाम्रो समाजमा लैङ्गिक भेदभाव रहेको छ । महिला र पुरूषबीचका भेदभाव अन्त्य गर्न पनि युवाहरूले समाजमा जनचेतना छर्नुपर्छ । जसको लागि Youth Club को स्थापना गर्न जरूरी देखिन्छ । भनाइ नै छ, Imagination is more than knowledge" त्यसैले महिला र पुरूष समान भन्ने भावना लिई अगि बढ्नमा पनि युवा विद्यार्थीको भूमिका ठहरिन्छ । अझै पनि हाम्रो समाज जातीय भेदभावले पिल्सिएको पाइन्छ । सानो जात र ठूलो जातको संज्ञा दिएर अन्तरजातीय विवाह गरेको निहुँमा कतिपय युवायुवतीले ज्यान गुमाउनु परेको छ । यस्तो समस्याबाट पर नभागी हामी युवा विद्यार्थीहरूले समस्यासँग जुध्न सकेमा मात्र समाज रूपान्तरण हुन सक्छ । धर्म निरपेक्षता कायम गरेको पनि ७ वर्ष भै सक्दा पनि कतिपय राजनैतिक दलहरू हिन्दु राष्ट्रको नारा घन्काउँदै अघि बढेका छन् । के इसाइ, इस्लाम, बौद्ध कुनै धर्म होइनन् त ? नेपालीहरूले हिन्दु बाहेक अरू धर्म मान्न नहुने भनि कुन इतिहासमा लेखेको छ ? समाजका मानिसहरू चाहे हिन्दु, इसाई, मुस्लिम र चाहे बुद्ध धर्मावलम्बी नै किन नहून् । उनीहरूको धर्म मान्ने अधिकार छैन, बरू नेपालको अन्तरिम संविधान २०६३ अनुसार अरूको अधिकार हनन गरेमा दण्ड हुने व्यवस्था छ । खै यहाँ हाम्रा माननीय नेताज्यूहरूलाई कारवाही ? समाजका मानिसहरू मिलेर बसेका बेला हिन्दु राष्ट्रको नाम दिएर उथलपुथल गरेको समाजलाई युवा विद्यार्थी मिलेर एकीकरणको नारा मच्चाउनुपर्छ धार्मिक एकीकरण सिर्जना गरि सामाजिक रूपान्तरणमा जुटनुपर्छ । तब मात्र हाम्रो समाज रूपान्तरण हुन सक्छ ।

साँच्चै राज्यले पनि युवा हकहितको लागि अभियान चलाउनुपर्छ । समाजमा पनि युवाहरूको सम्मान, उनीहरूलाई विकास गर्नका लागि सहयोग

अनि प्रोत्साहन दिन सकेमा युवाहरूलाई पनि सहारा र उत्साह पैदा हुन्छ तब मात्र उनीहरू सामाजिक काममा अग्रसर हुन्छन् । नेपालका कतिपय विकट जिल्लामा स्वास्थोपचारको अभावमा कयौं जनताको मृत्यु हुन्छ । ती समस्याबाट बच्नको लागि युवाहरू एकजुट भएर लाग्नुपर्ने देखिन्छ । त्यस्ता जिल्ला जहाँ बर्षेनी हैजा जस्तो महामारी फैलन्छ । जाजरकोट, जुम्ला, हम्ला, मनाङ कालीकोट जस्ता जिल्लामा औषधि उपचारका लागि स्वास्थ्य योजनाहरू पार्ने जिम्मा पनि युवामा नै रहेको हुन्छ । त्यसैले यस्ता आयोजनाहरू सफल पार्नको लागि समाजको उत्तिकै भूमिका रहेको पाइन्छ । यस्ता भूमिकाहरू निभाउनु युवावर्गको दायित्व हो । समाजमा रहेको अन्धविश्वास, कुरीति, विभिन्नता हटाई जनतामा सफल अनि सबल रूपान्तरणको संज्ञा दिनु पनि युवाहरूको भूमिका हो । त्यसैले समाजको आर्थिक मानसिक, धार्मिक, साँस्कृतिक रूपमा रूपान्तरण गरी समुन्नत समाजको विकास गर्नु पनि युवा वर्गको कर्तव्य हुन सक्छ र यी कुराहरू पूरा गरी समाजको रूपान्तरण गर्नु पनि युवावर्गको प्रमुख भूमिका हो । साँच्चै युवा वर्गले समाजमा भएको विभेद, विभिन्नता अनि सामाजिक समस्याहरूको उन्मूलन गरी दिगो र समुन्नत समाजको निर्माण गर्ने कार्यमा सक्रिय भएर लाग्नु पर्ने र युवा आवाजबाट यस्ता कार्यको थालनी गर्नुपर्ने देखिन्छ । समाजलाई परम्परागत र प्राविधिक क्षेत्रमा विकास गर्नु पनि युवावर्गको दायित्व हो ।

साँच्चै नेपालको परिस्थतिमा विभिन्न किसिमका सुधारहरू हुँदै जानुपर्छ । नेपाल एक कृषि प्रधान देश भएकाले कृषिमा पनि रूपान्तरण गर्नु आवश्यक देखिन्छ । परम्परागत कृषि पद्धतिलाई आधुनिक पद्धतिमा रूपान्तरण गर्नु आवश्यक देखिन्छ । नेपालको कृषि पद्धतिमा सुधार नआएसम्म सामाजिक रूपान्तरण सम्भव छैन । मानसिकरूपमा कृषिमा रहेको पद्धति परिवर्तन नभएसम्म सामाजिक रूपान्तरण हुन सक्छन् भन्नु हत्केलाले सूर्यको प्रकाश छोपेर अध्याँरोको अनुभूति गर्नु सरह हो । नेपालको कृषि पद्धति मनसुनमा निर्भर रहेकाले यहाँ वर्षको अभावमा राम्रोसँग खेती हुन सकेको छैन । अविरल वगिरहेको नदीबाट पानी तानेर सिँचाई यहाँ कुनै सपना देख्नु सरह हो । यहाँ दक्षजनशक्तिको अभावमा कुनै पनि कार्य सफल हुन सकेको छैन । यहाँ उचित वातावरण उचित जनशक्ति उचित स्रोत र साधनको अभावमा यहाँको कृषि पद्धत्तिको विकास हुन सकेको छैन । एक मौसममा खेती गर्ने मात्र होइन, यहाँ निरन्तर रूपमा खेती गर्न जरूरी छ । अविरल रूपमा वगिरहेको नदीबाट विद्युत्त उत्पादन गरी देश विकास अनि समाजको रूपान्तरण मा जुट्नु पनि युवा वर्गको दायित्व हो । तराईका जमिनमा इलेक्ट्रिक मोटरबाट पानी तानी सिचाई गरी समाज रूपान्तरणमा सहयोग पुऱ्याउनु पनि युवा वर्गको भूमिका हो ।

त्यसपछि नेपालको कृषिलाई सुधार गरी मानसिक रूपमा किसानहरूको

पद्धति वारे जानकारी दिन्छौं । किसानहरूको समस्यालाई सम्वन्धित निकायमा पुऱ्याउनु र समाधानको लागि पहल गर्नु पनि जरूरी देखिन्छ । युवाहरूले एउटा कुराको थालनी गर्न सक्नुपर्दछ । नेपाली युवाहरूले एउटा अवधारणा ख्यालगर्नु पर्छ कि, 'मानु रोपे मुरी आफ्नै खोरियामा फल्छ' भन्ने कुरा पनि ध्यान दिनुपर्छ ।

नेपालको शैक्षिक पद्धति पनि परिवर्तन गर्न जरूरी छ । नेपालमा शैक्षिक पद्धतिको परिवर्तन भएमा मात्र सामाजिक रूपान्तरणको हुनसक्छ । आज नेपालमा व्यावहारिक शिक्षाको पद्धत्ति नभएर सैद्धान्तिक ज्ञानको अवधारणा अपनाइएको छ जसको फलस्वरूप अघिल्लो कक्षामा पढेको कुरा पछिल्लो कक्षामा नआउने भएको छ । नेपालको शैक्षिक पद्धतिलाई घोकन्ते विद्या सुगा रटाइ भन्दा पनि फरक नपर्ला । आज नेपालमा माटोको सुन्तला बनाएर अध्यापन गराउने गरिन्छ, त्यसको सट्टा सुन्तलाको विऊ दिई फलाएर अध्यापन गराउने गरिन्छ । त्यसको सट्टा सुन्तलमको विऊ दिई फलाएर अध्यापन गराइने गरे पो राम्रो ज्ञान प्राप्त हुन्छ । यसबाट कृषिमा युवाहरूको ध्यानाकर्षण समेत हुन सक्छ । प्रतियोगात्मक परीक्षा भनी कागजको रकेट बनाउन लगाइन्छ । डुङ्गा बनाइन्छ तर हाम्रा छिमेकी मुलुक चीन, जापानमा स-साना वच्चाले घडी, रकेट बनाइदिन्छन् । जसलाई हामी नेपालहरू पैसा खर्च गरेर किन्छौं । त्यो प्रयोग गर्नु गौरव ठान्छौं । के नेपालीहरूमा विभिन्न वस्तुको प्रयोग वा निर्माण गर्न सक्ने छामता छैन त ? राज्यबाट यसमा पनि दृष्टि दिनु आवश्यक छ । आजका युवाहरूमा तोप बमको निर्माण गर्ने क्षमता छ । नेपाली युवा विद्यार्थी बेवारिसे रूपमा हिंडिरहेको पाइन्छन् । उनीहरू रोजगार विहीन छन् । स्वदेशमा रोजगार को व्यवस्था नभएसम्म युवाहरूको सामाजिकीकरणमा रूपान्तरण रहेन भन्नु सामाजिक अपराध ठहरिन्छ ।

२०६४/१२/२८ मा संविधान सभाको पहिलो चुनाव भयो । चुनावपछि विभिन्न दलको सरकार परिवर्तन भयो । जुन दलको सरकार परिवर्तन भएपनि युवाहरूको माग पूरा भएन । २०७०/०८/०४ मा दास्रो चुनाव भयो । संविधान बन्न सकेको छैन । २०७१/१०/०८ मा संविधान वन्छ भनेको पनि त्यसै गयो ।

हामी युवा विद्यार्थीहरूले सामाजिक रूपान्तरणमा सक्दो पहल गर्नुपर्छ । शान्तिको बिगुल फुक्ने भनी बम पड्काउने पद्धतिको अन्त्य गर्नुपर्छ । मानसिक रूपान्तरण गरी अग्रगामी संविधानको निर्माणमा सक्दो पहल गर्नुपर्छ । जनतामा पर्न गएको असरहरूको निराकरण अनि सभ्य समाजको निर्माण गर्नु पर्दछ । त्यसैले सामाजिक रूपान्तरणामा पर्न गएको असर, समस्याको समाधान गर्न जनदवाव सिर्जना गरी अग्रगामी संविधानको निर्माणमा जुट्नु आजका समस्त विद्यार्थीहरूको प्रमुख भूमिका हो ।

धन्यवाद !



सुनील अर्याल



रूद्रनाथ पोखरेल



डा. प्रभा कैनी



ईश्वरचन्द्र देवकोटा



दिलिप देवकोटा



दर्शकदीर्घामा सहभागीहरू



निबन्ध प्रतियोगिताको पुरस्कार ग्रहण गर्दै



निबन्ध प्रतियोगिताको पुरस्कार ग्रहण गर्दै



कार्यक्रममा सहभागीहरूको सामूहिक तस्विर

मनाङ

चीन

सामागाउँ

प्रोक

लो

बिही

धुम्बेन

डिब्लुङ

सिर्दिबास

खरीबोट

घ्याच्चोक

लाप्राक

ढाहिपा

केरौंजा

गुम्बा

बारपाक

लापु

काशीगाउँ

लम्जुङ

हसपुर

सिम्जुङ

केराबारी

मुच्योक

सौरपानी

मान्बु

जौबारी

स्वारा

धुमि

थालाजुङ

ना.मा.ला.बोट

आरुआरघोडे

हमि

श्रीनाथकोट

पाँचखुवा

लिमलिग

आर्पापपल

ताकुकोट

देउराली

आरुघाटे

सालुम्टार

छोप्राक

गाँडु

पन्द्रुङ

आरुपोखरी

मसेल

खोप्साङ

धादिङ

नारेश्वर

ताप्ले

ढुगधा

तान्द्राङ

गाइखुर

किनाम

धावा

मिरकोट

अश्राङ

च्याङ्मी

पृथ्वी नारायण न.पा.

बोरलाङ

धुवाकोट

बकोट

देउराली

बकाङ

हरि सांस्कृतिक केन्द्र भवन

नाम्जुङ

तनहुँ

धरबुङ

फुजेल

नलखमना

ताल्जुङ

गाइनीचोक

मर्दीमिङ

धरबुङ

भोम्सचोक

चितवन

एयालचोक